

# साना किसान विकास बैंक लि.

# Sana Kisan Bikas Bank Ltd.

१०औं वार्षिक प्रतिवेदन
२०६७/६८



मिति २०६८ साल मंसिर २३ गते माननीय अर्थ मन्त्री बर्षमान पुनले जिल्ला कृषि सहकारी संघ लि. नवलपरासीद्वारा स्थापित कृषि खाद्य उद्योगको उद्घाटन गरेर  गरीब ग्रामीण साना किसानहरूको हौसलामा नयाँ उर्जा थप गरि दिनु भएको छ ।

नवलपरासीमा १० वटा स्थापित साना किसान सहकारी संस्थाहरू छन् । २ वटा भर्खरै प्रवर्धित नयाँ साना किसान सहकारी संस्था र २ वटा प्रवर्धनका क्रममा रहेका साना किसानहरू गरी करिव ११ हजार साना किसानहरू यी संस्थामा आवद्ध भएका छन् । जिल्ला भरिका साना किसान सहकारी संस्थाहरू मिलेर जिल्ला स्तरमा कृषि सहकारी संघ निर्माण गरेका छन् । यही साना किसानहरूको साझा प्रयासबाट नवलपपरासी जिल्लामा १ करोड २१ लाख रूपैंया भन्दा बढीको स्थिर पुँजी लगानीमा कृषि खाद्य उद्योग स्थापना भएको छ । प्रति घण्टा ५ टन धान प्रशोधन गर्ने क्षमता भएको यस उद्योगको विकास एवं भावी कार्यक्रम सञ्चालनका लागि रू. ७ करोड सञ्चालन पुँजी आवश्यक पर्ने बताईएको छ ।









# साना किसान विकास बैंक लि.

## बर्तमान सञ्चालक समिति



**श्री चाँदनी ढकाल**
सञ्चालक सदस्य
प्रतिनिधि
साना किसान सहकारी संस्था लि.

**श्री सुदर्शन प्रसाद पोखरेल**
सञ्चालक सदस्य
प्रतिनिधि
नेपाल बैंक लिमिटेड

**श्री धर्मराज आत्रेय**
सञ्चालक सदस्य
प्रतिनिधि
साना किसान सहकारी संस्था लि.

**श्री खेम बहादुर पाठक**
अध्यक्ष
प्रतिनिधि
साना किसान सहकारी संस्था लि.

**श्री सागरचन्द्र जोशी**
सञ्चालक सदस्य
प्रतिनिधि
कृषि विकास बैंक लिमिटेड

**डा. शिवराम प्रसाद कोइराला**
सञ्चालक सदस्य
प्रतिनिधि
कृषि विकास बैंक लिमिटेड



# श्री खेम बहादुर पाठक

**अध्यक्ष**

**शिक्षा :-** स्नातक तह

**अनुभव : -** सन् १९८६ देखि २००२ सम्म चैनपुर गाविस (धादिङ्ग) को अध्यक्ष, सन् १९९० देखि १९९८ सम्म साना किसान सहकारी संस्था लि. चैनपुर (धादिङ्ग) को अध्यक्ष, सन् १९९७ देखि गाविस महासंघ (धादिङ्ग) को अध्यक्ष एवं गाविस राष्ट्रिय महासंघ नेपालको परिषद सदस्य, सन् १९९९ देखि २०११ सम्म साना किसानसहकारी संघ लि.धादिङ्गको अध्यक्ष, सन् २००१ देखि २०११ सम्म जिल्ला सहकारी संघ धादिङ्गको उपाध्यक्ष, सन् २००८ देखि हालसम्म नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को अध्यक्ष, सन् २००३ देखि २००८ सम्म साना किसान विकास बैंक लि.को सञ्चालक सदस्य एवं सन् २००९ देखि हालसम्म अध्यक्ष

**बैदेशिक तालिम/गोष्ठी/भ्रमणमा सहभागिता :-**

भारत, श्रीलंका, बंगलादेश, मलेशिया, थाईलैण्ड, स्पेन, फ्रान्स आदि



# श्री जलन कुमार शर्मा

## प्रमुख कार्यकारी अधिकृत

**शिक्षा** :- व्यवस्थापनमा स्नातकोत्तर, त्रि.वि. नेपाल, सन् १९७८ ; एम.एससी., भिक्टोरिया युनिभर्सिटी अफ म्यान्चेष्टर (बेलायत) सन् १९९८ ; बी.एल., त्रि.वि. नेपाल सन् १९७३

**अनुभव** : –सन् १९७७मा कृषि विकास बैंकको अधिकृत पदबाट सेवा आरम्भ, सन् १९९८ देखि सो बैंकको उपमहाप्रबन्धक र सन् २००२ देखि २००३ सम्म का.मु. महाप्रबन्धक; सन् २००३ देखि २००५ सम्म साना किसान विकास बैंक लि.को महाप्रबन्धक; सन् २००५ देखि २००८ सम्म बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको रजिष्ट्रार; सन् २००९ देखि हालसम्म साना किसान विकास बैंक लि. को प्रमुख कार्यकारी अधिकृत

**बैदेशिक तालिम/गोष्ठी/भ्रमणमा सहभागिता** :-
भारत, श्रीलंका, पाकिस्तान, थाईलैण्ड, भियतनाम, फिलिपिन्स, ईण्डोनेसिया, इरान, जर्मनी, अमेरिका, स्पेन, फ्रान्स आदि




साना किसान विकास बैंक लि., केन्द्रीय कार्यालय परिवार

# बैंकको दुर दृष्टि (Vision)

ग्रामीण गरीबको जीवनस्तरमा अपेक्षित सुधार ल्याउन स्थापित साना किसान सहकारी संस्था तथा अन्य समान प्रकृतिका लघुवित्त संस्थाहरुको बहुमत स्वामित्वमा सञ्चालन हुने लघुवित्त क्षेत्रको एक अग्रणी र वित्तीय सक्षमतायुक्त थोक कर्जा प्रदायक बैंकको रुपमा स्थापित हुने ।



# बैंकको ध्येय/पहिचान (Identity/Mission)

साना किसान सहकारी संस्था तथा समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरुलाई थोक कर्जा लगानी गर्ने तथा त्यस्ता संस्थाको क्षमता विकास र सुदृढीकरणका लागि अन्य संघ संस्थाहरुसँग वकालत र साझेदारी गर्ने ।

# मुल मान्यता (Core Values)

- ✓ व्यावसायिक भावनाबाट परिलक्षित एवं वित्तीय सक्षमता कायम गर्ने,
- ✓ राजनीतिक तवरमा तटस्थ रहने,
- ✓ ग्रामीण गरीबको सेवामा प्रतिवद्ध रहने,
- ✓ ग्राहकमुखि गुणस्तरीय सेवादिने,
- ✓ नीति तथा कारोवारमा पारदर्शिता कायम गर्ने ।



श्री झलेन्द्र भट्टराई
कम्पनी सचिव / का.मु. वरिष्ठ प्रबन्धक

# सञ्चालक समितिको प्रतिवेदन

**आर्थिक वर्ष २०६७/६८**



**आदरणीय शेयरधनी महानुभावहरू,**

साना किसान विकास बैंक लि. को दशौं वार्षिक साधारण सभामा प्रतिनिधित्व गरी पाल्नु भएका शेयरधनी महानुभावहरू सञ्चालक समितिका सदस्यहरू तथा यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरूलाई यस बैंकको तर्फबाट हार्दिक स्वागत छ । यस अवसरमा साना किसान विकास बैंक लि.को २०६८ साल आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त भएको आर्थिक बर्ष २०६७/६८ को नाफा-नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरणहरु सहितको वार्षिक प्रतिवेदन सभाको स्वीकृतिको लागि पेश गर्न समेत अनुमति चाहन्छु ।

ग्रामीण विपन्न तथा साना किसानहरुको आर्थिक र सामाजिक रुपान्तरणको लागि वित्तीय एवं प्राविधिक सहयोग मार्फत स्थानीय रुपमा संस्थागत विकासलाई जोड दिई थोक कर्जा दिने उद्देश्यले वि.सं. २०५८ साल आषाढ २२ गते स्थापित यस बैंकले वित्तीय कारोबार प्रारम्भ गरेको १० वर्षको अवधिमा लघुवित्त बजारमा आफ्नो अग्रणी भुमिका कायम गर्न सफल भएको कुरा सम्पूर्ण महानुभावहरूको यस गरिमामय सभामा जानकारी गराउन पाउँदा अत्यन्तै खुसी लागेको छ ।

मासुजन्य उत्पादन अभिवृद्धि गर्ने अभियानमा विगत वर्ष देखि नै बैंकले नेपाल सरकारसँग सहकार्य गर्दै आएकोमा यस आर्थिक वर्षमा समेत निरन्तरता पाएको छ । आ.व.२०६७/६८ देखि युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग समेत सहकार्य शुरु भएको छ भने एशियाली विकास बैंकसँग ग्रामीण क्षेत्र सुधार कार्यक्रम (दोश्रो) मा अनुबन्धित भई कार्यक्रम आरम्भ भईसकेको छ । यसरी यस बैंकले ग्रामीण क्षेत्रमा लघुवित्त सेवा विस्तार, स्थानीय लघुवित्त संस्था स्थापना र तिनीहरुको सविलीकरणमा राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रयासहरुको समन्वय सम्भव तुल्याउनुलाई हामीले एक महत्वपूर्ण उपलब्धिको रुपमा लिएका छौं ।

आर्थिक वर्ष २०६७/०६८ मा बैंकले गरेको प्रगति र उपलब्धि, बैंक सञ्चालनमा देखिएका चुनौतिहरु, समग्र बैंकिङ्ग कारोवारको समीक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधीनमा रही तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फबाट बैंकको दशौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएको छ ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट व्यवसायमा परेको प्रभाव

शेयरधनी महानुभावहरू,

यस बैंकको ग्राहक सहकारी संस्थाहरुकोसंख्या वृद्धि हुँदै

### २०६८ असार मसान्त सम्मको विवरण

( रु. हजारमा )

| विवरण | २०६६/६७ | २०६७/६८ | बृद्धि/ह्रास % |
|---|---|---|---|
| कर्जा प्रवाह | ९५,५७,७९ | १,८७,०९,२८ | ९५.७४ |
| कर्जा असुली | ५९,२३,८४ | १,१०,९५,४४ | ८७.३० |
| लगानीमा रहिरहेको रकम | १,११,६०,९६ | १,८७,७४,७७ | ६८.२१ |
| व्याज आम्दानी | १२,१५,५५ | १८,५०,५४ | ५२.२४ |
| सञ्चालन आम्दानी | ६,२१,५६ | ८,१८,२९ | ३१.६५ |
| कर्मचारी खर्च | १,३७,३५ | १,३१,६९ | -४.१३ |
| प्रशासनिक खर्च | ७०,३२ | ९७,१५ | ३८.१५ |
| व्याज खर्च | ६,१३,७६ | १०,४५,७८ | ७०.३९ |
| बोनस र कर अघिको मुनाफा | ३,०१,३४ | ४,६२,५१ | ५३.४८ |
| खुद नाफा | १,९०,४० | २,९०,७० | ५२.६८ |

गएको र व्यावसायिक आकार पनि वृद्धि भएकोले कर्जाको मागलाई संस्थाहरुको आन्तरिक श्रोतबाट पूर्ति हुन नसक्दा यस बैंकसँग मागको अत्याधिक चाप बढेको छ । माग र आपूर्तिबीचमा असन्तुलन उत्पन्न भई स्रोत व्यवस्थापनमा परेको दबावको कारण विगतमा यस बैंकका केही ग्राहक संस्थाहरुले बैकल्पिक स्रोतको रुपमा अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गर्न थालेको अवस्था यहाँ उल्लेख गर्न सान्दर्भिक ठानिएको छ । पुँजीको अपर्याप्तता, कर्जाको सुरक्षण, कर्जाको लागतमा वृद्धि आदिको कारण लघुवित्त बजारमा उत्पन्न हुने असरहरुबाट यो बैंक समेत अछुतो रहन सक्दैन । यसैको प्रभाव स्वरुप बैंकलाई समय समयमा व्याजदर मिलान गर्न आवश्यकपरेको छ ।

दोश्रो मुलुकमा आ.व. २०६७/०६८ मा न्यून आर्थिक वृद्धिदर, उच्च व्यापार घाटा, दुई अंकको मूल्य वृद्धि, बैंकिङ क्षेत्रमा तरलताको कमी आदि कारणले विपन्न क्षेत्र कर्जाको व्याजदरमा उल्लेख्य वृद्धि भएको छ । बैंक तथा वित्तीय संस्थाबाट प्राप्त हुने कर्जा नै यस बैंकको प्रमुख वित्तीय श्रोत हो तापनि बैंकले कम लागतको कर्जाको खोजी गर्ने क्रममा आ.व. २०६७/०६८ मा नेपाल सरकारबाट मासुजन्य पशुपालन कर्जा रकम रु. एक अर्व र युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत कर्जा रकम रु.९ करोड प्राप्त गरी समुचित परिचालनको व्यवस्था गरेको जानकारी गराउन चाहन्छु ।

## सेवा विस्तार

बैंकले एउटा केन्द्रीय कार्यालय र आठ वटा कार्यालयहरु मार्फत १७ पहाडी र २३ तराई गरी ४० जिल्लामा सेवा विस्तार गरेको छ । आ.व. २०६७/६८ मा १३ वटा नयाँ साना किसान सहकारी संस्थाहरु अनुसरण कार्यक्रमबाट प्रवर्द्धित भई बैंकको कारोवारमा आवद्ध भए पछि र थप ४ वटा अन्य लघुवित्त संस्थाहरुले समेत बैंकसँग सहकार्य शुरु गरे पश्चात २०६८ आषाढ मसान्त सम्ममा बैंकसँग आवद्ध संस्था संख्या २५१ पुगेको छ । यी संस्था मार्फत करिब एक लाख ९० हजार साना किसान तथा विपन्न परिवार लाभान्वित भएकाछन् ।

अनुसरित संस्थाहरु मध्ये नेपाल सरकारको विगत देखिको वित्तीय सहयोगमा ५२ वटा साना किसान सहकारी संस्था प्रवर्धन गरिएकामा १५ वटा साना किसान सहकारी संस्थाहरु समुदायमा हस्तान्तरण भै कुशलतापूर्वक सञ्चालनमा रहेका छन् भने बाँकी आगामी बर्ष भित्रमा हस्तान्तरण भई सक्नेछन्। त्यसैगरी CGAP-IFAD बाट प्राप्त पुरस्कार राशीलाई अनुसरण कोषको रुपमा स्थापना गरी सो कोषबाट ७ वटा साना किसान सहकारी संस्थाका छिमेकी गा.वि.स.हरूमा अनुसरण कार्यक्रम सञ्चालन गरिएकोमा सबै साना किसान सहकारी संस्थाको व्यवस्थापन हस्तान्तरण भैसकेको छ ।

## आ.व.२०६७/६८ को कारोबार तथा वित्तीय अवस्था

गत आ.व.को तुलनामा आ.व. २०६७/६८ मा बैंकले कर्जा लगानीमा ९६ प्रतिशतले वृद्धि गरी बार्षिक कर्जा लगानी रु. एक अर्व ८७ करोड नौं लाख अट्ठाईस हजार पुर्‍याएको छ भने रु. एक अर्व १० करोड ९५ लाख ४४ हजार साँवा असुली गरी असुलीमा समेत गत वर्षको भन्दा ८७ प्रतिशतले वृद्धि गर्न सफल भएको छ। आ.व. २०६६/६७ को अन्तमा बैंकको लगानीमा रहिरहेको कर्जा रु. एक अर्व ११ करोड ६० लाख ९६ हजार रहेकोमा २०६८ आषाढ मसान्तमा ६८ प्रतिशतले वृद्धि भई रु. एक अर्व ८७ करोड ७४ लाख ७७ हजार पुगेको छ। गत आ.व.को तुलनामा व्याज आम्दानीमा ५२ प्रतिशतले र व्याज खर्च ७० प्रतिशतले वृद्धि हुँदाहुँदै पनि सञ्चालन आम्दानी ३२ प्रतिशतले वृद्धि भई रु. आठ करोड १८ लाख २९ हजार पुगेको छ। यसै गरी कर्मचारी खर्चमा ४ प्रतिशतले कमी आएको छ भने प्रशासनिक खर्चमा ३८ प्रतिशतले वृद्धि भएको छ । कुल मुनाफा आ.व. २०६६/६७ मा रु. तीन करोड एक लाख ३४ हजार रहेकोमा आ.व. २०६७/६८ मा रकम रु. चार करोड ६२ लाख ५१ हजार पुगी ५३ प्रतिशतले वृद्धि भएको छ । यसै गरी कर पछिको खुद मुनाफा समेत ५३ प्रतिशतले वृद्धि भई रु.२ करोड ९० लाख ७० हजार पुगे को कुरा यहाँ जानकारी गराउन चाहन्छु ।

## नाफा/नोक्सान बाँडफाँड

शेयरधनी महानुभावहरू,

यस बैंकले कर्मचारी बोनस तथा आयकर व्यवस्था गरे पश्चात् आर्थिक वर्ष २०६७/६८ मा रु.२,९०,६९,९७६।११ (अक्षरेपी रु. दुई करोड नब्बे लाख उनन्सत्तरी हजार नौ सय छयहत्तर र पैसा एघार मात्र) खुद मुनाफा आर्जन गरेको छ। बैंकको सञ्चालक समितिले यस वर्षको खुद मुनाफा मध्ये बाट वैधानिक व्यवस्था अनुरुप साधारण जगेडा कोष रु. ५८ लाख १३ हजार नौ सय ९५ र पैसा २२ मात्र, पुनरस्थापना कोष रु. आठ लाख ७२ हजार ९९ र पैसा २८ मात्र, संस्थागत सुदृढिकरण कोष रु. २९ लाख छ हजार नौसय ९७ र पैसा ६१ मात्र, कर्मचारी कल्याणकारी कोष रु. १४ लाख ५३ हजार ४ सय ९८ र पैसा ८१ मात्र, लगानी समायोजन कोष रु. १० हजार मात्र र स्थगन कर समायोजन रु. दुई हजार नौ सय ५१ र पैसा ९६ मात्र छुट्याई बाँकी रहेको रु. एक करोड ८० लाख १० हजार चार सय ३३ र पैसा २३ मात्र सञ्चित मुनाफामा सारेको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ४६ बमोजिम सर्व साधारणमा शेयर निष्कासन नभए सम्म लाभांश बितरणमा बन्देज रहेको हुँदा आ.व. २०६७/६८ मा शेयर धनी महानुभावहरुलाई लाभांश बितरण गर्न नसकिएको व्यहोरा अनुरोध गर्न चाहन्छौं ।



## २०६७ र २०६८ मंसिर सम्मको कर्जाको तुलनात्मक विवरण

( रु. हजारमा )

| विवरण | २०६७/६८मंसिर | २०६८/६९ मंसिर | बृद्धि/ह्रास % |
|---|---|---|---|
| लगानी | ४३,६६,९० | ८७,३५,५५ | १०० |
| साँवा असुली | २८,९०,४९ | ५४,१६,३५ | ८७ |
| व्याज असुली | ५,०९,८८ | ९,२९,७८ | ८२ |
| लगानीमा रहेको रकम | १,२६,३७,३४ | २,२०,९३,९६ | ७५ |

### प्रतिवेदनको मितिसम्म चालु वर्षको उपलब्धी

शेयरधनी महानुभावहरू,

- ✓ सर्वसाधारणमा शेयर निश्कासन गर्न यस लघुवित्त विकास बैंकको प्रबन्धपत्र र नियमावलीमा समेत केही संसोधन गर्नुपर्ने भएको हुँदा बैंकको मिति २०६७०९।३० को नवौं साधारण सभाबाट तत्सम्बन्धी संसोधन प्रस्ताव पास गरी अभिलेखका लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाईएकोमा मिति २०६८/०३/३१ मा मात्र सो अभिलेख भई आएको व्यहोरा जानकारी गराउन चाहन्छु।
- ✓ सर्वसाधारणमा शेयर निश्कासन पूर्व प्रबन्धपत्रमा व्यवस्था भए बमोजिम प्रवर्धक शेयर धनीहरुबाट चुक्ता शेयर पुँजी १४ करोड (७०%) भुक्तान भई सक्नुपर्नेमा हालसम्म चुक्ता शेयर पुँजी रु.१२ करोड ८७ लाख ८७ हजार ६ सय मात्र अभिलेखमा रहेको छ। प्रवर्धक शेयर धनीहरु क्रमशः नेपाल बैंक लि. र नबिल बैंक लि. बाट भुक्तानी हुन बाँकी शेयर रकम रु.१ करोड १२ लाख १२ हजार ४ सय मध्ये मिति २०६८/०६/२९ मा नबिल बैंक लि. को तर्फबाट भुक्तानी हुन बाँकी मध्ये पुरै रकम रु. ४०,७०,८००।- र मिति २०६८/०४/२३ मा नेपाल बैंक लि.का तर्फबाट भुक्तानी हुन बाँकी रु. ७१,४१,६००/- मध्ये रु. ३०,००,०००।- मात्र रकम जम्मा हुन आएको छ । प्रवर्धक शेयरधनी नेपाल बैंक लि.बाट बाँकी रकम भुक्तान गरिदिन मिति २०६८/०८/१४ मा पुनः अनुरोध गरिसकिएको छ । नेपाल बैंक लि.बाट शेयर रकम चुक्ता भुक्तान हुनासाथ यस लघुवित्त विकास बैंकले सार्वजनिक शेयर निष्कासनको प्रकृया शुरु गर्ने व्यहोरा जानकारी गराउन चाहन्छु।
- ✓ यस बैंकको व्यवस्थापन सुचना प्रणाली समय सापेक्ष र आधुनिकीकरण गर्न एशियाली विकास बैंकबाट प्राप्त अनुदान सहयोगबाट कम्प्युटर हार्डवेयर खरिद गरि जडान गरिसकिएको छ भने बैंकलाई आवश्यक सफ्टवेयर निमार्ण भई परीक्षण भईरहेको र चालु आ.व.मा थप हार्डवेयर खरीद गर्ने योजना रहेको छ ।
- ✓ पहाडी जिल्लाहरुमा बैंकको सेवा अझ विस्तार गर्नका लागि एशियाली विकास बैंकको सहयोगमा कार्यक्रम सञ्चालन भईरहेको छ ।
- ✓ एशियाली विकास बैंकको वित्तीय सहयोगमा कमजोर ३४ वटा साना किसान सहकारी संस्थाहरुको पुनरसंरचना र आवश्यक तालिम प्रदान गर्न केन्द्रमा तालिम संयोजक एक र सह-संयोजक एक तथा १४ फिल्ड प्रशिक्षकहरु प्रतिस्पर्धात्मक रुपमा छनौट गरी कार्य क्षेत्रमा खटाई उक्त सहकारी संस्थाहरु मध्ये २५ वटा साना किसान सहकारी संस्थाहरुको आर्थिक तथा गैर आर्थिक सूचकांकमा सुधार भै सकेको छ।
- ✓ आ.व. २०६८/६९ को मंसिर महिनासम्मका पाँच महिनामा बैंकले कुल रु. ८७ करोड ३५ लाख ५५ हजार कर्जा लगानी गरेको छ भने रु. ५४ करोड १६ लाख ३५ हजार साँवा तथा रु. नौ करोड २९ लाख ७८ हजार व्याज असुली गरिसकेको छ। यस अवधिसम्ममा लगानीमा रहि रहेको रकम रु. दुई अर्ब २० करोड ९३ लाख ९६ हजार पुगेको छ।

### संस्थागत सुशासन

बैंकमा संस्थागत सुशासन (Corporate Governance) को स्तरलाई अत्यन्त उच्च कायम राख्ने कुरामा हामी प्रतिबद्ध छौं । सञ्चालक समितिका कामकारबाहीहरू तथा बैंकका अन्य सबै क्रियाकलापहरूलाई पारदर्शीरूपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न बैंक सदा क्रियाशील रहेको छ । नेपाल राष्ट्र बैंक एव अन्य सम्बन्धित निकायहरूबाट समय-समयमा जारी भएका नीति एवं निर्देशनलाई बैंकले पूर्ण रूपमा लागु गर्दै आएको छ र आगामी दिनहरूमा पनि अझ गम्भिरताका साथ लागु गरिने छ । बैंक तथा वित्तीय संस्था र लघुवित्त संस्थाका असल अभ्यासहरुको अनुसरण गरी बैंकको व्यावसायिक क्षमता र छवि उच्च राख्न सम्भाव्य उपायहरु अबलम्बन गर्न हामी कटिबद्ध रहेका छौं।

### आन्तरिक नियन्त्रण प्रणाली

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३, तथा प्रचलित कानूनहरु र नेपाल राष्ट्र बैंकले विभिन्न समयमा जारी गर्ने निर्देशन एवं परिपत्रहरुको अधिनमा रही बैंकले आफ्ना व्यावसायिक कारोवारहरु सञ्चालन गर्दछ । साधारण सभाको निर्देशन एवं सञ्चालक समितिका निर्णयहरुबाट बैंकका क्रियाकलापहरु निर्देशित हुने गर्दछन् । बैंकको प्रबन्ध पत्र, नियमावली, लेखा दिग्दर्शन २०५९, कर्जा नीति २०६२, लघुवित्त संस्थाहरुमा थोक कर्जा कार्यान्वयन कार्यविधि २०६६, पशुपालन कर्जा कार्यक्रम

तथा कारोबार सञ्चालन कार्यपद्धति २०६७, स्वरोजगार कर्जा कारोवार सञ्चालन कार्यविधि २०६८, कर्मचारी सेवा विनियमावली २०६२, आर्थिक प्रशासन विनियमावली २०६२, इन्वार्ड विप्रेषण नीति तथा कार्यविधि २०६३, कर्जा अपलेखन विनियमावली २०६२, लिलामी सम्बन्धी कार्यविधि २०६८, कर्मचारी कल्याणकारी कोष तथा बिमा कार्यान्वयन कार्यविधि २०६८, साना किसान सहकारी अनुसरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०६७ तथा यस्तै अन्य नीति तथा कार्यविधिका अधिनमा रही बैंकका कार्यहरु सञ्चालन हुने गर्दछन् । बैंकका गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एक लेखा परीक्षण समिति रहेको छ । त्यस्तै बैंक भित्र एउटा आन्तरिक लेखा परीक्षण तथा निरीक्षण एकाई रहेको छ । यस एकाईले लेखापरीक्षण समितिको निर्देशनमा रहि आ.ले.प. तथा निरीक्षण कार्यक्रमलाई सञ्चालन गर्दछ ।

आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त राख्न यस बैंकले तोकिएको मापदण्ड अनुसार लेखा राख्ने, नेपाल राष्ट्र बैंकको निर्देशनको पालना गर्ने/गराउने तथा वित्तीय कारोवारलाई नियमित एवं व्यवस्थित गर्ने प्रयास गरेको छ ।

### बैंकको औद्योगिक तथा व्यावसायिक सम्बन्ध

वित्तीय क्षेत्रमा कार्यरत सम्पूर्ण बैंक एवं वित्तीय संस्थाहरु तथा लघुवित्त सेवाको प्रवर्धनमा सहयोग पुऱ्याउने संघ संस्थाहरुसँग समेत यस बैंकको सुमधुर सम्बन्ध रहेको छ । बैंक भारत स्थित Centre for International Co-operation and Training in Agricultural Banking (CICTAB) को सदस्य समेत रहेको हुँदा उक्त संस्थासँगको साझेदारीमा बैंक तथा आवद्ध संस्थाका कर्मचारीको क्षमता विकासका कार्यक्रमहरुमा हुने सहभागितालाई निरन्तरता दिईने छ । यस बैंकको समेत शेयर लगानी रहेको सेन्टर फर माईक्रो फाईनान्सबाट समेत बैंकले समय समयमा तालिम, गोष्ठि र सम्मेलनहरुमा सहभागी हुने मौका पाउने गरेको छ । साना किसानहरुद्वारा प्रवर्धित नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. ले साना किसान विकास अभियानमा यस बैंकका बिभिन्न क्रियाकलापहरुमा साझेदारी र सहकार्य गरेको छ । उक्त संघको मुलुक भरी रहेको सञ्जाल मार्फत साना किसान सहकारी संस्थाहरुको क्षमता विकासका कार्यक्रम र अनुगमन निरीक्षणमा सहजता प्राप्त हुने विश्वास लिएका छौं । वाणिज्य बैंकहरु, विकास बैंकहरु र वित्त कम्पनीहरुसँग विपन्न क्षेत्र कर्जामा प्रभावकारी सहकार्य भई रहेकोमा यसलाई निरन्तरता दिईने छ । कृषि विकास बैंकसँगको साझेदारीमा अझ बढी कार्यक्रम सञ्चालन गर्ने लक्ष राखिएको छ ।

नेपाल सरकार, एशियाली विकास बैंक, GIZ, IFAD आदी जस्ता निकायहरुसँग वित्तीय, प्राविधिक तथा अन्य सेवा प्राप्त गर्ने सम्बन्धमा बैंक सदैव क्रियाशिल रहेको छ ।

### सञ्चालक समितिको बनावट तथा यसमा भएको हेरफेर

यस बैंकमा कृषि विकास बैंक लि. को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुहुने सञ्चालक सदस्य श्री प्रेम बहादुर श्रेष्ठले उक्त बैंकबाट स्वैच्छिक अवकास लिनु भएपछि रिक्त रहेको सञ्चालक पदमा उक्त बैंकद्वारा खटाइएका डा. शिवराम प्रसाद कोइराला मिति २०६७/९/२८ देखि यस बैंकको सञ्चालक पदमा नियुक्त हुनुभएको छ । त्यसै गरी साना किसान सहकारी संस्था लि. हरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक सदस्यहरु क्रमशः श्री खेम बहादुर पाठक, श्री शुखदेव न्यौपाने र श्री चाँदनी ढकालको पदावधि २०६७/९/३० मा समाप्त भएको एवं उक्त मितिमा नै सम्पन्न बैंकको नवौ वार्षिक साधारण सभामा साना किसान कृषि सहकारी संस्थाहरुको तर्फबाट क्रमशः श्री खेम बहादुर पाठक, श्री चाँदनी ढकाल र श्री धर्मराज आत्रेय यस बैंकको सञ्चालक समितिमा निर्वाचित हुनुभएको छ ।

सञ्चालक समितिको मिति २०६७1013 को निर्णयबाट सञ्चालक सदस्य श्री खेम बहादुर पाठक बैंक सञ्चालक समितिको अध्यक्षमा मनोनयन हुनभएको छ ।

नेपाल सरकारले यस बैंकमा रहेको सम्पूर्ण शेयर बिक्री (Off Load) गरे प्रश्चात बैंकको नवौं वार्षिक साधारण सभाबाट प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन मिति २०६८/३/३१ मा कम्पनी रजिष्ट्रार कार्यालयबाट अभिलेख भई आए पश्चात उक्त संशोधित प्रबन्धपत्र र नियमावली अनुसार नेपाल सरकारको तर्फबाट यस बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व नरहने भएकोले सञ्चालक श्री केदार प्रसाद पनेरुको मिति २०६८/५/२९ बाट सञ्चालक पद स्वतः समाप्त भएको छ ।

संशोधित व्यवस्था अनुसार सञ्चालक समितिमा कृषि विकास बैंक बाट १, साना किसान सहकारी संस्थाहरुबाट ३ र नेपाल बैंक लि. एवं नबिल बैंक लि. बाट आलोपालो गरी १, व्यवसायिक विशेषज्ञ १ एवं सर्वसाधारण शेयरधनीबाट २ जनाले प्रतिनिधित्व हुने व्यवस्था रहेकोमा सञ्चालक समितिको मिति २०६८/५/१३ को निर्णयानुसार सर्वसाधारण शेयर धनीको प्रतिनिधित्व नभए सम्म कृषि विकास बैंकको तर्फबाट भएको प्रतिनिधित्वलाई निरन्तरता दिने व्यवस्था भएको छ ।

### मानव संसाधन

यस बैंकमा कार्यरत कर्मचारीहरु र व्यवस्थापन बीचको सौहाद्रपूर्ण सम्बन्ध र कर्मचारीहरुको जिम्मेवारी र उत्तर दायित्व प्रतिको लगावले गर्दा छोटो अवधिमा नै बैंकले महत्वपूर्ण उपलब्धि हासिल गर्न सकेको छ ।

बैंकले कर्मचारीहरुलाई प्रतिष्ठित शैक्षिक संस्थामा अध्ययनको



अवसर दिने, राष्ट्रिय अन्तर्राष्ट्रिय तालिम तथा गोष्ठीहरुमा सहभागी गराउने आदि जस्ता वृत्ति विकासका अवसरहरु प्रदान गर्ने गरेको छ । साथै कर्मचारीहरुको मनोबल उच्च राख्न समय सापेक्ष सुविधा वृद्धि र शुरक्षण व्यवस्था समेत तर्जुमा गरेको छ। कर्मचारीहरुको पदोन्नती र वृत्ति विकासका अवसरलाई अझ प्रभावकारी बनाउन कर्मचारी व्यवस्थामा विद्यमान व्यवस्थालाई तहगत व्यवस्थामा रुपान्तरण गरिएको छ ।

यस बैंकको स्थापना देखि बैंकलाई हालको अवस्थासम्म ल्याउनमा कृषि विकास बैंकबाट काजमा आउनु भएका कर्मचारीहरुको महत्वपूर्ण योगदान रहँदा रहँदै पनि निजहरुले आफ्नै बैंकमा फिर्ता हुनु पर्ने बाध्यता अनुरुप आ.व. २०६७/६८ मा मात्र पनि ६ जना कर्मचारीहरु फिर्ता भै सक्नु भएको छ भने बाँकी एक जना कर्मचारीले यस बैंकको सेवामा अझै योगदान दिई रहनु भएको छ । यस बैंकले गत वर्ष ७ जना अधिकृतस्तरका कर्मचारीहरु नयाँ नियुक्ति गरेको छ भने पशुपालन कर्जा कार्यक्रम तर्फ कार्यक्रम सञ्योजक र अनुगमनकर्ता गरी थप २ कर्मचारीहरुको करार मा व्यवस्था गरेको छ। उक्त आ.व.मा ४ जना कर्मचारीहरुले बैंकको सेवा छोडे पश्चात २०६८ आषाढमा कर्मचारी संख्या ४७ कायम हुन गएको छ।

## समन्वय तथा सम्बन्ध विकास

यसै गरी नेपाल सरकारद्वारा आव्हान भए अनुरुप मासुजन्य पशुपालन कर्जा कार्यक्रममा बैंकले आवद्ध संस्थाहरु मार्फत प्रभावकारी रुपमा शुलभ कर्जा प्रवाह गर्दै आएको छ । ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रमको सिलसिलामा नेपाल सरकार, अर्थमन्त्रालयको  सहयोग र समन्वयमा बैंकले महत्वपूर्ण कार्यक्रमहरु सञ्चालन गरेको छ। नेपाल सरकार, अर्थमन्त्रालय अन्तर्गत युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग समन्वय गरी स्वरोजगार कर्जा कार्यक्रम सञ्चालन गरेको छ।

एशियाली विकास बैंकको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल सरकार, अर्थमन्त्रालय अन्तर्गत ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम प्रथम चरणका कार्यहरु बैंकले सफलतापूर्वक सम्पन्न गरिसकेको छ । ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम प्रथम चरण अन्तर्गत बैंकले कमजोर वित्तीय सुचक भएका ३४ वटा साना किसान सहकारी संस्थाहरुमा पुनरसंरचना कार्यक्रम सञ्चालन गरी



विश्व लघुवित्त सम्मेलन २०११, स्पेनमा प्रा. मोहम्मद युनुसका साथ अध्यक्ष खेम बहादुर पाठक

ती संस्थाहरुमा उत्साहप्रद नतिजा प्राप्त भएको छ । साना किसान विकास बैंकको व्यवस्थापन सूचना प्रणाली विकास गर्ने सिलसिलामा सूचना प्रविधिसँग सम्बन्धित अधिकांश हार्डवेयर, जेनेरेटर सेट, सफ्टवेयर आदिको खरिद कार्य सम्पन्न भई सकेको छ । साथै ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम दोस्रो अन्तरगतका विभिन्न क्रियाकलापहरु कार्यान्वयनको क्रम अघिबढी सकेको छ ।

साना किसान विकास अभियानमा सहकार्यका लागि एशियाली विकास बैंकमा थप छलफल भई रहेको छ भने IFAD सँग समेत यस सम्बन्धमा वार्ता अघि बढेको छ ।

त्यसै गरी पशुसेवा विभाग, सहकारी विभाग, जिल्ला विकास समिति (पशुपालन कर्जा सम्बन्धमा जिल्ला समन्वय समिति मार्फत), हेफर ईन्टर नेशनल, तथा अन्य विभिन्न सहयोगी निकायहरुसँग बैंकले सम्बन्ध र समन्वय विकास गरिरहेको छ । यसबाट ग्रामीण गरीब साना किसानहरुको आर्थिक र सामाजिक विकास गर्ने बैंकको उद्देश्य पूर्ति गर्न सकारात्मक सहयोग पुग्ने विश्वास लिईएको छ ।

## कार्यक्रम प्रवर्धन

कमजोर आर्थिक अवस्था भएका विपन्न तथा साना किसानहरुको आर्थिक सामाजिक विकासका लागि साना किसान विकास अभियानलाई राष्ट्रिय कार्यक्रमको रुपमा स्थापित गर्न यस बैंकले विभिन्न समयमा मुलुकका उच्च पदस्थ व्यक्तित्वहरुको सल्लाह सुझाव प्राप्त गर्ने तथा कार्यक्रमको स्थलगत अनुगमनबाट उहाँहरुको प्रेरणा तथा मार्गदर्शन लिने गरेको छ । यसै क्रममा यस आ.व.मा पनि विभिन्न व्यक्तित्वहरुले साना किसान गतिविधिको अवलोकन गरी साना किसान विकास अभियानमा थप हौसला प्रदान गर्नु भएको छ ।

नेपालमा आयोजित लघुवित्त सम्मेलनमा बैंकले नियमति रुपमा उपस्थिति जनाउने र साना किसान विकास अभियानका बारेमा जानकारी गराउने गर्दै आएको छ । सन् २०११ को नोभेम्बर १४ देखि १७ सम्म स्पेनमा आयोजना भएको Global Microfinance Summit मा यस बैंकका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले भाग लिई विश्वमा लघुवित्तका अभ्यास एवं नविन अवधारणाहरुको जानकारी लिनका साथै साना किसान विकास अभियानका सिकाईहरु आदान प्रदान गर्नु भएको छ ।

## संस्थागत सामाजिक उत्तरदायित्व

बैंकका अधिकांश कार्यक्रमहरु संस्थागत सामाजिक उत्तर दायित्व प्रति सजग रही सञ्चालन भएका छन् । यसै सन्दर्भमा नेपाल सरकारको सहयोगमा साना किसान सहकारी संस्था तथा समान प्रकृतिका संस्थाहरुको क्षमता विकास एवं सामाजिक सामुदायिक कार्यक्रमका लागि यस बैंकले विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । यस बैंकसँग आवद्ध भएका तथा अवद्ध हुन चहाने विभिन्न ग्रामीण लघुवित्त संस्थाहरुमा समूह अभिमुखिकरण कार्यक्रम, व्यावसायिक योजना (Business Plan) तर्जुमा तथा व्यवसाय विस्तार (Business Expansion) आदि जस्ता तालिम गोष्ठीद्वारा

संस्थाहरुको सुदृढिकरणका लागि सहयोग पुऱ्याईएको छ । बैंकले सहकारी व्यवस्थापन तालिम, लेखा समिति तालिम, वित्तीय विश्लेषण एवं निश्क्रिय कर्जा व्यवस्थापन तालिम, लेखा व्यवस्थापन तालिम, कर्जा व्यवस्थापन तालिम आदि आयोजना गरी आवद्ध संस्थाहरुको क्षमता विकासमा महत्वपूर्ण भुमिका खेल्दै आएको छ । यसै गरी नेपाल कृषि सहकारी केन्द्रीय संघसँग समन्वय गरी साना किसान प्रतिनिधिहरुलाई बैदेशिक अवलोकन भ्रमण गराउन पनि यस बैंकले वित्तीय सहयोग गरेको छ ।

### अध्ययन तथा प्रकाशन

बैंकले INCLUDE/GIZ को सहयोगमा मध्यपश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका केही गाविसहरुमा लघुवित्त सेवा विस्तारको सम्भाव्यता अध्ययन सम्पन्न गरेको छ । समय सापेक्ष प्रकाशन र प्रचार सामाग्रीमा समेत बैंकले ध्यान पुऱ्याएको छ । गत बर्ष प्रकाशित साना किसान र लघुवित्त नामक पुस्तकले साना किसान विकास अभियान एवं नेपालमा लघुवित्त प्रतिको अवधारणालाई प्रष्ट गर्न महत्वपूर्ण योगदान दिने महसुस गरिएको छ । मुलुक भरीका साना किसान सहकारी संस्थाहरुको संक्षिप्त चिनारी सहितको एक प्रोफाईल पुस्तक प्रकाशन गर्ने लक्ष्य रहेको कुरा समेत यहाँ जानकारी गराउन चहान्छौं । साना किसान विकास बैंकका गतिविधिलाई सूचना मूलक र पहुँच योग्य बनाउन विभिन्न प्रकाशन एवं वेभ साईट अद्यावधिक गर्ने एवं साना किसान द्वैमासिक पत्रिका नियमित रुपमा प्रकाशन गर्ने प्रयास गरिएको छ ।

### आगामी दिनमा सञ्चालन गरिने कार्यक्रमहरु

- ✓ मासुजन्य पशुपालन कर्जा कार्यक्रममा नेपाल सरकार को सहयोगलाई प्रभावकारी रुपमा निरन्तरता दिईने छ । साथै युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँगको स्वरोजगार कर्जा कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- ✓ विद्यमान संस्थापक शेयरधनीहरुबाट सम्पूर्ण चुक्ता पुँजी भुक्तानी गर्न पहल गरी सर्वसाधारणमा शेयर निष्कासन गर्ने कार्यलाई गति दिईने छ ।
- ✓ एशियाली विकास बैंकको सहयोगमा तयार भएको पुनरसंरचना योजना अनुसार तोकिएको समय सीमाभित्र लक्ष्य हासिल गर्न आवश्यक कार्यहरु गरिने छ ।
- ✓ साना किसान सहकारी संस्था तथा समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरुलाई प्रभावकारी रुपमा लघुवित्त सेवा प्रदान गर्दै बैंकको कार्यप्रणालीलाई समेत अझ प्रविण बनाउन बैंकको विद्यमान सांगठनिक स्वरुपमा यथोचित परिमार्जन गरिने छ । ईलाका कार्यालयको संख्या, अवस्थिति र कार्य पद्धतिमा समेत सुधारका सम्भावनाहरु खोजी गरी लागु गरिने छ ।
- ✓ प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट ग्राहक संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराईनेछ ।

  आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्वासी र खास गरी विपन्न ग्रामीण महिला आदि लघुवित्त सेवाबाट बञ्चित वर्गको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण (Replication) कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरुलाई प्रभावकारी रुपमा विस्तार गरिने छ ।
- ✓ यस बैंकको स्तरीकरण व्यवस्था अनुसार "ग" र "घ" वर्गमा पर्ने साना किसान सहकारी संस्थाहरुको वित्तीय स्थिति सुधार गर्न निश्चित समय सीमा तोकी सुधारात्मक गतिविधिहरु सञ्चालन गर्न प्रोत्साहित गरिने छ । क्रमिक रुपमा एउटा निश्चित समय सीमा भित्र यस बैंकसँग आवद्ध रहेका प्रत्येक ग्राहक संस्था "क" वर्गमा पुग्ने गरी अभियान सञ्चालन गरिने छ ।
- ✓ यस बैंकसँग कारोबार गर्ने सम्पूर्ण साना किसान सहकारी संस्था तथा अन्य लघुवित्त संस्थाहरुलाई व्यावसायिक योजना (Business Plan) अनिवार्य रुपमा तर्जुमा गर्न आवश्यक सहयोग गरिने छ ।
- ✓ संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि गर्न अवसरहरूको खोजी गरी तालिम, अवलोकन भ्रमण, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गोष्ठी र सम्मेलन आदि अवसरहरुमा सहभागि गराईने छ ।



- ✓ बैंकको उद्देश्य प्राप्तीमा सघाउ पुर्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरु पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाईने छ ।

### कारोबारलाई असर पार्ने मुख्य कुराहरु

- ✓ साझेदार केही साना किसान सहकारी संस्था लि.हरुमा बलियो रुपमा सुशासनको अवस्था कायम राख्न नसकेमा वा सञ्चालक एवं कर्मचारीहरुमा पूर्णरुपमा पेशागत दक्षता एवं अनुभवको अभाव रहेमा उत्पन्न हुन सक्ने जोखिमहरु,
- ✓ पुँजी बजारमा आउन सक्ने उतार चढावबाट यस बैंकलाई प्राप्त हुने कर्जा र सो को व्याजदरमा बृद्धि हुन



सक्ने जोखिमहरु,

- लघुवित्त बजारको समस्याको रुपमा रहेको वित्तीय श्रोतको अपर्याप्तता, विना धितो कर्जा प्रवाह, कर्जा अनुगमनमा कमी आदी कारणले देखा पर्ने जोखिमहरु,
- लघु कर्जाका सम्बन्धमा हुने अनावश्यक र नकारात्मक प्रचारका कारण कर्जा लगानी तथा असुलीमा उत्पन्न हुने जोखिमहरू,
- देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू,
- नियमन निकायहरुबाट समय समयमा परिवर्तन हुने नीति नियममा भएको बदलावका कारणबाट हुन सक्ने सम्भावित जोखिमहरु,
- लघुवित्त क्षेत्रमा दक्ष जनशक्ति आकर्षण र रिटेन्सन सम्बन्धी जोखिम आदिलाई कारोबारमा असर पार्न सक्ने मुख्य कुराहरुको रुपमा लिन सकिन्छ ।



## साधारण सभाका प्रस्तावहरु

शेयरधनी महानुभावहरु,

(क) सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन पारित गरिदिनु हुन अनुरोध छ ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०६८ आषाढ मसान्तको वासलात र मिति २०६७/०४/०१ देखि २०६८/०३/३२ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारितगरिदिनु हुन अनुरोध छ ।

(ग) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०६८/०६९ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०६२ को दफा ६५ बमोजिम लेखा परीक्षण समितिको मिति २०६८/९/५ को सिफारिसको आधार मा आ.व.२०६८/६९ को लेखा परीक्षकमा नियुक्ति गर्न एवं पारिश्रमिक निर्धारण गर्न समेत अनुरोध छ । (यस बैंकको लेखापरीक्षण समितिबाट आ.व.२०६८/६९ को लेखा परीक्षकमा श्री महेश खनाल, एम. खनाल. एण्ड कम्पनी, चार्टड एकाउण्टेण्टस्को नाम सिफारिस भई आएको छ ।)

(घ) विविध ।

शेयरधनी महानुभावहरू,

अन्त्यमा, यस बैंकलाई निरन्तर सहयोग पुऱ्याउने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक लि., वाणिज्य बैंकहरू लगायत अन्य बैंक एवं वित्तीय संस्थाहरु प्रति आभार प्रकट गर्दै यस बैंकको पुनरसंरचनामा सहयोग पुऱ्याउने एशियाली विकास बैंकलाई विशेष धन्यवाद दिन चाहन्छौं । त्यस्तै यस बैंकलाई सहयोग गर्ने GIZ लगायत सम्पूर्ण सहयोगी निकायहरूलाई समेत धन्यवाद ज्ञापन गर्दछौं ।

यस प्रतिवेदन अवधिमा बैंकलाई अगाडी बढाउन महत्वपूर्ण योगदान गर्ने पूर्व सञ्चालकहरु श्री प्रेम बहादुर श्रेष्ठ, श्री सुखदेव न्यौपाने र श्री केदार प्रसाद पनेरुलाई उहाँहरुले पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद ज्ञापन गर्दछौं । यस बैंकको उत्तरोत्तर प्रगतिको लागि अहोरात्र परिश्रम गर्ने बैंकका समस्त कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं । समयमै लेखापरीक्षण कार्य सम्पन्न गरीदिनु भएकोमा सी.ए. महेश खनाल, एम. खनाल एण्ड कम्पनीलाई पनि धन्यवाद छ । यस बैंकसँग कारोबार गर्ने साना किसान सहकारी संस्थाहरु एवम् अन्य सहकारी तथा लघुवित्त संस्थाहरूका साथै यस बैंकका अन्य शुभचिन्तक संस्था एवं महानुभावहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । भविष्यमा पनि बैंकको बृहत्तर हित र प्रगतिका लागि सम्बद्ध सबै पक्षहरूबाट निरन्तर रुपमा सहयोग प्राप्त भईरहने अपेक्षा राख्दछौं ।

धन्यवाद ।

**सञ्चालक समितिको तर्फबाट**

**खेम बहादुर पाठक**
**अध्यक्ष**

# साना किसान विकास बैंक लि.

**अतिरिक्त प्रतिवेदन**

**(कम्पनि ऐन, २०६३ को दफा १०९ (४) सँग सम्बन्धित अतिरिक्त विवरण)**

(क) विगत वर्षको कारोबारको सिंहावलोकन

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत प्रस्तुति रहेको छ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत प्रस्तुति रहेको छ।

(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत प्रस्तुति रहेको छ।

(घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत प्रस्तुति रहेको छ।

(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत प्रस्तुति रहेको छ।

(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत प्रस्तुति रहेको छ।

(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सोउपर सञ्चालकसमितिको प्रतिकृया

लेखा परीक्षण प्रतिवेदनमा कारोबारको सिलसिलामा हुने सामान्य कैफियतहरु बाहेक अन्य कैफियतहरु नरहेको एवं सो कैफियतहरु भविष्यमा दोहोरिन नदिन आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा सञ्चालक समितिले व्यवस्थापनलाई निर्देशन दिएको छ।

(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ४६ बमोजिम सर्व साधारणमा शेयर निष्कासन नभए सम्म लाभांश बितरणमा बन्देज रहेको र यस कम्पनीले सर्व साधारणमा शेयर निष्कासन गर्न बाँकी रहेको हुँदा आ.व.२०६७/६८ मा लाभांश बितरण गरिएको छैन।

(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम रत्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथाजफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण,

कुनै पनि शेयर जफत भएको छैन।

(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन

यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन। कम्पनीको प्रगति सञ्चालन समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ।

(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुखकारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन,

यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन। साथै यस कम्पनीमा सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरे बाहेक कुनै महत्वपूर्ण परिवर्तन भएको छैन।

(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी,

यस प्रकारको कुनै पनि जानकारी आधारभूत शेयरधनीहरुबाट प्राप्त भएको छैन ।

(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सोसम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी,

यस कम्पनीका सञ्चालकहरु संस्थागत शेयरधनीका तर्फबाट प्रतिनिधि भई आएको हुँदा व्यक्तिगत रुपमा कुनै पनि सञ्चालक एवं पदाधिकारीहरुले यस कम्पनीको शेयर लिएको छैन ।

(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा,

यस प्रकारको कुनै सम्झौता भएको जानकारी प्राप्त भएको छैन ।

(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुकोकारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम

कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण,

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत प्रस्तुति रहेको छ ।

(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण

| | |
|---|---|
| कर्मचारी खर्च रु. | १३,१६८,६४०.०४ |
| सञ्चालन खर्च रु. | ९,७१४,६३४.४१ |
| कुल रु. | २,२८,८३,२७४.४५ |

(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण,

यस कम्पनीमा गैर कार्यकारी सञ्चालक श्री धर्मराज आत्रेयको सञ्योजकत्वमा निम्नानुसारको तीन सदस्यीय लेखा परीक्षण समिति रहेको छ । यस समितिले कम्पनी ऐन, २०६३ को दफा १६५ मा तोकिए बमोजिमका कार्यहरु गर्ने, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशनमा लेखा परीक्षण समितिले गर्नु पर्ने भनी उल्लेख गरेका कार्यहरु गर्ने, लेखा परीक्षकले दिएको प्रतिवेदन उपर दफावार अध्ययन गरी सञ्चालक समितिलाई प्रतिवेदन सहित सुझाव र व्यवस्थापनलाई निर्देशन दिने एवं आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरणका लागि अनुगमन, निरीक्षण र सुझाव प्रदान गर्ने जस्ता कार्यहरु गर्ने गर्दछ ।

यस समितिले सम्पत्तिको भौतिक परीक्षण र बर्गिकरण गर्ने, कर्जाको गुणस्तर अभिबृद्धि गर्ने आदि लगायतका महत्वपूर्ण सुझावहरु सहितको प्रतिवेदन सञ्चालक समितिमा पेश गरेको र सञ्चालक समितिले सो को प्रभावकारी कार्यान्वयको लागि व्यवस्थापनलाई निर्देशन दिएको छ ।

**लेखा परीक्षण समितिका पदाधिकारीहरु**

| नाम | पद | सुविधा |
|---|---|---|
| श्री धर्मराज आत्रेय | संयोजक | प्रति बैठक भत्ता रु.८५०।- |
| श्री सागर चन्द्र जोशी | सदस्य | |
| श्री शिवहरि अर्याल | सदस्य | |

(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा

सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी छैन ।

(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानीगरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम,

सञ्चालकहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :

- ✓ सञ्चालक समितिको बैठकमा भाग लिए वापत प्रति बैठक रु.२,०००।- मात्र भत्ता ।
- ✓ अध्यक्षलाई पत्रपत्रिका वापत मासिक रु.१,०००।- र टेलिफोन खर्च वापत मासिक रु.२,५००।-मात्र ।
- ✓ अन्य सञ्चालककहरुलाई टेलिफोन वापत मासिक रु.१,०००।- मात्र (आफ्नो कार्यालयबाट सो सुविधा नभए मात्र) ।
- ✓ काठमाडौं बाहिरबाट प्रतिनिधित्व गर्ने सञ्चालकलाई समितिको बैठकमा भाग लिन आउदा एकमुष्ठ भैपरि खर्च रु.७००।- ।
- ✓ सञ्चालकहरुले बैंकको कामको सिलसिलामा भ्रमण गर्दा दैनिक भत्ता रु.७००।-

प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मालाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :

- ✓ मासिक पारिश्रमिक रु ५५,०००।-
- ✓ टेलिफोन खर्च वापत मासिक रु.२,५००।-
- ✓ कार्यालय आउँदा जाँदा गाडी सुविधा रहेको ।

(प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम

शेयरधनीहरुले लाभांशको रकम बुझिलिन बाँकी रहेको छैन ।

(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण

यस प्रकारको सम्पत्ति खरिद वा बिक्री नभएको

(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण

यस प्रकारको कारोबार नभएको

(भ) यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा

आवश्यक सम्पूर्ण महत्वपूर्ण कुराहरु सञ्चालक समितिको प्रतिवेदनमा खुलाईएको छ ।

(म) अन्य आवश्यक कुराहरु ।

आन्तरिक राजश्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ बबरमहलले यस बैंकको आ.व.२०६५/६६ को कर परीक्षण पश्चात संशोधित कर निर्धारणको सूचना पठाई उक्त आ.व.मा रु. २,९६,५८,१४३/- मात्र नपुग आयकार वापत जम्मा गर्नु पर्ने जनाएको छ । सो निर्णय उपर चित्त नबुझी यस बैंकले २०६८/७/७ गते राजश्व न्यायाधिकरणमा पुनरावलोकनको लागि निवेदन दर्ता गराएको छ । नियमानुसार पुनरावलोकन समेत गर्न यस बैंकले आ.व.२०६७/६८ मा राजश्व खातामा रु. ९८,८६,०४८/- मात्र धरौटी राखी लेखांकन गरिएको छ ।विवादित कर रु. २,९६,५८,१४३/-लाई सम्भावित दायित्वमा देखाईएको छ ।



स्पेनकी महारानी सोफियाका साथ विश्व लघुवित्त सम्मेलन २०११ का सहभागीहरु

# साना किसान विकास बैंक लि.

**एक चिनारी**

## साना किसान विकास कार्यक्रमको प्रारम्भ

ग्रामीण गरीबको आर्थिक अवस्थामा अपेक्षित सुधार गरी ग्रामीण विपन्नता कम गर्दै देशको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने लक्ष्य राखी सन् १९५० को दसक देखि नै नेपालमा विभिन्न कृषि तथा ग्रामीण विकासका कार्यक्रमहरु सञ्चालन गरिए । सन १९७० को मध्य दशक सम्म संचालीत त्यस्ता ग्रामीण विकासका कार्यक्रमबाट वास्तविक गरीब भन्दा शिक्षित , उच्च आर्थिक तथा सामाजिक अवस्था र समाजका प्रभुत्ववर्ग नै लाभान्वित हुन पुगे र परिणामत सम्पन्न र विपन्नबीचको अन्तर झन फराकिलो हुँदै गएको महशुस गरी विपन्न वर्गलाई नै लक्षित गरी सरकारी स्तरबाट छुटै नीति तथा विकास कार्यक्रम तय हुनु पर्ने महसुस गरियो । यसै परिप्रेक्षमा सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्थाबीच भएको विचार गोष्ठीको फलस्वरुप सन् १९७५ मा नेपालमा *साना किसान विकास कार्यक्रम* सञ्चालनको थालनी भयो र यसलाई विस्तार गर्दै राष्ट्रिय कार्यक्रमको रुपमा समेत घोषण गरीयो । कृषि विकास बैंकबाट साना किसान विकास आयोजनाहरु खोली कार्यक्रम विस्तार गर्दै देशको ६५२ गाउँ विकास समितका करिव २ लाख १० हजार साना किसान परिवार सम्म पुगी संगठनात्मक विकासको माध्यमबाट सेवा प्रवाह गर्न अग्रसर रह्यो ।

## साना किसान सहकारी संस्थाको उदय

कार्यक्रमको विकाससँगै साना किसान विकास कार्यक्रमभित्र लक्षित वर्गको सशक्तिकरण र कार्यक्रममा उनीहरुकै नेतृत्वदायी भूमिकाहुनु पर्ने आवश्यकता महशुस हुँदै गयो । कार्यक्रमको विस्तार खर्च (Cost of Expansion) न्युनतम विन्दुमा राख्दै लागत दृष्टिकोणले समेत प्रभावकारी बनाउने एवं स्थानीय तहमा नेतृत्व विकास गरी कार्यक्रमलाई दीगो रुपमा सञ्चालन हुने उपायको खोजी गर्न आ.व.२०४२/४३ सालदेखि GTZ तथा कृषि विकास बैंकको संयुक्त प्रयासमा साना किसान विकास कार्यक्रमभित्र संस्थागत विकास कार्यक्रमको अवधारणा विकसित गराइयो। साना किसानहरुका समूहलाई वडास्तरीय अन्तरसमितिमा आवद्ध गराई गा.वि.स. स्तरको मूलसमिति गठन गर्ने र उक्त समितिलाई नै सक्षम तुल्याएर उनीहरुको आफ्नै संगठनको माध्यमबाट नै स्थानीय आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने पद्धतीको शुरुवात भयो ।



आ.व.२०५०/५१ सम्म आईपुग्दा यस प्रकारको साना किसानहरुको मूल संगठनलाई नै वैधानिकता दिन साना किसान सहकारी संस्था लि.को रुपमा सहकारी विभाग अन्तरगत विधिवत दर्ता गराई उक्त संस्थालाई सोही संगठनबाट प्रतिनिधित्व गर्ने लक्षितबर्गको समूहबाट सञ्चालन गर्ने विधिको विकास भयो । संस्थाको सञ्चालन, व्यवस्थापन र स्वामित्व स्थानीय साना किसानहरुमा नै रहने गरी उनीहरुको पूर्ण सहभागितामा स्थानीय स्तरमा नै स्वायत्त सहकारी संस्थाको रुपमा स्थापित साना किसान सहकारी संस्था लि.हरु स्थापना गर्न शुरु गरियो ।

साना किसान पद्धतिलाई प्रणालीगतरुपमा व्यवस्थित गर्न त्री-तहात्मक सांगठानिक ढाँचाको विकास गरिएको छ। जसमा गाउँ टोल स्तरमा साना किसानहरुको समूह गठन हुने, एकै वडाका सबै समूहहरुको प्रतिनिधित्व रहने गरी वडास्तरमा अन्तरसमूह रहने र सबै अन्तरसमूहको प्रतिनिधित्व रहने गरी गा.वि.स. स्तरमा सञ्चालक समिति रहनेछन्। सदस्यहरुको यो जना अन्तरसमूह मार्फत मूलसमितिमा आउने र मूलसमितिले गाविस स्तरका योजनाहरु स्वीकृत र कार्यान्वयन गर्ने पद्धति रहेको छ । समूहमा ५ देखि १५ साना किसान परिवारबाट एक एक जना सदस्य रहन सक्ने र एक वडामा रहेका समूह संख्याको आधारमा १ देखि ५ सम्म अन्तरसमूह गठन हुन सक्ने व्यवस्था रहेको पाईन्छ ।

साना किसान विकास आयोजनाको सम्पूर्ण व्यवस्थापन तिनै सहकारी संस्थाहरुलाई हस्तान्तरण गर्दै जाने नीति अनुरुप कृषि विकास बैंकद्वारा ग्रामीण गरीबी निवारणको लागि सञ्चालित साना किसान विकास कार्यक्रमको उप-आयोजनाहरुका कारोवारहरु हस्तान्तरण गर्ने कार्य आरम्भ भयो । आ.व.२०६३/६४ सम्ममा २१९ वटा (जस मध्ये १ अनुसरित

संस्था समेत) साना किसान विकास आयोजनाहरुको व्यवस्थापन किसानहरुकै मान्यता प्राप्त साना किसान सहकारी संस्थामा हस्तान्तरण भैसकेका छन् । यी संस्था मध्ये २१० वटा साना किसान सहकारी संस्थाहरु हाल साना किसान विकास बैंकमा कारोबार हस्तान्तरण भई आई सकेका छन् भने बाँकी ९ संस्थाहरु कृषि विकास बैंकसँग नै कारोबार गरिरहेका छन् ।

### साना किसान सहकारी संस्थाहरुको सञ्जाल

साना किसान सहकारी संस्थाहरुलाई वित्तीय सेवाको अतिरिक्त गैरवित्तीय सेवाहरुको पनि उत्तिकै आवस्यकता छ । साना किसान विकास बैंकबाट वित्तीय सेवा प्राप्त हुँदै आएता पनि गैर वित्तीय सेवाका लागि अन्य कुनै निकायको आवस्यकता महशुश गरी संस्थाहरुले २६ जिल्लामा जिल्ला कृषि सहकारी संघ स्थापना गरेका छन् भने केन्द्रीय स्तरमा नेपाल कृषि सहकारी केन्द्रीय संघ (साना किसानद्वारा प्रवर्द्धित) को स्थापना भएको छ । स्थापित संघबाट संस्था सवलीकरण, बजार व्यवस्थापन, समन्वय तथा सम्वन्ध विकास र वित्तीय सक्षमता विकासमा सहयोग पुऱ्याईएको छ ।

### सानाकिसान विकास बैंकको स्थापना

संस्थागत विकास कार्यक्रमको माध्यमबाट साना किसान विकास आयोजनाहरु साना किसान सहकारी संस्थामा परिणत हुने क्रम निरन्तर जारी रहेको र यसको कार्य संजालले बृहत रुप लिंदै गएको अवस्थामा साना किसान सहकारी संस्थाहरुलाई जाने वित्तीय तथा गैरवित्तीय सेवामा निरन्तरता दिई त्यस्ता संस्थाको अनुगमन तथा क्षमता अभिबृद्धि गर्दै सांगठनीक तवरले दिगो र वित्तीय हिसावले सक्षम बनाउन कृषि विकास बैंकको कार्य संजालबाट संभव हुन नसक्ने देखिएकाले नयाँ बनेका संस्थाहरुलाई जाने सेवा छिटो छरितो र अनुगमन प्रकृया प्रभावकारी बनाउन राष्ट्रिय स्तरको एक छुट्टै लघुवित्त विकास बैंकको आवश्यकता महशुस भयो । (साना किसान विकास कायक्रमको मर्म र उद्देश्यलाई जिवन्त राख्न संस्थागत स्तरमा सिर्जित जोस जाँगर र उत्साह कायम गर्न र स्वामित्व प्राप्ती पछिको वित्तीय सेवाको मागलाई सहज परिपूर्ति गर्न पनि एक संरक्षक संस्थाको आवश्यकता देखियो ।) यिनै आवश्यकतालाई दृष्टिगत गर्दै कृषि विकास बैंकको अग्रसरतामा विभिन्न क्षेत्रमा रहेका साना किसान सहकारी संस्थाहरु, नेपाल सरकार तथा अन्य वाणिज्य वैंकहरु समेतको शेयर लगानीमा विक्रम संवत २०५८ असार २२ गते 'घ' वर्गको एक विशिष्ट लघुवित्त विकास बैंकको रुपमा साना किसान विकास बैंक लि. को स्थापना भएको हो । साना किसानहरुको आफ्नै स्वामित्वमा स्वस्फूर्त र वित्तीय सक्षमता सहितका सशक्त विकास सञ्जाल निर्माण गर्ने प्रकृयामा यो बैंक आफैंमा एक पहिचान र नमुना मानिएको छ । यस बैंकले शेयर पूँजी, संस्थागत वचत, वाणिज्य बैंकहरुबाट लिएको कर्जा, दातृसंस्था तथा नेपाल सरकारबाट प्राप्त श्रोतलाई परिचालन गरी साना किसान सहकारी संस्था तथा यस्तै प्रकृतिका अन्य संस्थाहरुको कर्जा मागलाई पूर्ति गर्दै आएको छ । यसका अतिरिक्त नेपाल सरकार र अन्य वैदेशिक संघ संस्थासँग समन्वय गरी

### साना किसान सहकारी संस्थाको विशेषता

- ✓ लक्षित वर्ग केन्द्रित समुह अवधारणामा आधारित सामुदायिक संरचना ।
- ✓ समुदाय,जातजाती, लिंग र व्यक्तिलाई विभेद नगरी कार्यक्षेत्रका सवै विपन्नलाई समान सहभागिताको अवसर ।
- ✓ सचालन, व्यवस्थापन र स्वामित्व साना किसानमानै निहित ।
- ✓ गाउँ स्तरमा समूह, वडा स्तरमा अन्तर समूह र गाउँ विकास समिति स्तरमा मूल समितीको त्रीतहात्मक सांगठनिक संरचना ।
- ✓ सस्थासञ्चालनको शिरोभार खर्च अत्यन्त न्यून।
- ✓ विभिन्न प्रकारका वित्तीयसेवा (वचत, ऋण, वीमा , विप्रेषण) जस्ता वित्तीय सेवाहरु एकै थलो बाट प्रदान।
- ✓ सेवाका लागि पुरा गर्नु पर्ने प्रशाशकिय सेवाहरु एक थलोबाट प्रदान ।
- ✓ व्यवसायीक योजना तर्जुमा र कार्यान्वयन ।
- ✓ सहकारीको सिद्धान्त अनुरुप निर्मित कृषि उद्देश्य मूलक संस्था ।
- ✓ अनुशरण कार्यक्रम (च्भउष्अिबतष्यल) अर्न्तगत एक संस्थाले छिमे की गाउँ विकास समितिमा उस्तै प्रकारको संस्था निर्माण र गरीबसम्म सेवा विस्तार।
- ✓ विपन्न वर्गको जीवनस्तर सुधारका लागि समाजिक परिचालन र सामुदायिक विकासका कार्यक्रम सञ्चालन ।
- ✓ सिमित बैंकिङ्ग सेवा पनि प्रदान ।

पशुबिमा , सामाजिक तथा सामुदायिक विकास, संस्थाको क्षमता अभिबृद्धि र सेवा पाउने साना किसानको संख्या वृद्धिका लागि अनुसरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । आर्थिक वर्ष २०६७/६८ को अन्त्य सम्म २३६ साना किसान सहकारी संस्था र १५ वटा अन्य लघु वित्त संस्था गरी कुल २५१ संस्थाहरु यस बैंकको थोक कर्जा कारोबारमा संलग्न भएका छन् ।

### साना किसान विकास बैंकको उद्देश्य

थोक कर्जा लगानी गर्ने केन्द्रीय स्तरको लघुवित्त विकास बैंकको मान्यता अनुरुप यस बैंकको उद्देश्य निम्नानुसार रहे को छ-

(क) नेपालको ग्रामीण क्षेत्रका साना किसान सहकारी संस्थाहरु र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरुलाई थोक कर्जा र पटके कर्जा प्रदान गर्ने ।

(ख) नेपाल राष्ट्र बैंकको मार्गदर्शन अनुरुप सहकारी संस्था तथा लघुवित्त संस्थाहरुको कारोबारको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ग) लघु व्यवसाय एवं ग्रामीण वित्त बजारको विकास, विस्तार, प्रवर्द्धन र सुदृढीकरण गर्ने तथा वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने र आवश्यक तालिम उपलब्ध गराउन सहयोग पुऱ्याउने ।

(घ) संस्थाहरुको संस्थागत एवं मानव संसाधन विकास गर्न आवश्यक सहयोग गर्ने ।

(ङ) संस्थाहरु मार्फत ग्रामीण जनताको आम्दानी एवं रोजगारीका अवसरमा अभिवृद्धि गरी गरिबी निवारण सम्बन्धी कार्यमा सघाउ पुऱ्याउने ।

(च) मुलुकमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

## साना किसान विकास बैंकका कार्यहरु

यस बैंकले हाल सम्म निम्न क्रियाकलापलाई आफ्नो कार्यक्षेत्रको रुपमा लिएको छ-

(क) साना किसान सहकारी संस्था लगायत अन्य समान प्रकृतिका लघुवित्त संस्थाहरुलाई छोटो र मध्यम अवधिको थोक कर्जा र पुनरकर्जा प्रदान गर्ने ।

(ख) नेपाल सरकार तथा दातृसंघ/संस्थाहरुबाट प्राप्त स्रोत परिचालन गरी संस्थाहरु मार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने ।

(ग) आवद्ध संस्थाहरुको सांगठनिक तथा वित्तीय सक्षमता विकासको लागि आवश्यक वित्तीय सहयोग पुऱ्याउने ।

(घ) संस्थाहरुको सवलीकरणका लागि नियमित परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग पुऱ्याउने ।

(ङ) आवद्ध संस्थाहरुको वित्तीय कारोबार लगायत समग्र क्रियाकलापको निरीक्षण, अनुगमन तथा मुल्याङ्कन गर्ने/गराउने ।

(च) विद्यमान साना किसान सहकारी संस्थाहरुलाई सेवा नपुगेका अन्य स्थानमा समान प्रकृतिका संस्थाहरु निर्माण गर्न अनुसरण (Replication) कार्यक्रम सञ्चालन गर्ने कार्यमा अभिप्रेरित, प्रोत्साहन र सहयोग गर्ने ।

(छ) लघुवित्त सम्वन्धी अन्य देशमा सञ्चालित असल अभ्यासको खोजी गरी आवद्ध संस्थाहरुमा समेत सञ्चालन गर्न अभिप्रेरित गर्ने ।

(ज) संस्थाहरुको वित्तीय स्व-सक्षमता र दिगोपनालाई निरन्तर अभिवृद्धि गर्न आवश्यक रणनीति अवलम्वन गर्ने/गराउने ।

(झ) ग्रामीण विकास वित्तको सफल अवधारणा तथा प्रारुपलाई अरु संस्थामा समेत लागू गराउने ।

(ञ) नेपाल राष्ट्र बैंकबाट निर्धारित शर्तको अधिनमा निक्षेप संकलन गरी बाहय स्रोतको निर्भरता कम गर्दै लैजाने ।

(ट) नेपाल राष्ट्र बैंकको मार्गदर्शन अनुरुप बैंकको वित्तीय सूचकांक कायम गर्दै संस्थागत सुशासनमा रहने ।

## संगठनात्मक संरचना

साधारण सभा बैंकको सर्वोच्च सांगठनिक निकाय हो । सञ्चालक समितिमा कार्यकारी अधिकार रहेको हुन्छ। बैंकको सञ्चालन व्यवस्थाको लागि सञ्चालक समिति अन्तरगत प्रमुख कार्यकारी अधिकृत रहने र त्यस अन्तरगत विभिन्न विभाग, फाँट तथा ईलाका कार्यालयहरु रहने व्यवस्था छ । सञ्चालक समिति अन्तरगत लेखापरीक्षण समिति रहने तथा बैंकका व्यवस्थापन तहका कर्मचारीले कम्पनी सचिवको समेत कार्यगर्ने व्यवस्था मिलाईएको छ । प्रत्येक ईलाका कार्यालयहरुमा समेत विभिन्न फाँटहरु रहने र सो सम्बन्धि जिम्मेवार कर्मचारी तोक्ने व्यवस्था रहेको छ। बैंकको विद्यमान सांगठनिक ढाँचा पाना नं १४ मा छ।

## प्रगति सारांश

२०६८ असार मसान्त सम्ममा बैंकका ग्राहक संस्था संख्या २५१ पुगेको छ। यी संस्थाहरु मार्फत लगभग एक लाख ९० हजार गरीब तथा साना किसानहरुले लघुवित्त सेवा प्राप्त गरेका छन्। आ.व. २०६४/६५ मा नेपाल सरकारद्वारा घोषणा गरिएको कर्जा मिनाहा कार्यक्रमबाट रु. ७५ करोडमा झरेको बैंकको लगानीमा रहीरहेको ऋण आ.व. २०६७/६८ सम्ममा १४९ प्रतिशतले बृद्धि भई रु. एक अर्ब ८७ करोड ७५ लाख पुगेको छ । भाखा नाघेको कर्जा १.४ प्रतिशतमा सिमित रहेको छ भने असुली दर ९७.५ प्रतिशत रहेको छ । अघिल्लो बर्ष रु. एक करोड ९० लाख खुद मुनाफा भएकोमा आ.व.



विश्व लघुवित्त सम्मेलन २०११, स्पेनमा प्रा. मोहम्मद युनुसका साथ प्रमुख कार्यकारी अधिकृत जलन कुमार शर्मा

# साना किसान विकास बैंक लि.

## संगठनात्मक संरचना




ई.का. = ईलाका कार्यालय, के.का. = केन्द्रीय कार्यालय

२०६७/६८ मा ५२.६८% प्रतिशतले बृद्धि भई रु. दुई करोड ९१ लाख पुगेको छ । बैंकको आ.व. २०६२।६३ देखि आ.व. २०६७/०६८ सम्मका केही सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### पुँजी संरचना

#### २०६८ मंसिर मसान्त सम्मको पुँजी संरचना एवं सञ्चालक समितिको बनावट

वि.सं. २०५८ मा बैंक स्थापना गर्दा नेपाल सरकार, कृषि विकास बैंक, नेपाल बैंक लि., नबिल बैंक लि. र २१ वटा साना किसान सहकारी संस्थाहरु संस्थापकको रुपमा रहेका थिए । यो बैंक साना किसान सहकारी संस्थाहरुलाई लक्षित गरी स्थापना गरिएको हुँदा तिनीहरु कै बहुमत शेयर स्वामित्व कायम नभएसम्म कृषि विकास बैंक लि. तथा अन्य संस्थापकहरुले आ-आफ्नो स्वामित्वमा रहेको शेयर क्रमशः साना किसान सहकारी संस्थाहरुलाई बिक्री गर्ने भन्ने बैंक स्थापनाको लक्ष्य अनुरुप बैंकको पुँजी आधार समेत बढाउँदै लैजाने निर्णयका साथ बैंकको आठौं साधारण सभाबाट बैंकको अधिकृत पुँजी रु. २४ करोड र चुक्ता पुँजी रु. २० करोड बनाउने र आवश्यकतानुसार साधारण शेयर निष्काशन गर्ने निर्णय समेत भयो ।

गत आ.ब.मा संस्थापक शेयर धनी नेपाल सरकारको निजीकरण नीति अनुरुप रु. २ करोड बराबरीको शेयर स्वामित्व साना किसान सहकारी संस्थाहरुलाई बिक्री भएको छ भने कृषि विकास बैंकलि.ले पनि अघिल्ला बर्षहरुमा नै उक्त संस्थाहरुलाई आफ्नो स्वामित्वको केही शेयर बिक्रि गरी शेयर स्वामित्व रु. ४ करोड ४० लाख ५३ हजारमा झारेको छ । यसबाट नेपाल सरकारको तर्फबाट बैंकमा स्वामित्व र सञ्चालक प्रतिनिधि शुन्य भएको छ । २३१ वटा साना किसान सहकारी संस्थाहरुबाट शेयर लगानी बढाई कुल रु.७ करोड ७७ लाख ३४ हजार पुर्‍याईएको छ र संस्थाहरुको तर्फबाट सञ्चालक प्रतिनिधित्व संख्या समेत ३ भएको छ ।

हाल सम्ममा बैंकको कुल चुक्ता पुँजी रु. १२ करोड ८७ लाख ८७ हजार पुगेको छ । नेपाल बैंक र नबिल बैंकबाट शेयर वापत थप जम्मा भएको (शेयर जारी हुन बाँकी) रकम समेत जोड्दा कुल भुक्तान पुँजी रु. १३ करोड ५८ लाख ५८ हजार ४ सय पुग्ने छ । जस अनुसार कायम शेयर पुँजीमा साना किसान सहकारी संस्थाहरुको ५७% कृषि विकास बैंक लि. को ३२% नेपाल बैंक लि. को ६% र नबिल बैंक लि. को ५% अंश रहने छ । सर्व साधारणमा शेयर निष्कासन नभए सम्मका लागि साना किसान सहकारी संस्थाहरुको तर्फबाट ३ जना, कृषि विकास बैंकबाट २ जना, नबिल बैंक लि. एवं नेपाल बैंक लि.बाट आलोपालोमा १ जना र व्यवसायिक

### साना किसान विकास बैंकका केही सूचकहरु

| विवरण | इकाई | २०६२/०६३ | २०६३/०६४ | २०६४/०६५ | २०६५/०६६ | २०६६/०६७ | २०६७/०६८ |
|---|---|---|---|---|---|---|---|
| सामान्य जानकारी | | | | | | | |
| लघुवित्त संस्थाहरु | संख्या | १४१ | २१९ | २२० | २२४ | २३४ | २५१ |
| आवद्ध संस्थाका कुल ग्राहक | संख्या | ८५७३० | १२९८५१ | १३९३६८ | १४५४१९ | १५९७६७ | १८९८७७ |
| लगानीमा रहि रहेको ऋण | (रु.०००) | ९५९७९२ | १३२७०४३ | १४४५४२४ | ७५२७०१ | १११६०९६ | १८७७४७७ |
| कुल सम्पत्ति | (रु.०००) | ११५४१३० | १५३७४६० | १५८३९९५ | ११३७२९३ | १३१०४२० | १३४९६५० |
| कुल कर्मचारी | संख्या | ४८ | ४८ | ५० | ४९ | ४८ | ४८ |
| कर्जा सम्पत्तिको गुणस्तर | | | | | | | |
| भाखा नाघेको ऋण | % | ५.५ | ३.९ | ६.१ | ० | ०.४ | १.७ |
| ऋण असूली दर | % | ८४.५ | ८५.२ | ८६.९ | ९९.९ | ९९.२ | ९७.५ |
| ल.र.र को तुलनामा बाँकी व्याज | % | ६.६ | ५.९ | ४.२ | ०.२ | ०.१ | ०.०२ |
| दक्षता/सक्षमता | | | | | | | |
| प्रति कर्मचारी ल.र.र. | (रु.०००) | १९९९६ | २७६४७ | २८९०८ | १५३६१ | २३२५२ | ३९११४ |
| संचालन स्वक्षमता | % | १०१ | १०२ | १२६ | १२४ | १३२ | |
| खुद नाफा | (रु.०००) | ४६९ | ११२२ | ७१४७ | १५१६४ | १९०४० | २९०७० |
| बृद्धि | | | | | | | २९०७० |
| कुल सम्पत्तिमा बृद्धि | % | १० | ३३ | ३ | -२८ | १५ | |
| कर्जा सम्पत्तिमा बृद्धि | % | ११ | ३८ | ९ | -४८ | ४८ | |
| कर्जा सम्पत्तिमा बृद्धि | % | ११ | ३८ | ९ | -४८ | ४८ | |

# शेयर पुँजी




विशेषज्ञ सञ्चालक १ जना (हाल मनोनयन हुने क्रममा) गरी बैंकको ७ सदस्यीय सञ्चालक समिति रहने छ ।

### बैंकको पुँजी योजना एवं सञ्चालक समितिको बनावट

एशियाली विकास बैंकद्वारा प्रस्तुत साना किसान विकास बैंकको पुनरसंरचना योजनामा पुँजी बृद्धि गर्न गरिएको सुझाव, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन-२०६३ अनुसार सर्वसाधारणलाई शेयर जारी गर्नु पर्ने व्यवस्था एवं धितोपत्र निष्काशन निर्देशिका-२०६५ अनुसार सार्वजनिक निष्काशन गर्न चाहने संगठित संस्थाले शेयर समूहको स्वामित्वको अनुपात अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्ने हुँदा नवौं साधारण सभाको निर्णयानुसार तलको तालिका अनुसार पुँजी संरचना र सञ्चालक समितिको प्रतिनिधित्व रहने योजना रहेको छ ।

## कार्य संजाल

### बैंकका कार्यालयहरु

यस बैंकको काठमाडौंमा एक केन्द्रीय कार्यालय र विभिन्न भौगोलिक क्षेत्र समेटिने गरी आठवटा इलाका कार्यालयहरु रहेका छन् । संस्थाहरुलाई सहजरुपमा वित्तीय र प्राविधिक सेवा उपलब्ध गराउन अञ्चल अनुसार मेचीको लागि बिर्तामोड (झापा), कोशीको लागि इटहरी (सुनसरी), सगर माथा र जनकपुरको लागि जनकपुर (धनुषा), नारायणीको लागि हेटौडा (मकवानपुर), बाग्मतीको लागि गजुरी (धादिङ्ग), लुम्बिनीको लागि बुटवल (रुपन्देही), गण्डकी र धौलागिरीका लागि पोखरा (कास्की) र राप्ती, भेरी, सेती र महाकालीको लागि नेपालगञ्ज (बाँके) मा इलाका कार्यालयहरु स्थापना भएका छन् । इलाका कार्यालयहरुले आफ्नो कार्यक्षेत्र अन्तर गतका साना किसान सहकारी संस्था लगायत अन्य सहकारी एवं लघुवित्त संस्थाहरुलाई थोक कर्जा एवं प्राविधिक सहयोग प्रदान गर्दै आएका छन् ।

### साना किसान सहकारी संस्था एवं अन्य लघुवित्त संस्थाहरुको कारोबारको बिवरण

बैंकले १७ पहाडी र २३ तराई गरी ४० जिल्लामा सेवा विस्तार गरेको छ । आ.व.२०६६/६७ मा यस बैंकमा आवद्ध संस्था संख्या २३४ रहेकोमा आ.व.२०६७/६८ मा १३ वटा नयाँ साना किसान सहकारी संस्थाहरु अनुसरण कार्यक्रमबाट प्रवर्द्धित भई बैंकको कारोवारमा आवद्ध भएको र थप ४ वटा अन्य लघुवित्त संस्थाहरुले समेत बैंकसँग सहकार्य शुरु गरे पश्चात २०६८ आषाढ मसान्त सम्ममा बैंकसँग आवद्ध संस्था संख्या २५१ पुगेको छ । विपन्न तथा साना किसानलाई स्थानीय स्तरमा नै लघुवित्त सेवा पुऱ्याउने कार्यमा संलग्न साना किसान सहकारी संस्थाहरुबाट आर्थिक कार्यक्रम

## बैंकको पुँजी योजना एवं सञ्चालक समितिको प्रस्तावित बनावट

(रकम रु.हजारमा)

| समूह | संचालक संख्या | शेयर रकम | प्रतिशत |
|---|---|---|---|
| समूह (क) प्रवर्धक समूह (७०%) | ५ | १४०००० | ७०% |
| क. १ कृषि विकास बैंक लि. | १ | ४४०५३ | २२% |
| क. २.१ नेपाल बैंक लि. | ०.६७ | १२१४२ | ६% |
| क. २.२ नेबिल बैंक लि. | ०.३३ | ६०७१ | ३% |
| क. ३ साना किसान सहकारी संस्थाहरु. | ३ | ७७७३४ | ३९% |
| समूह (ख) साधारण शेयरधनी (३०%) | २ | ६०००० | ३०% |
| जम्मा | ७ | २००००० | १००% |

## बैंकका ग्राहक संस्था संख्या




अर्न्तगत आफ्ना कृषकको आय वृद्धि गर्न विभिन्न कार्यका लागि कर्जा सेवा प्रदान हुँदै आएको छ। यस बाहेक संस्थाको आन्तरिक स्रोत बृद्धिका लागि सदस्य कृषकबाट विभिन्न किसिमका वचत संकलन, पशुविमा कार्यक्रम संचालन र संस्थाको शेयर खरिदमा साना किसानलाई उत्प्रेरित गर्ने कार्य समेत गर्दै आएका छन् । यस बैंकसँग कारोबारमा रहेका संस्थाहरुको आ.व. २०५९/६० देखि २०६७/६८ सम्मको केही सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ।

आ.व. २०५९/६० मा ४१% मात्र महिला सदस्य रहेकोमा आ.व.२०६७/६८ मा महिला सहभागिता ६३% पुगेको छ । यस अवधिमा सबै भन्दा उल्लेखनीय कुरा साना किसान सहकारी संस्थाहरु वित्तीय रुपमा आत्मनिर्भर र स्वसक्षम हुँदै गएका छन् । आ.व. २०५९/६० मा संस्थाले कुल लगानीमा रहेको कर्जामा २३% अंश मात्र रहेको आन्तरिक पुँजी आ.व.२०६७/६८ मा आईपुग्दा ६०% पुर्याएका छन् । त्यसै गरी प्राय: सबै संस्थाहरु सञ्चालन मुनाफामा रहेका छन्। संस्थाहरुले व्यावसायिक योजना र बार्षिक बजेट तथा कार्यक्रमका आधारमा सञ्चालन गर्ने व्यवस्थित बाटो अपनाएका छन्। यसले साना किसान सहकारी संस्थाको दीगो विकास हुने विश्वास लिईएको छ।

## ग्राहक संस्थाहरुका केही सूचकहरु

| विवरण | इकाई | ०५९/६० | ०६०/६१ | ०६१/६२ | ०६२/६३ | ०६३/६४ | ०६४/६५ | ०६५/६६ | ०६६/६७ | ०६७/६८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संस्था संख्या | संख्या | ५८ | ९४ | ११४ | १४१ | २१९ | २२० | २२४ | २३४ | २५१ |
| महिला संस्था संख्या | संख्या | ० | ३ | ८ | १२ | २० | २२ | २२ | २६ | ४२ |
| समूह संख्या | संख्या | ५७४१ | ८७३० | १०८८३ | १३३२२ | २०३५५ | २२३४६ | २३३१३ | २४४१२ | २८४२३ |
| सदस्य संख्या | संख्या | ३८३३१ | ५८२७३ | ७१००७ | ८५७३० | १२९८५१ | १३९३६८ | १४५९६२ | १५९७६७ | १८९८७७ |
| महिला सदस्य | % | ४१% | ४४% | ४४% | ४८% | ४९% | ५२% | ५६% | ५९% | ६३% |
| वचत | (रु.०००) | ३४९५५ | ५७९२९ | ८०८११ | ११३५२३ | २०२७३२ | २४४२३३ | ३०६०५२ | ५३०४९९ | ८२७१७३ |
| शेयर पुँजी | (रु.०००) | ८६७२ | ११८७७ | १६६८० | ७२९५४ | ५८८५० | ८६७९६ | १३२०६० | २६०९३० | ४५२९६४ |
| कुल आन्तरिक पुँजी | (रु.०००) | १५१६३४ | २१५१८८ | २९७३२४ | ४३३०३३ | ७२७१८७ | ९१६१८३ | १२८१६१४ | १९०२१०९ | २९९२८७३ |
| लगानीमा रहि रहेको | (रु.०००) | ६५७०५६ | ९४१६२० | ११९८८९९ | १४३४५३९ | २१२८९७१ | २४२९१७० | २३३२८५९ | ३३५५१४४ | ४९८१६२४ |

## संस्थाहरुको आन्तरिक र बाहृय स्रोतको अवस्था



# लघुवित्तकालागि थोक कर्जा कार्यक्रम

साना किसान विकास बैंकले ग्रामीण क्षेत्रमा महिला, दलित, पिछडिएका वर्ग र गरीबहरुसम्म अझ प्रभावकारी रुपले लघुवित्त सेवालाई विस्तार गर्न साना किसान सहकारी संस्थाहरु एवं अन्य लघुवित्त संस्थाहरुलाई थोक कर्जा प्रदान गर्ने व्यवस्था मिलाएको छ । आफ्ना सदस्य/ग्राहकहरुबाट माग भई आएको कर्जा आन्तरिक स्रोतबाट पुरा गर्न असमर्थ भएका लघुवित्त संस्थाहरुले यस बैंकसँग थोक कर्जा प्राप्त गर्न सक्ने छन् ।

### थोक कर्जाबाट संस्थाले लगानी गर्न सक्ने लक्षित समुदाय

१. आफ्नो वा एकाघर परिवारको नाममा पहाडमा बढीमा १५ रोपनीसम्म वा तराईमा १ बिगाहासम्म जमिन भएका वा सो जमीनबाट वर्षभरी खान लाउन नपुग्ने व्यक्ति वा घरपरिवार,

२. आफ्नो वा आफ्नो एकाघर परिवारका सदस्यको नियमित आयश्रोत नभई वर्षभरी खान लाउन नपुग्ने व्यक्ति वा घरपरिवार,

३. सरकारी निकाय वा अन्य बैंक तथा वित्तीय संस्थाबाट सञ्चालित आयमूलक कार्यक्रमद्वारा कर्जा सहयोग प्राप्त गरी तिर्नु पर्ने बाँकी कर्जा नदेखिएको व्यक्ति वा घरपरिवार,

४. दलित, मधेशी, पिछडिएका जाती र जनजातीहरु, विपन्न वर्गका महिलाहरु र/वा

५. लघुउद्यमीहरु

### बैंकको थोक कर्जा कारोवारको अवस्था

स्थापना देखि २०६८ मंसिर मसान्त सम्ममा यस बैंकले २३६ वटा साना किसान सहकारी संस्थाहरु र १५ वटा अन्य लघुवित्त संस्था गरी जम्मा २५१ वटा संस्था मार्फत लघुवित्तमा कुल रु. ८ अर्ब ५५ करोड ९७ लाख लगानी गरी रु ६ अर्ब ३५ करोड १ लाख सावाँ तथा रु. १ अर्ब ४६ करोड ४ लाख व्याज असुल गरिसकेको छ । यस अवधिमा बैंकको लगानीमा रहिरहेको ऋण रकम रु. २ अर्ब २० करोड ९६ लाख पुगेको छ । यस बैंकको स्थापना देखि २०६८ असार मसान्त सम्मको कर्जा कारोवारको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ ।

गत आ.व.को तुलनामा आ.व. २०६७/६८ मा बैंकले कर्जा लगानीमा ९६ प्रतिशतले वृद्धि गरी बार्षिक कर्जा लगानी रु. एक अर्व ८७ करोड नौं लाख अट्ठाईस हजार पुर्‍याएको छ भने रु. एक अर्व १० करोड ९५ लाख ४४ हजार साँवा असुली गरी असुलीमा समेत गत वर्षको भन्दा ८७ प्रतिशतले वृद्धि गर्न सफल भएको छ । आ.व.२०६६/६७ को अन्तमा बैंकको लगानीमा रहिरहेको कर्जा रु. एक अर्व ११ करोड ६० लाख ९६ हजार रहेकोमा २०६८ आषाढ मसान्तमा ६८ प्रतिशतले वृद्धि भई रु. एक अर्व ८७ करोड ७४ लाख ७७ हजार पुगेको छ। गत आ.व.को तुलनामा व्याज आम्दानीमा ५२ प्रतिशतले र व्याज खर्च ७० प्रतिशतले वृद्धि हुँदाहुँदै पनि सञ्चालन आम्दानी ३२ प्रतिशतले वृद्धि भई रु. आठ करोड १८ लाख २९ हजार पुगेको छ ।

**कर्जा लगानी असुली** रु. लाखमा




**लगानीमा रहेको रकम** रु. लाखमा



# मासु जन्य पशुपालन कर्जा कार्यक्रम

देशमा मासुजन्य पदार्थमा भएको ठूलो आयात प्रतिस्थापन गर्न पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकता महसुस गरी नेपाल सरकारले आ.व.२०६७/६८ को बार्षिक कार्यक्रम तथा बजेटमा मासु उत्पादनमा आत्मनिर्भर भै निर्यात प्रवर्द्धन गर्न पशुपालन कार्यक्रम अभियानकै रुपमा सञ्चालन गरिने जनाउँदै साना किसान विकास बैंक र साना किसान सहकारी मार्फत पशुपालक कृषकहरुलाई सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन रु. १ अर्ब विनियोजन गरेको कुरा उल्लेख भएको थियो । यस कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सरकारबाट मासुजन्य पशुपालनका लागि "पशुपालन कर्जा सम्बन्धी कार्यविधि, २०६७" जारी भई कार्यान्वयनमा ल्याइएको छ । नेपाल सरकारबाट आर्थिक वर्ष २०६७/०६८ मा साना किसान विकास बैंक लि.बाट साना किसान सहकारी संस्था लि.हरुलाई लगानी गर्ने गरी उल्लेखित सहुलियत ऋण रकम रु. १ (एक) अर्ब निकासा भएको छ। आ.व. २०६७/६८ मा १३ हजार विपन्न तथा साना किसानहरुलाई मासुजन्य पशुपालनका लागि कर्जा उपलब्ध गराउने कार्यक्रम तर्जुमा भएकोमा यस कार्यक्रमलाई आर्थिक वर्ष २०६८/०६९ मा पनि निरन्तरता दिई थप ५ हजार गरी कुल १८ हजार साना किसानहरुमा रकम रु. १.५ अर्बको पशुपालन कर्जा सेवा पुऱ्याउने लक्ष रहेको छ। यस कार्यक्रम अन्तर्गत २०६८ मार्ग मसान्तसम्म १७३ संस्थाका २८,४९६ साना किसानहरुबाट रु. एक अर्ब १५ करोड ५८ लाख ७० हजार कर्जा माग भई बैंकले सो मध्ये २०,५०१ किसानलाई लगानी गर्ने गरी रु. ९८ करोड ९९ लाख आठ हजार कर्जा स्वीकृत गरी सकेको छ । उक्त स्वीकृत कर्जा मध्ये २०६८ मंसिर मसान्तसम्ममा ११,०८८ साना किसानहरुले रु. ६३ करोड ३९ लाख १३ हजार कर्जा लिई ५२,८३६ वटा पशुपालन व्यवसाय शुरु गरीसकेका छन् । लगानी भएको कर्जामध्ये बाख्रापालनमा ४८.४ प्रतिशत, बंगुरपालनमा १०.२ प्रतिशत, पाडापाडीपालनमा ५.० प्रतिशत र भैसीपालनमा ३६.४ प्रतिशत रहेको छ ।



यस कार्यक्रमका निम्नानुसारका उद्देश्यहरु रहेकाछन्-

- ✓ नेपालका ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न तथा साना किसानहरुलाई मासुजन्य उत्पादनमा संलग्न गराई मुलुकलाई मासु उत्पादनमा आत्मनिर्भर बनाउन र निर्यात प्रवर्द्धन गर्न सघाउ पुऱ्याउने,
- ✓ विपन्न तथा साना किसानहरुलाई पशुपालन पेशाबाट दीगो आय आर्जनको आधार तयार गरी उनीहरुको जीवनस्तरमा सुधार ल्याउने र
- ✓ पशुपालन व्यवसाय मार्फत मुलुकमा व्याप्त गरिबी न्युनीकरणमा सघाउ पुऱ्याउने ।
- ✓ मासु जन्य पशुपालन कर्जा कार्यक्रम सम्बन्धमा बैंकको नीति निम्नानुसार रहेको छ-
- ✓ देशमा मासुजन्य पशुको संख्यामानै बृद्धि गराई मासुजन्य उत्पादन अभिबृद्धि गरी आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गर्न नेपाल सरकारको ऋण सहयोगमा सञ्चालित मासुजन्य पशुपालन कर्जा कार्यक्रमलाई आर्थिक वर्ष २०६८/०६९ मा पनि निरन्तरता दिने ।
- ✓ यस कार्यक्रमको अपेक्षित लक्ष हासिल गर्न स्थानीयस्तर मा गठित साना किसान सहकारी संस्था लि. एवं समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरुमा आवद्ध सदस्यलाई सहुलियत कर्जा एवं प्राविधिक सेवा उपलब्ध गराई पशुपालन कार्यमा प्रोत्साहित गर्ने ।
- ✓ ग्रामीण क्षेत्रका सम्भाव्य स्थानहरुमा पशुपालन पकेट क्षेत्रको रुपमा विकास गराई पशुपालनको माध्यमबाट दीगो रोजगारीको अवसर सिर्जना गरी पशुपालक किसानहरुको आयबृद्धिमा सघाउ पुऱ्याउने ।

पशुपालन कर्जा कार्यक्रम कार्यान्वयनमा अवलम्वन गरिएका रणनीतिहरु निम्नानुसर छन्-

### (क) कार्यक्रमको आकार, सेवा र समन्वय

- ✓ स्थानीयस्तरमा गठित २५० भन्दाबढी सहकारी संस्थाहरुमा आवद्ध पशुपालक सदस्यमा पशुपालन कर्जा प्रवाहका लागि रु. १.५ अर्ब बराबरीको थोक कर्जा सुविधा उपलब्ध गराई लगभग १८ हजार भन्दाबढी साना किसान परिवारहरुलाई संस्थागत कर्जामा पहुँच पुऱ्याउने हिसाबले पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गरिएको ।
- ✓ कार्यक्रमको सदुपयोगिता एवं प्रभावकारीताको अवस्था तथा देखिएका समस्या समाधानका लागि केन्द्रस्तरमा केन्द्रीय समन्वय समितिबाट मासिकरुपमा कार्यक्रमको समीक्षा गर्ने र जिल्लास्तरमा स्थानीय विकास अधिकारीको संयोजकत्वमा गठित जिल्ला

सहयोग समितिबाट आवश्यकतानुसार कार्यक्रमको समीक्षा एवं अनुगमनको व्यवस्था मिलाइएको ।

- ✓ कार्यक्रमको सघन अनुगमन एवं मूल्याङ्कन गर्ने व्यवस्थाका लागि संस्थास्तरमा र बैंकको इलाकास्तरमा अनुगमनको व्यवस्था गरिएको ।
- ✓ बैंकले संस्थाहरुलाई पशु प्राविधिक सेवा उपलब्ध गराउन एक जना पशु विज्ञको व्यवस्था मिलाएको ।
- ✓ कार्यक्रम सञ्चालन एवं कर्जा व्यवस्थापनका लागि बैंकले आवश्यकता अनुसार आफ्ना नीति, कार्यक्रम र कार्यपद्धतीहरुमा समयानुकुल परिमार्जन गरी लागु गर्दै आएको ।
- ✓ बैंक, पशु सेवा कार्यालय र संस्थाको समन्वयमा पशुपालक किसानहरुलाई स्थानीयस्तरमा नै आधारभूत पशुपालन तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउँदै आएको ।
- ✓ उत्पादित पशु तथा पशुजन्य पदार्थको सहकारी बजार विकासका लागि सहकारी संघहरुलाई परिचालित हुन प्रोत्साहित गरिएको ।
- ✓ नेपाल सरकारको सहयोगमा संस्थाहरुमा पशुधन सुरक्षणका लागि सामुदायिक पशुधन सुरक्षण कार्यक्रम अझै व्यापक विस्तार गर्न उत्प्रेरित गर्दै आएको । गुणस्तरीय पशुधन सुरक्षण कार्यक्रमका लागि आवश्यक पशु स्वास्थ्य कार्यकर्ता तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था मिलाइएको ।
- ✓ स्थानीयस्तरमा पशु स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाउन जिल्ला पशु सेवा कार्यालय, स्थानीय संस्था र अन्य सहयोगी निकायहरु बीच समन्वय गर्न संस्थाहरुलाई सवलीकरण गर्ने कार्य सम्भव भएसम्म गर्दै आएको ।
- ✓ पशुपालन थोक कर्जा लिने संस्थाहरुलाई बैंकको निर्देशनको पालना, कर्जाको सदुपयोग, कार्यक्रमको अनुगमन निरीक्षण, कर्जा असुली र समयमा कर्जा भुक्तानी गर्न जिम्मेवार बनाइएको ।

### (ख) पशु आहारा तथा पशु स्वास्थ्य

- ✓ आहाराको उपयोग तर्फ स्थानीय स्रोतको उपयोगलाई प्राथमिकता दिई सो को गुणस्तरका लागि घाँस लगाउन प्रोत्साहित गरिएको ।
- ✓ पशुहरुमा लाग्ने मुख्य रोगहरु र त्यसको उपचारका लागि पशु स्वास्थ्य कार्यकर्ता प्रवर्द्धन गर्ने व्यवस्था मिलाउने तर्फ काम भइरहेको ।
- ✓ जटिल समस्या तथा रोगका लागि पशुसेवा विभाग तथा अन्य तत्सम्बन्धी कार्य गर्ने संस्थासँग समन्वय गर्न उत्प्रेरित गरिएको ।

### (ग) पशुधन सुरक्षण

- ✓ पशुहरुको सुरक्षणका लागि संस्थास्तरमा पशुधन सुरक्षण समिति गठन गरी पशुधन सुरक्षण कोष सञ्चालन गर्न प्रोत्साहित गरिएको ।



- ✓ पशुधन सुरक्षणका लागि आवश्यक कोषको व्यवस्था मिलाउन सुरक्षण गर्ने पशुपालक किसानको तर्फबाट ५० प्रतिशत र अनुदान ५० प्रतिशतका हिसावले प्रिमियम लागतको व्यवस्था गरिएको ।
- ✓ विगतमा भैसी, गाई, गोरुजस्ता ठुला पशुहरुको सुरक्षणलाई प्राथमिकता दिइदै आएकोमा पशुपालन कार्यक्रम कार्यान्वयन पछि बाखा र बंगुरको पनि सुरक्षण गर्न प्रोत्साहित गरिएको ।

### (घ) पशु आपूर्ति

- ✓ नेपाल सरकार तथा अन्य तत्सम्बन्धी निकायहरुसँग समन्वय गरी माउँ भैसी तथा पाडापाडी मास्ने र पोथी पशु मासुका लागि बेच्ने परिपाटीलाई निरुत्साहित गर्न संस्थास्तरमा पहल गर्न जानकारी गराउँदै आएको ।
- ✓ संभव भएसम्म भारतका बजारवाट उन्नत नश्लका भैसी ल्याउन प्रोत्साहित गरिएको ।
- ✓ बाखा तथा बंगुरको जनसंख्या छिटै बृद्धि गर्न सकिने र नश्ल सुधार समेत गर्न सकिने भएकाले उन्नत जातको बोका/भालेबाट प्रजनन् गराउने कार्यलाई प्राथमिकता दिइएको ।
- ✓ एकै ठाउँमा बढी संख्यामा बाखापालन गर्दा व्यवस्थापनमा बढी समस्या आउने भएकाले बाखापालन कार्यलाई क्रमशः व्यावसायीकरण तर्फ उन्मुख गराउन ५ देखि १० माउको संख्यालाई प्राथमिकता दिइएको ।
- ✓ बंगुरपालनका लागि कम्तिमा ३ (तीन) वटा बंगुरबाट व्यवसाय शुरु गर्न प्रोत्साहित गरिएको ।

### (ङ) कार्यक्रमको प्राथमिकता र प्रचार प्रसार व्यवस्था

- ✓ मासुजन्य पशुपालन कार्यक्रमबाट ग्रामीण किसानहरुमा रोजगारीको अवसरको सिर्जना, प्राङ्गारिक मल, मासु तथा दुध आदी जस्ता पशुजन्य पदार्थ उत्पादनमा अभिबृद्धि भई पशुपालक किसानको आयबृद्धि मार्फत पशुजन्य पदार्थको आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धनमा सघाऊ पुग्न गई राज्यलाई बहुआयामिक प्रतिफल प्राप्त हुने भएकाले पशुपालनका लागि लगानी गर्दा प्राथमिकता क्रम अनुसार क्रमशः बाखा, भैसी, पाडापाडी र बंगुरपालन गर्ने किसानहरुलाई ऋण सेवा उपलब्ध गराइएको छ ।

- ✓ पशुपालन सम्बन्धी कृषक हाते पुस्तिका, पाठ्यक्रम र पाठ्य सामाग्री विकास गरी तालिमका लागि सहजकर्ताको विकास गर्ने कार्य शुरु गरिएको छ । पशुपालनमा मुख्य रुपले गोठ, आहारा, स्वास्थ्य, कर्जा र अनुगमनलाई प्राथमिकता दिइएको छ ।
- ✓ किसान स्तरमा गाउँमा नै प्रदान गरिने एक दिने तालिमलाई प्राथमिकता दिइएको छ ।
- ✓ पशुपालन सम्बन्धी पम्पलेट, ब्रोसर, समाचार, सफलताका कथा, अध्ययन अनुसन्धान गरी सो सम्बन्धी प्रतिवेदनहरु प्रकाशनमा ल्याउने तयारी भैरहेको छ ।

**मासुजन्य पशुपालन कार्यक्रमको २०६८ मंसिर मसान्तसम्मको प्रगति :**

(क) नीति, कार्यविधि तर्जुमा, कार्यक्रम अभिमुखिकरण र बजेट निकासा :

मन्त्री परिषदबाट पशुपालन कर्जा सम्बन्धी कार्यविधि, माघ ३, २०६७ का दिन स्वीकृत भई बैंकमा माघ २०, २०६७ प्राप्त भएको थियो । सोही कार्यविधिका आधारमा बैंक र नेपाल सरकार, अर्थ मन्त्रालय बिच माघ २०, २०६७ का दिन कार्यक्रम संझौता सम्पन्न भई फागुन ९, २०६७ मा कर्जाको पहिलो किस्ता रु. ३० करोड निकासा भयो । यसै गरी बैंकले आफ्नो पशुपालन कर्जा कार्यविधि तर्जुमा गरी फागुन ११, २०६७ मा कार्यान्वयनका लागि फिल्ड कार्यालयहरुमा पठाई पशुपालन कर्जा कार्यान्वयन कार्यपद्धतिका विषयमा संस्थास्तरमा २०६७ फागुन १५ देखि ३० गतेसम्मको अवधिमा जानकारी गराउने कार्य सम्पन्न गर्‍यो । कार्यपद्धति सम्बन्धी अभिमुखिकरण पश्चात मिति २०६७ चैत्र १ देखि कर्जाको माग संकलन र कारोवार शुरु गरिएको थियो । तत् पश्चात नेपाल सरकारबाट मिति बैशाख २५, २०६८ मा कर्जाको दोस्रो किस्ता रु. ३० करोड र मिति जेष्ठ ३१, २०६८ मा तेस्रो किस्ता रु. ४० करोड गरी कुल रु. १ (एक) अर्ब निकासा भएको छ । चालु आर्थिक वर्ष २०६८/०६९ को बजेट रकम रु. ५० करोड मध्ये पहिलो किस्ता रकम रु. ५ (पाँच) करोड निकासाको क्रममा रहेको छ ।

(ख) कार्यक्रम संचालन गर्न बैंकको कार्यसञ्जाल :

बैंकको केन्द्रीय कार्यालयको कर्जा एकाइ तथा इलाका कार्यालय बिर्तामोड, इटहरी, जनकपुर, हेटौडा, गजुरी, पोखरा, बुटवल र नेपालगञ्ज गरी ९ ठाउँबाट साना किसान सहकारी संस्था लि.हरुलाई थोक कर्जा सेवा उपलब्ध गराउँदै आएको छ भने साना किसानस्तरमा कर्जा सेवा उपलब्ध गराउन यस बैंकसँग हालसम्म २५१ (अन्य लघुवित्त संस्था समेत) संस्थाहरु संलग्न रहेका छन् । नेपालको ४१ जिल्लाका ३३२ भन्दाबढी गा.बि.स.भित्र बसोबास गर्ने १९४ हजार सदस्य (महिला ६३ प्रतिशत) लाई यी संस्थाहरुले लघुवित्त सेवा उपलब्ध गराउँदै आएका छन् ।

(ग) मंसिर २९, २०६८ सम्मको कर्जा मागको विवरण:

| क्र.सं. | विवरण | २०६८ आषाढ | २०६८ मंसिर सम्मको | फरक (थप) |
|---|---|---|---|---|
| | कर्जा माग गर्ने संस्था संख्या | १५९ | १७३ | १४ |
| | किसान संख्या | २१००५ | २८४९६ | ७४९१ |
| | कर्जा माग रकम (रु. हजारमा) | ७९९४८५ | ११५५८७० | ३५६३८५ |
| | पशुसंख्या : बाखा | ४१९४९ | ६००१३ | १८०६४ |
| | बंगुर | १००२३ | १२८३२ | २८०९ |
| | पाडापाडी | ५९६८ | ८५०२ | २५३४ |
| | भैसी | ५२९० | ७६३८ | २३४८ |

(घ) मंसिर २९, २०६८ सम्मको कर्जा स्वीकृती सम्बन्धी विवरण:

| क्र.सं. | विवरण | २०६८ आषाढ | २०६८ मंसिर सम्मको | फरक (थप) |
|---|---|---|---|---|
| | कर्जा स्वीकृत भएको संस्था संख्या | १५४ | १७० | १६ |
| | कर्जा स्वीकृत भएको किसान संख्या | १५९७७ | २०५०१ | ४५२४ |
| | स्वीकृत कर्जा रकम | ६४४७०६ | ९८९९०८ | ३४५२०२ |
| | स्वीकृत पशुसंख्या : बाखा | ३६४६३ | ५३५८२ | १७११९ |
| | बंगुर | ९६५५ | १२३९० | २७३५ |
| | पाडापाडी | ४२९६ | ६४६१ | २१६५ |
| | भैसी | ४०६० | ६०३६ | १९७६ |

(ङ) मंसिर २९, २०६८ सम्मको कर्जा लगानी सम्बन्धी विवरण :

| क्र.सं. | विवरण | २०६८ आषाढ | २०६८ मंसिर सम्मको | फरक (थप) |
|---|---|---|---|---|
| | कर्जा लगानी भएको संस्था संख्या | १५१ | १६४ | १३ |
| | कर्जा लगानी भएको किसान संख्या | ८७४१ | ११०८८ | २३४७ |
| | लगानी भएको कर्जा रकम (रु. हजारमा) | ४६२११७ | ६३३९१३ | १७१७९६ |
| | लगानी भएका पशुसंख्या : बाखा | २८७९६ | ३७७६३ | ८९६७ |
| | बंगुर | ६०८८ | ७६२६ | १५३८ |
| | पाडापाडी | २६०२ | ३२४७ | ६४५ |
| | भैसी | ३१९२ | ४२०० | १००८ |

(च) कार्यक्रम सञ्चालन भइसकेका जिल्लाहरु :

२०६८ मंसिरसम्म कार्यक्रम सञ्चालन गर्ने जिल्लाहरुमा झापा, मोरङ्ग, सुनसरी, सिराहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, दोलखा, काभ्रे, नुवाकोट, मकवानपुर, बारा, रौतहट, चितवन, धादिङ्ग, गोरखा, कास्की, तनहुँ, लमजुङ्ग, बागलुङ्ग, पर्वत, स्याङ्गजा, गुल्मी, नवलपरासी, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, दाङ्ग, प्युठान, सुर्खेत, बर्दीया, बाँके, कैलाली, र कन्चनपुर गरी ३६ जिल्ला रहेका छन् भने निकट भविष्यमा नै इलाम, पर्सा, पाल्पा, सिन्धुपाल्चोक र सल्यान गरी ५ जिल्लाहरुमा कार्यक्रम विस्तार गरिनेछ ।

(छ) पशुसेवा विभागको समीक्षा गोष्ठीमा सहभागिता :

पशुसेवा विभागद्वारा पाँचै विकास क्षेत्रमा मिति २०६८/५/६ देखि २०६८/५/२१ सम्म आयोजना गरिएको आर्थिक वर्ष २०६७/०६८ को समीक्षा गोष्ठीमा बैंकको पशुपालन कर्जा कार्यक्रमका सम्बन्धमा प्रस्तुतिकरण गरियो । यस प्रस्तुतिकरण पश्चात जिल्लास्तरमा बैंक र पशुसेवा कार्यालय बिच समन्वयमा सहजता समेत महसुस गरिएको छ ।

(ज) पशुपालन कर्जा कार्यक्रमको समीक्षा तथा केन्द्रीय अनुगमन :

कार्यक्रमको शुरु देखि नै बैंकको केन्द्रीय कार्यालयले आवश्यकतानुसार कार्यक्रमको अनुगमन गर्दै आएको छ । नेपाल सरकार अर्थ मन्त्रालयका उच्च प्रतिनिधि, राष्ट्रीय योजना आयोगका उच्चस्तरीय प्रतिनिधि तथा बैंकको संयुक्त टोलीबाट समेत सुर्खेत, गोरखा, चितवन, धादिङ्ग, दोलखा आदी जिल्लामा अनुगमन सम्पन्न गरी यसलाई निरन्तरता दिदै आएको छ । यसै गरी बैंकले २०६८ माघ १५ गतेसम्ममा बैंकको आठवटै इलाका कार्यालयहरुमा हालसम्म पशुपालन एवं स्वरोजगार कर्जा कार्यक्रम सञ्चालन गर्ने सबै संस्थाहरुलाई सहभागी गराई कार्यक्रमको समीक्षा गर्ने व्यवस्था मिलाएकोमा अहिलेसम्म लुम्बिनी, मेची र कोशी क्षेत्रको समीक्षा सम्पन्न गरिसकेको छ । जसमा १०५ भन्दा बढी संस्थाको २१० जनाको सहभागिता रहेको थियो ।

(झ) संस्थाका किसानहरुबाट २०६८ को दशैमा बिक्री गरिएका पशु :

साना किसान सहकारी संस्था लि.हरुबाट बैंकको इलाका कार्यालय मार्फत प्राप्त तथ्याङ्क विवरण अनुसार २०६८ सालको दशैमा साना किसान सहकारी संस्था क्षेत्रका १३२ संस्थाका पशुपालक किसानहरुबाट झण्डै २२ करोड मुल्यका २१२५३ वटा खसी, ३८६६ वटा बंगुर, ३२७७ वटा पाडा र ३९ वटा राँगा गरी कुल २८४३५ वटा पशुहरु स्थानीयस्तरमा खपत तथा बाह्य क्षेत्रमा बिक्री गरिएको देखिएको छ भने सो मध्ये पशुपालन कर्जा कार्यक्रममा संलग्न किसानहरुबाट मात्र झण्डै रु. ११ करोड मुल्यका १३८२७ वटा खसी, १११७ वटा बंगुर, ६४० वटा पाडा र १९ वटा राँगा गरी कुल १५६०३ वटा पशुहरु स्थानीयस्तरमा खपत तथा बाह्य क्षेत्रमा बिक्री गरिएको देखिएको छ । २०६७ चैत्रबाट शुरु गरिएको यस कार्यक्रमले छ महिनाको अवधिमा नै यस किसिमको उत्साहजनक प्रगति र सकारात्मक प्रभाव देखिनुले हामीलाई यस क्षेत्रमा लगानी बढाउन थप हौसला प्रदान गरेको छ ।



तत्कालिन अर्थ सचिव श्री रामेश्वरप्रसाद खनाल पशुपालन कर्जाको चेक हस्तान्तरण गर्दै



राष्ट्रिय सहकारी संघका अध्यक्ष श्री केशव वडाल साना किसानको बंगुर फारम अवलोकन गर्दै

# स्वरोजगार कर्जा कार्यक्रम



**परिचय :**

नेपालको अस्थिर राजनितिक अवस्था, पूर्वाधारको विकासमा कमी, जटिल एवं कठिनतम् भौगोलिक बनावट, कमजोर ग्राहस्ठ उत्पादन आदिका कारण यहाँका पढेलेखेका अमेरिका युरोप तर्फ र अन्य युवा जमातहरु खाडी मुलुक तर्फ आकर्षित भैरहेका छन् । विदेशबाट पठाएको पैसामा जीवन आस्रित हुने गरी गाँउमा बसेका बाबु आमालाई शहर तथा शहरोन्मुख क्षेत्रमा बसोवास गराउने क्रम बढ्दो छ । नेपालको ग्रामीण क्षेत्रमा स्वरोजगार व्यवसायको प्रचुर संभावना रहँदा रहदै पनि स्वरोजगार व्यवसायमा लाग्नेहरुको संख्यामा क्रमिक कमी आइरहेको अवस्था छ । बैदेशिक रोजगारीबाट आम्दानीमा भएको बृद्धि तथा रहनसहनमा आएको परिवर्तनले सुविधायुक्त वस्तु उपभोगको बानी र मात्रा दिनानुदिन बढ्दै गएको देखिन्छ । एकातिर उपभोगमा बृद्धि हुँदै जानु र अर्को तर्फ स्वरोजगार व्यवसाय दिनदिनै घट्दै जाँदा देशमा उपभोग्य पदार्थको आयात बढ्दै गएको अवस्था छ । बेरोजगारमा साना र गरीब किसानहरुको बाहुल्यता अझ बढी रहेको देखिन्छ ।

उत्पादनशील श्रमको अधिकतम उपयोग, उद्यमशीलताको विकास मार्फत परम्परागत उत्पादन प्रणालीमा परिवर्तन गरी देशको द्रुततर विकासको लागि युवा तथा साना व्यवसायी बेरोजगारहरुलाई स्वरोजगारको अवसर उपलब्ध गराउन, बैंक तथा वित्तीय संस्थाबाट सुहलियत ब्याजदरमा विनाधितो आवधिक ऋण उपलब्ध गराउन "स्वरोजगार कोष" खडा गर्न र सो कोषबाट स्वरोजगार कार्यक्रम सञ्चालन गर्न र व्यवसायिक तालिम उपलब्ध गराउन "युवा तथा साना व्यवसायी स्वरोजगार कोष"को स्थापना भएको हो ।

२०६५ सालमा स्थापित यस कोषमा जम्मा भएको वित्तीय स्रोत परिचालन गर्ने अभिप्रायले बैंकले उक्त कोषमा स्वरोजगार कर्जा कार्यक्रम सम्बन्धी प्रस्ताव गरेको र उक्त प्रस्तावका आधारमा बैंकलाई कोषबाट आर्थिक वर्ष २०६७/०६८ देखि तीन वर्षको अवधिमा पहिलो वर्ष रु. ३० करोड, दोस्रो वर्ष रु.३० करोड र तेस्रो वर्षमा रु. ४० करोड गरी रकम रु. १ (एक) अर्व ऋण उपलब्ध गराउने गरी बैंक र कोष बिच २०६७ फागुन २० गते संझौता गरिएको थियो । सो व्यवस्था अनुसार सम्बन्धित निकायहरुको सहयोग समेत लिई साना किसान विकास बैंक लि.ले बैंकमा आवद्ध साना किसान सहकारी संस्था तथा अन्य लघुवित्त संस्था मार्फत १०,००० साना व्यवसायीहरुलाई सहुलियत ब्याजदरमा स्वरोजगारयुक्त व्यवसाय सञ्चालन गर्न कर्जा सेवा उपलब्ध गराई स्वरो जगार व्यवसायमा व्यापकता ल्याउने तयारी गरेको थियो ।

उल्लेखित संझौताको आधारमा २०६७ फागुनमा पहिलो वर्षको पहिलो किस्तास्वरुप रु. ९ करोड रकम बैंकलाई प्राप्त भएको छ । उक्त रकम प्राप्त भएपछि बैंक र संस्थाहरुको स्वरोजगार कर्जा कार्यविधि तयार गरी सबै संस्था क्षेत्रमा अभिमुखिकरण कार्य सम्पन्न गरेर २०६८ असार देखि मात्र लगानी कार्य शुरु गरिएको हो ।

**२०६८ पौष १५ गतेसम्मको प्रगति स्थिति :**

२०६८ असारदेखि लगानी शुरु भएको यस कार्यक्रममा २०६८ पौष १५ गतेसम्ममा १७ जिल्लाका ४७ वटा साना किसान कृषि सहकारी संस्थाहरुबाट कर्जा लगानी भएको छ। प्रत्यक्ष रुपमा यस कार्यक्रमबाट कुल ६२७ जना साना किसान परिवारले रोजगारीको अवसर प्राप्त गरेका छन् । कुल ६२७ जना मध्ये ३८९ जना महिला र २३८ जना पुरुष व्यवसायी रहेका छन् ।

पशुपंक्षीपालन व्यवसाय तर्फ ३ शीर्षकमा १७१ जना, कृषि व्यवसायमा ५ शीर्षकमा ३१ जना, सेवा व्यवसायमा ८ शीर्षकमा १२२ जना, लघुउद्यम तर्फ २२ शीर्षकमा १०० जना र व्यापार व्यवसाय तर्फ १३ शीर्षकमा २०३ जना गरी कुल ६२७ जनाले स्वरोजगार कर्जा लिई व्यवसाय शुरु गरे का छन् । बैंकलाई स्वरोजगार कोषबाट प्राप्त भएको पहिलो वर्षको पहिलो किस्ता रकम रु. ९ करोड मध्येबाट २०६८ पौष १५ गतेसम्ममा उल्लेखित व्यवसायीलाई बैंकले रकम रु. नौ करोड पाँचलाख ७९ हजार स्वरोजगार कर्जा लगानी गरी सकेको छ ।

# क्षमता विकास कार्यक्रम

### (क) बैंक कर्मचारीहरुको तालिम/गोष्ठी

आ.व.२०६७/६८ मा बैंकले आफ्ना कर्मचारीहरुको वृत्ति विकासका लागि विभिन्न तालिम तथा गोष्ठीहरु आयोजना गऱ्यो। यसै गरी विभिन्न मुलुक भित्र र बाहिरका संस्थाहरुसँग समेत समन्वय गरी यस्ता अवसरहरु सिर्जना गरिए । यस अवधिमा CITA, ADB, CICTAB, CMF, RMDC, NRB, NCF, NBTI, NEFSCUN आदि द्वारा आयोजित १३ वटा कार्यक्रममा बैंकका २५ जना कर्मचारीहरुको सहभागिता रह्यो । यी कार्यक्रमहरुमा संस्थाका ९ जना प्रबन्धकहरुलाई समेत सहभागी गराइएको छ । बैंक आफैंले सञ्चालन गरेका विभिन्न तालिमहरुमा बैंकका ७ जना कर्मचारीहरुले भाग लिएका छन् ।

CICTAB द्वारा श्रीलंकामा आयोजना गरेको तालिममा २ र लखनउमा आयोजना गरेको तालिममा १ जना बैंकका कर्मचारीले भाग लिएका छन् ।

### (ख) साना किसान सहकारी संस्था स्तरका तालिम गोष्ठी

यस बैंकले साना किसान सहकारी संस्थाहरुको क्षमता विकासका लागि विभिन्न तालिम गोष्ठी सञ्चालन गर्दै आएको छ। सकेसम्म सबै संस्थाहरुलाई वित्तीय व्यवस्थापन, वित्तीय विश्लेषण, सहकारी व्यवस्थापन, लेखा निरीक्षण सीप, अनुसरण कार्यक्रम सम्बन्धि सीप, अनुगमन तथा मुल्यांकन तथा सदस्यहरुको सीप अभिबृद्धि सम्बन्धि विभिन्न तालिम प्रदान गर्दै आएको छ। यस कार्यमा नेपाल सरकारले प्रदान गर्ने वित्तीय स्रोतको महत्वपूर्ण योगदान रहिआएको छ । आव.व.२०६७/६८ मा मात्र बैंकले कुल १४८ तालिम तथा गोष्ठी आयोजना गरी आठ हजार चार सय ४७ जना लाभान्वित भएका छन् । उक्त तालिम तथा गोष्ठी कार्यक्रमहरुको विवरण निम्नानुसार छ।

## संस्थास्तरका तालिम तथा गोष्ठीको प्रगति

| क्रसं | कार्यक्रमको विवरण | संख्या | सहभागि संख्या | | |
|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा |
| १ | संस्थागत सुधार सम्बन्धि गोष्ठी संचालन | २ | ४४ | १८ | ६२ |
| २ | साना किसान सहकारी संस्थाहरुको इ.का. स्तरीय समिक्षा गोष्ठी | ६ | ९१ | ३०३ | ३९४ |
| ३ | संस्था स्तरीय अभिमुखिकरण तालिम | १३ | ३६७ | १७८ | ५४५ |
| ४ | विभिन्न साना किसान सहकारी संस्थाको अवलोकन भ्रमण कार्यक्रम | ८ | ४ | ५४ | ५८ |
| ५ | अनुसरण कार्यक्रम हस्तान्तरण | ८ | ३००३ | ३९५ | ३३९८ |
| ६ | मासुजन्य पशुपालन कर्जा लगानी सम्बन्धि कार्यक्रम | १० | १४२ | ४३८ | ५८० |
| ७ | स्वरोजगार कर्जा कार्यक्रम संचालन सम्बन्धि गोष्ठी | १४ | ८६ | ३५७ | ४४३ |
| ८ | साना किसान सहकारी अनुसरण कार्यक्रम मूलसमिति तालिम | ६ | १२५ | २६ | १५१ |
| ९ | संस्थाहरुको कार्यक्रम/बजेट तर्जुमा कार्यशाला | ९ | ६१ | २०५ | २६६ |
| १० | लेखा व्यवस्थापन तालिम | १ | २४ | १ | २५ |
| ११ | साना किसान अनुसरण कार्यक्रम अनुगमन तथा मूल्यांकन | ६ | ० | ६ | ६ |
| १२ | व्यवसायिक योजना तर्जुमा गोष्ठी | १ | ३१ | ३८ | ६९ |
| १३ | पशुस्वस्थ्य तथा पशुधन सुरक्षण तालिम | ५० | ११६० | ८०६ | १९६६ |
| १४ | लेखा तथा कार्यालय व्यवस्थापन तालिम | ९ | १८८ | १०६ | २९४ |
| १५ | अनुसरण कार्यक्रम अभिमुखिकरण गोष्ठी | २ | ४३ | २८ | ७१ |
| १६ | साना किसान कृषि सहकारी संस्था सञ्चालन एवं व्यवस्थापन तालिम | २ | ८० | ० | ८० |
| १७ | सहकारी व्यवस्थापन तथा व्यावसायिक योजना तालिम | १ | ३९ | ० | ३९ |
| | जम्मा | १४८ | ५४८८ | २९५९ | ८४४७ |

### (ग) अन्य सहकारी संस्थाहरुको क्षमता विकास कार्यक्रम

आ.व.२०६७/६८ मा बैंकले नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.को साझेदारीमा ४२ वटा अन्य ग्रामीण सहकारी संस्थाहरुलाई तालिम/गोष्ठी तथा अन्य प्राविधिक सहयोग प्रदान गरी क्षमता विकास गराएको छ। हाल यी ४२ संस्थाबाट ५८,१८३ ग्रामीण साना किसान परिवारहरुले लघुवित्त सेवा प्राप्त गर्न थालिसकेका छन्। भविष्यमा यी संस्थाहरुको क्षमता अनुसार क्रमशः वित्तीय संस्थाहरुसँग सम्बन्ध गाँसिने कार्यक्रम रहेको छ।

### (घ) सामाजिक सामुदायिक विकास कार्यक्रम

लघुवित्त सेवाले मात्र साना किसानको जिवनस्तरमा सुधार ल्याउन नसकिने महसुस गरी साना किसान सहकारी संस्थाहरुले आफ्ना सदस्यको समग्र पक्षमा सुधार ल्याउन नेपाल सरकार तथा आन्तरिक स्रोतको उपयोग गरी तालिम लगायत शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण संरक्षण, मातृशिशु कल्याण जस्ता सामाजिक कार्यक्रम र पुलपुलेसा तथा बाटो निर्माण, विद्यालय तथा सामुदायिक भवन निर्माण/सिंचाई कुलो निर्माण/मर्मत, वृक्षारोपण आदि जस्ता सामुदायिक कार्यक्रम सञ्चालन गरेका छन्। यस्ता कार्यक्रममा संस्थाको आफ्नो वित्तीय स्रोत र कृषकको श्रमदानको उच्चतम उपयोग गरिएको छ भने वाह्य श्रोतको अंश ११% मात्र परेको देखिन्छ। आर्थिक वर्ष २०६७/६८ मा संस्थाहरुबाट संचालित सामाजिक सामुदायिक कार्यक्रमको विवरण तलको तालिकामा प्रस्तुत छ।

### (ङ) विप्रेषण सेवा

बैदेशिक रोजगारीका लागि ग्रामीण क्षेत्रबाट विदेश जाने हरुको संख्या बढ्दै गएको छ। गाउँठाउँमा विदेशबाट पठाईने रकम सहज ढंगले प्राप्त गर्न झेल्नु परेको कठिनाई कम गर्न बैंकले साना किसान सहकारी संस्थाहरुलाई समेत रेमिट्यान्स कारोवारमा संलग्न गराई घर आगनमै रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छ। यसका लागि बैंकले विप्रेषण सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी साना किसान सहकारी संस्थाहरुसँग सम्बन्ध विकास गराउने एवं संस्था र सेवा प्रदायक संस्थाको पुलको रुपमा काम गरी ग्रामीण क्षेत्रमा रहेका साना किसान सहकारी संस्थाहरुको विप्रेषण सेवा व्यवसायमा क्षमता अभिवृद्धि गराउँदै आएको छ। बैंकको सेवा क्षेत्र अन्तरगत आ.व.२०६७/६८ मा रेमिट्यान्स कार्यक्रम मार्फत २,१९३ जनालाई रु.आठ करोड ४९ लाख ६९ हजार भुक्तानी गरिएको छ।

## साना किसान सहकारी संस्थाहरुद्वारा सञ्चालित सामाजिक सामुदायिक कार्यक्रम

| क्रसं | कार्यक्रमको नाम | कार्यक्रम संख्या | भौतिक प्रगति (एकाई) | लाभान्वित परिवार संख्या | कुल लागत (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बैंकबाट अनुदान | स्थानीय सहभागिता | जम्मा |
| १ | ग्रामीण खाने पानी | १० | २८ | ८७१ | १७३ | १९२ | ३६५ |
| २ | सुलभ शौचालय निर्माण | १७ | ३०७ वटा | १३६९ | २०७ | ५१७ | ७२४ |
| ३ | कृषि सडक निर्माण | ८ | ८.२ km | ४८७९ | ७१ | १८३ | २५४ |
| ४ | स्प्रे टंकी खरिद/वितरण | ९ | ९२१ थान | १८९७ | ९१ | १८० | २७१ |
| ५ | कुलो मर्मत | १ | १० फिट उचाइ | ५० | ५ | १५ | २० |
| ६ | कलभर्ट निर्माण | २ | २ थान | ५३८ | १५ | ८३ | ९८ |
| ७ | बृक्षारोपण कार्यक्रम | ३ | ८५५० | २०७ | ११ | २३ | ३४ |
| ८ | पशु नश्ल सुधार | ८ | १४ | ३०८८ | ६९ | ४८ | ११७ |
| ९ | सामुदायिक भवन निर्माण | २५ | ३४ | १३९६८ | ६०३ | १०४४२ | ११०४५ |
| १० | उन्नत तरकारी बिउ वितरण | १३ | ६०० kg | ३३५२ | ९७ | १९० | २८७ |
| ११ | पशु भ्याक्सीन कार्यक्रम | १ | ३००० | ४०० | १५ | १५ | ३० |
| १२ | फर्निचर खरिद कार्यक्रम | १ | १६ | २५० | १० | १० | २० |
| १३ | सार्वजनिक प्रतिक्षालय निर्माण | २ | ३ | ९०० | २० | ५६ | ७६ |
| १४ | बाखा, पाठा तथा बंगुर साटासाट | ४ | ४९ | ५१ | ६० | ११५ | १७५ |
| १५ | जनचेतना अभिबृद्धि कार्यक्रम | ४ | १२ | २१५ | ५३ | ७२ | १२५ |
| | कुल जम्मा | १०८ | | ३२०३५ | १५०० | १२१४१ | १३६४१ |

# साना किसान विकास बैंक र ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम

सन् २००५ मा एशियाली विकास बैंकको आर्थिक तथा प्राविधिक सहयोगमा भएको यस बैंकको वित्तीय तथा सञ्चालन विश्लेषण प्रतिवेदनमा यस बैंकको ऋण गुणस्तर, साना किसान सहकारी संस्थाहरुको ऋणको गुणस्तरमा निर्भर हुने तथ्य उल्लेख भएको छ। उक्त प्रतिवेदनमा साना किसान विकास बैंक एवं साना किसान सहकारी संस्थाहरु मार्फत ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अभिबृद्धिको सम्भावनालाई समेत प्रस्तुत गरिएको छ।

### ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम प्रथम चरण

नेपाल सरकार, अर्थमन्त्रालय अन्तर्गत रहने गरी एशियाली विकास बैंकको वित्तीय तथा प्राविधिक सहयोगमा नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक, National Banking Training Institution (NBTI) एवं साना किसान विकास बैंकले कार्यान्वयन निकाय (Implementing Agency) को रुपमा कार्यगर्ने गरी सन् २००६ देखि ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम सञ्चालन भएको छ। उक्त कार्यक्रम अन्तर्गत आ.व. २०६७/६८ सम्ममा यस बैंकले सम्पन्न गरेक कार्यहरु तल प्रस्तुत गरिएको छ।

बैंकको व्यावसायिक योजना तर्जुमा : साना किसान विकास बैंक लि. को पाँच बर्षे व्यावसायिक योजना (सन २००९–२०१३) तर्जुमा गरी लागु गरिएको छ। व्यवसायिक योजनालाई बार्षिक समीक्षा तथा मुल्याङ्कन गरी आवश्यकता अनुसार परिमार्जन गर्ने व्यवस्था मिलाइएको छ।

शेयर संरचनामा परिवर्तन : नेपाल सरकार, कृषि विकास बैंक, नेपाल बैंक, नविल बैंक र साना किसान सहकारी संस्थाहरुको शेयर लगानीमा साना किसान विकास बैंकको स्थापना भएको हो। उक्त संस्थापक शेयर धनीहरुको शेयर स्वामित्व मध्ये नेपाल सरकारको स्वामित्वमा रहेको रु. दुई करोड रकम वरावरको शेयर एवं कृषि विकास बैंक लि.को स्वामित्वमा रहेको रु. ७ (सात) करोड मध्ये उक्त बैंकले अफलोड गरेको शेयर रकम रु दुई करोड उनान्साठी लाख छयालीस् हजार सातसय बरावरको शेयर रकम साना किसान सहकारी संस्था लि.हरुले आफ्नो स्वामित्व रहने गरी खरिद गरेका छन्। शेयर तथा सञ्चालकको संरचनामा भएको परिवर्तन यसै श्रृंङ्खलाको उपलब्धी हो।

व्यवस्थापनमा सुदृढिकरण : साना किसान विकास बैंकको महाप्रवन्धकमा कृषि विकास बैंकबाट नियुक्त हुने व्यवस्था रहेकोमा यसलाई परिमार्जन गरी बैंकका लागि खुल्ला प्रतिस्पर्धावाट स्वतन्त्र र व्याबसायिक प्रमुख कार्यकारी अधिकृत छनोट गर्ने व्यवस्थाको अवलम्वन भइसकेको छ। यसले प्रमुख कार्यकारी अधिकृतमा बैंक प्रति अपनत्व भावना जागरण एवं निजको कार्य कुशलता, दक्षता र कामको उतपादकत्वमा अभिवृद्धि गर्न टेवा पुगेको छ।

व्यवस्थापन सूचना प्रणलिमा विकास : यस कार्यक्रम अन्तर्गत एशियाली विकास बैंकको सहयोगमा बैंकले कम्प्यूटर, सर्भर, तथा सुचना प्रविधिसँग सम्वन्धि सामाग्रीहरु रु ७१ लाख ५० हजार, जेनेरेटर सेट रु. ५ लाख ७६ हजार र कम्प्युटर सफ्टवेयर रु. ३८ लाख ७० हजार गरी कुल रु. एक करोड १५ लाख ९५ हजार आठसय ९१ बराबरका सामानहरु खरिद गरी जडान गरिसकोको छ। यसले बैंकको सूचना प्रणालीलाई आधुनिकिकरण गर्न ठूलो सहयोग पुगेको छ।

वित्तीय स्रोतमा विविधिकरण : सन् २००९ भन्दा अघि साना किसान विकास बैंक लि. को मुख्य बित्तीय स्रोत कृषि विकास बैंकको कर्जा रहेको थियो भने अन्य बैंक तथा वित्तीय संस्थाहरुको कर्जा सहयोग नगन्य थियो। यस कार्यक्रम लागु भए पश्चात् बैंकको वित्तीय स्रोतमा विविधिकरण भई अन्य बैंक तथा वित्तीय संस्था, नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट लगानीका लागि आवश्यक स्रोतको व्यवस्था गर्न सफल भएको छ। सन् २००६ को मध्यतिर यस बैंकको कुल कर्जा सापटको ९०% हिस्सा कृषि विकास बैंकको ओगटेको मा सन् २०१० को मध्यतिर आइपुग्दा उक्त हिस्सा २७% झरेको छ। यसबाट यो बैंक वित्तीय स्रोतको विविधिकरणमा सफलता उन्मुख हुँदै गएको मान्न सकिन्छ।

बैंकको लगानीमा विविधिकरण : यस अघि यस बैंकको ग्राहक साना किसान सहकारी संस्थाहरु मात्र रहेकोमा अहिले आएर बैंकको ऋण लगानी तथा असुली कार्यविधी, २०६६ को व्यवस्था अनुरुप अन्य सहकारी संस्थाहरुमा समेत ऋण



लगानी कार्य थालनी गरी कर्जा लगानीमा विविधिकरण र कर्जा जोखिम न्यूनिकरण उन्मुख हुन थालेको छ ।

साना किसान सहकारी संस्थाहरुको पुन : संरचना कार्यक्रम : आ.व. २०६७/६८ मा 'ग' एवं 'घ' वर्गमा रहेका कमजोर साना किसान सहकारी संस्थाहरुमा पुनः संरचना कार्यक्रम संचालन गरेको थियो । यस कार्यक्रममा कुल ३४ वटा सहकारी संस्थाहरु सहभागी भएकोमा २५ वटा संस्थाहरुले आफ्नो संस्थाको सम्पुर्ण सुचकाङ्कहरुमा सुधार ल्याई 'क' र 'ख' वर्गमा स्तरोन्नती हुन सफल भएका छन् ।

साना किसान सहकारी संस्थाहरुको व्यावसायिक योजना निमार्ण : साना किसान सहकारी सघ/संस्थाका, एवं बैंकको केन्द्रीय एवं इलाका कार्यालयका प्रवन्धक गरी २२ जनाको सहभागितामा व्यावसायिक योजना निर्माण प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरी करिव १०० वटा सहकारी संस्थाहरुको व्यावसायिक योजना निर्माणमा सघाउ पुर्‍याएको छ ।

ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम पहिलो चरणका सवै क्रियाकलापहरु जुलाई २०११ सम्ममा सम्पन्न भएको भइसकेको छ ।

### ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम दोस्रो चरण

ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम पहिलो चरणको सफलता पूर्वक सम्पन्न भए पश्चात दोस्रो चरणको कार्यक्रम सन् २०११ देखि प्रारम्भ भएको छ । यस चरणमा कार्यन्वयन निकायका रुपमा ऋण असुली न्यायाधिकरण र कर्जा सुचना केन्द्र समेत थप भई कार्यन्वयन निकाय संख्या ६ (छ) वटा हुन पुगेको छ। यस चरणमा साना किसान विकास बैंकले निम्नानुसारका क्रियाकलापहरु सञ्चालन गर्ने गरी कार्य अघि बढाइएको छ ।

परामर्शसेवा : यस चरणका कार्यहरु सम्पन्न गर्न बैंकले एक जना अन्तर्राष्ट्रिय, पाँच जना राष्ट्रिय सल्लाहकार, एवं ३७ जना स्थानीय जनशक्तिहरु नियुक्ति गरी सेवा लिने व्यवस्था गरेको छ । जस अन्तर्गत Microfinance and Banking Specialist, Financial Management Specialist, र MIS Specialist १/१ जना गरी ३ जना विज्ञ परामर्शदाताको व्यवस्था गरी उनीहरुबाट कार्यारम्भ भइसकेको छ । अन्य जनशक्तिहरु क्रमशः व्यवस्था गर्ने प्रक्रियामा रहेको छ ।

पहाडी तथा हिमाली जिल्लाहरुमा लघुवित्तको पहुँच अभिवृद्धि : साना किसान विकास बैंकले यस कार्यक्रम अवधिमा ६० वटा सहकारी संस्था मार्फत पहाडी तथा हिमाली जिल्लाहरुमा ३०,१२५ सदस्यहरुलाई सेवा दिने लक्ष्य राखेको छ । यस प्रयोजनका लागि बैंकले हाल सेवा पुर्‍याएका १६ जिल्ला एवं बैंकको सेवा नपुघेका नयाँ थप ९ जिल्ला गरी कुल २५ वटा पहाडी तथा हिमाली जिल्लाहरुमा लघुवित्त सेवाको पहुँच विस्तार गर्ने कार्यक्रम तय गरेको छ । हाल बैंकले सेवा पुर्‍याई रहेका जिल्लाहरुमा इलाम, काभ्रे, धादिङ्ग, नुवाकोट, तनहुँ, गोरखा, स्याङजा, लम्जुङ, कास्की, पाल्पा, गुल्मी, अर्घाखाँची, वाग्लुङ, पर्वत, सल्यान र प्यूठान रहेका छन् भने थप हुने जिल्लाहरुमा पाँचथर, दोलखा, सिन्धुपालचोक, रसुवा, म्याग्दी, रुकुम, दैलेख, डढेलधुरा र बैतडी रहेका छन् । पहाडी तथा हिमाली जिल्लाहरुमा लघुवित्तका पहुँच अभिबृद्धि गर्न बैंकले :(१) पहाडी एवं हिमाली जिल्लाहरुमा विद्यमान क एवं ख वर्गका साना किसान सहकारी संस्थाहरु मार्फत थप विपन्न तथा साना किसान परिवारमा सेवा विस्तार गर्ने । (२) छनौट गरिएका जिल्लाहरुमा अनुसरण कार्यक्रम सञ्चालन गरी अनुसरित साना किसान सहकारी संस्थाहरु मार्फत सेवाक्षेत्र विस्तार गर्ने । (३) साना किसान सहकारी संस्था नभएका गाविसहरुमा अन्य सहकारी संस्थाहरु मर्फत सेवा विस्तार गर्ने जस्ता मुख्य तीनवटा कार्यक्रम विस्तारका मार्गहरु अख्तियार गरेको छ ।

साना किसान सहकारी संस्थाहरुमा पुन संरचना कार्यक्रम : ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रमको प्रथम चरण अन्तर्गत ३४ वटा साना किसान सहकारी संस्थाहरुमा सञ्चालन गरिएको पुनः संरचना कार्यक्रमकोउत्साहप्रद नतिजाले पुनः संरचना कार्यक्रमबाट कमजोर सहकारी संस्थाहरुको सुदृढिकरणलाई निरन्तरता दिनु बान्छनीय हुने देखिएकाले कार्यक्रमको यस चरणमा समेत यस कार्यलाई निरन्तरता दिने कार्यक्रम रहेको छ ।

पोर्टफोलियो अडिट : एशियाली विकास बैंकले सन् २००५ मा गरेको साना किसान विकास बैंकको वित्तीय तथा संचालन विश्लेसण प्रतिवेदनमा साना किसान विकास बैंकको वित्तीय स्वास्थ्य, साना किसान कृषि सहकारी संस्थाहरुको ऋणको गुणस्तरबाट प्रभावित हुने तथ्य उल्लेख भए अनुरुप बैंकले सम्पूर्ण साना किसान सहकारी संस्थाहरुको ऋण गुणस्तरहरुको जाँच (पोर्टफोलियो अडिट) गर्ने कार्यक्रम बनाएको छ। उक्त अध्ययनबाट प्राप्त विवरणहरुका आधारमा बैंकको ऋण लगानी नीति एवं आन्तरिक नियन्त्रण प्रणलीमा सुधार गर्न आवश्यक आधारशिला निर्माण हुने विश्वास लिइएको छ ।

व्यवस्थापन सूचना प्रणालीमा सुदृढिकरण : साना किसान विकास बैंकले आफ्नो सूचना प्रणालीमा सुदृढिकरण गर्ने कार्यलाई निरन्तरता दिँदै आधुनिक सुचना प्रविधिसंग सम्वन्धित उपकरणहरु व्यवस्था गर्ने कार्यक्रम तय गरेको छ। यस बाहेक यस कार्यक्रमको अन्तमा विपन्न तथा साना किसानहरुको लघुवित्त सेवामा पहुँच बृद्धि, बै.क तथा संस्थाहरुको काम गर्ने तौर तरिका तथा कार्यपद्धतीमा चुस्तता, ग्राहक विविधिकरण, अनलाईन सफटवेयरको माध्यमाबाट चुस्त व्यवस्थापन सुचना प्रणाली कायम, पहाडी तथा हिमाली जिल्लाहरुमा सेवाको विस्तार, कर्जाको गुणस्तरमा अभिवृद्धि आदी जस्ता महत्वपूर्ण एवं दूरगामी उपलब्धीहरु हासिल हुने अपेक्षा गरिएको छ ।

# साना किसान विकास बैंक लि., इलाका कार्यालय परिवार



इलाका कार्यालय हेटौडा



इलाका कार्यालय बिर्तामोड



इलाका कार्यालय बुटवल



इलाका कार्यालय गजुरी



इलाका कार्यालय जनकपुर



इलाका कार्यालय पोखरा



इलाका कार्यालय नेपालगञ्ज



इलाका कार्यालय इटहरी

# साना किसान सहकारी अनुसरण कार्यक्रम

साना किसान सहकारी संस्थाहरुको स्वामित्वमा लघुवित्त क्षेत्रको एक अग्रणी र वित्तीय रुपमा सक्षम बैंक बन्ने साना किसान विकास बैंक लि. को दूर दृष्टि (Vision) रहेको छ । आफ्नो सीमित स्रोत र साधन सहित नेपाल सरकार लगायत बाह्य स्रोत समेत जुटाई वढी भन्दा वढी ग्रामिण साना किसानहरुमा आफ्नो सेवाको पहुँच पु¥याउन साना किसान सहकारी अनुसरण कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । साना किसान सहकारी संस्थाहरुलाई नै सहभागी गराई अनुसरण कार्यक्रम संचालन गर्ने जिम्मेवारी प्रदान गर्दा सञ्चालन लागत कम हुनुका साथै कार्यक्रमको प्रभावकारिता अझ बढ्न गई कार्यक्रम विस्तार गति समेत तीव्र हुने देखिएको छ । एउटा गा.वि.स.को साना किसान सहकारी संस्थाको सहयोगमा अर्को गा.वि.स.का साना किसानलाई संगठित गराई उनीहरुको आर्थिक र सामाजिक विकासको लागि उनीहरु कै स्थानीय स्वायत्त र सक्षम सहकारी संस्था निर्माण गर्ने जस्तो नौलो खोजपूर्ण अभ्यासको रुपमा "साना किसान संस्थागत विकास अनुसरण कार्यक्रम" लाई लिन सकिन्छ । यस अभ्यास अन्तर्गत विभिन्न प्रयोग र सो को समयानुकुल परिस्कार समेत हुँदै आएको छ ।

## अनुसरण कार्यक्रमको विशेषता

- ✓ सक्षम साना किसान सहकारी संस्थाले सेवा वञ्चित क्षेत्रका साना किसानहरुलाई संगठित गराई नयाँ संस्था प्रवर्धन गर्ने,
- ✓ न्यूनतम प्रवर्धन खर्च, लागत प्रभावकारी,
- ✓ समावेशीकरण र महिला सशक्तिकरणमा जोड दिने,
- ✓ साना किसानको आर्थिक र सामाजिक विकासका लागि लघुवित्त तथा सामाजिक विकासका कार्यक्रम संचालन गर्ने,
- ✓ स्थानीय रुपमा पूँजी निर्माण (Capital Formation) गरी सदस्यहरुमा संस्थागत अपनत्व (Owenership) र आत्मनिर्भरता अभिवृद्धि गर्ने,
- ✓ समूह, अन्तरसमूह र संचालक समिति सहितको त्रिपाङ्ग्रीय (Three tier) सांगठानिक स्वरुपमा लक्षित वर्गको कुशल व्यवस्थापन रहने गरी स्वायत्त वैधानिक संस्था गठन गर्ने,
- ✓ सदस्यहरुको आवश्यकता बमोजिमको वित्तीय स्रोत उपलब्धताका लागि बैंकसंग वित्तीय अन्तरमध्यस्थ सम्वन्धको सुनिश्चितता गर्ने,
- ✓ लघुवित्त सेवा नपुगेको दुर्गम र पहाडी क्षेत्रमा समेत सेवा विस्तारको लागि उपयुक्त नमुना तयार गर्ने ।

### अनुसरण कार्यक्रमको विकासक्रम

(१) साना किसान विकास आयोजना अनुसरण (आयोजना मोडेल):- कृषि विकास बैंकद्वारा आ.व.२०५४/०५५ मा साना किसान सहकारी संस्था लि. छत्रेदेउराली (धादिङ्ग) ले आफ्नो छिमेकी केवलपुर गा.वि.स.मा "किसानले किसानलाई" को अनुसरण कार्यक्रम सञ्चालन ग¥यो । उक्त कार्यक्रम साना किसान सहकारी संस्था लि. केवलपुर, धादिङ्गको नामबाट मिति २०५८/९/३० मा डिभिजन सहकारी कार्यालयमा दर्ता भई मिति २०५९/२/२० देखि यसको व्यवस्थापनको जिम्मा स्थानीय साना किसानले लिए । उक्त स्थानीय नेतृत्वले स्वतन्त्र तथा प्रभावकारी रुपमा सञ्चालन गर्दै आएको छ ।

२०६८ असार मसान्तमा यस संस्थाको सदस्य ५४६, कुल लगानीमा रहेको ऋण रकम रु. एक करोड ६० लाख, कुल आन्तरिक स्रोत रु.५० लाख मध्ये रु.११ लाख को शेयर पूँजी निर्माण गरिसकेको छ । यस संस्थाले करिब १५ लाखको लगानीमा आफ्नै भवन समेत निर्माण गरेको छ ।

यस कार्यक्रमका महिला सदस्यमात्र रहने व्यवस्था, साना किसान विकास कार्यक्रममा कृषि विकास बैंकले खेल्ने भूमिका प्रवर्धक साना किसान सहकारी संस्थाले निर्वाह गर्ने, प्रवर्धक संस्थाले एकजना दक्ष कर्मचारी अनुसरण कार्यकर्ताको रुपमा खटाउने र निजले साना किसान विकास आयोजना प्रमुखले गर्ने कार्यहरु गर्ने, यो बैंकको कार्यक्रम हो भन्ने भावनामा परिवर्तन गरी किसानले किसानलाई मद्दत गरेको अभियानको रुपमा कार्यक्रम विस्तार गर्ने, दक्ष अनुसरण कार्यकर्ताको मार्ग निर्देशनमा स्थानीय स्वयंसेवक र सञ्चालकहरु प्रशिक्षित हुने, नीति निर्माण र निर्णय प्रकृयामा स्थानीय साना किसानहरुको भूमिका स्थापित गर्दै जाने, ४ वर्ष भित्रमा नयाँ गाविसमा नयाँ परिपक्व साना किसान सहकारी संस्था स्थापना भई सञ्चालनमा आउने, कर्जा लगानी गर्न आवश्यक रकम कृषि विकास बैंक मार्फत प्राप्त हुने जस्ता विशेषताहरु रहेका थिए ।

(२) किसानले किसानलाई (प्रवर्धक मोडेल):- पहिलो अनुसरण कार्यक्रमको सफलताबाट उत्साहित भई कृषि विकास बैंकद्वारा आ.व.२०५९/०६० मा अनुसरण कार्यक्रममा केही परिमार्जन गरी प्रवर्धक मोडलको शुरुआत गरेको थियो । जस अन्तर्गत ५ वटा सक्षम साना किसान सहकारी संस्थाले छिमेकी गा.वि.स मा यस कार्यक्रमको

सञ्चालन गर्ने जिम्मेवारी लिएका थिए । यस मोडलमा एक सक्षम साना किसान सहकारी संस्थाले अर्को संस्था तयार गर्नु पर्ने, संस्था परिपक्व नभएसम्म स्थानीय बचतबाट नै सञ्चालन हुनु पर्ने र ३ वर्ष भित्रमा संस्थाको व्यवस्थापन स्थानीयलाई हस्तान्तरण गरिसक्नु पर्ने जस्ता व्यवस्था गरिएको थियो ।

प्रवर्धक मोडेलमाा महिला सदस्यमात्र रहने व्यवस्था, प्रवर्धक साना किसान सहकारी संस्था नै प्रवर्धित संस्थाको मुख्य अभिभावक हुने, बैंक वा सहयोगी निकायहरुले आवश्यकतानुसार पृष्ठभूमीबाट मात्र सहयोग गर्ने, प्रवर्धक संस्थाले एकजना दक्ष कर्मचारी अनुसरण कार्यकर्ताको रुपमा खटाउने र निजले मुख्य प्रशिक्षक तथा सहजकर्ताको रुपमा कार्यहरु गर्ने, कार्यक्रम अनुसरण गरिने गाविस छनौट गर्न प्रवर्धक संस्था स्वतन्त्रता रहने तर उक्त गाविस सिमाना जोडिएको हुनु पर्ने, प्रारम्भ देखि नै संस्थाका सदस्यहरुलाई सहकारी भावनाको विकास र सहकारिताको अभ्यास गर्ने, दक्ष अनुसरण कार्यकर्ताको मार्ग निर्देशनमा स्थानीय स्वयंसेवक र सञ्चालकहरु प्रशिक्षित हुने, नीति निर्माण र निर्णय प्रकृयामा स्थानीय साना किसानहरुको भूमिका स्थापित गर्दै जाने, ३ वर्ष भित्रमा नयाँ गाविसमा नयाँ परिपक्व साना किसान सहकारी संस्था स्थापना भई सञ्चालनमा आउने, कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने सम्पूर्ण खर्च सहयोगी निकायले पूर्व निर्धारित व्यवस्था अनुसार एकमुष्ठ व्यहोर्ने, हस्तान्तरण नभए सम्म आवश्यक पर्ने कर्जा रकम प्रवर्धक संस्थाले नै उपलब्ध गराउनु पर्ने जस्ता विशेषताहरु रहेका थिए ।

यस मोडेल अन्तर्गत प्रवर्धन भएका साना किसान सहकारी संस्थाहरुको २०६८ असारमसान्तको अवस्था तलको तालिकामा प्रस्तुत गरिएकोछ ।

(३) अनुसरण कार्यक्रम घुम्तिकोष मोडेल :- कृषि विकास बैंकको अग्रसरतामा सञ्चालित पहिलो र दोस्रो मोडेल अन्तर्गत स्थापित भएका संस्थाहरु सफलता पूर्वक सञ्चालन भएता पनि कृषि विकास बैंकबाट साना किसान विकास कार्यक्रम क्रमश: फेजआउट हुँदै गएको, साना किसान विकास बैंक भर्खर मात्र स्थापना हुनु जस्ता विविध कारणहरुले गर्दा केही बर्षसम्म अनुसरण कार्यक्रमको विस्तार स्थगित हुन पुग्यो । CGAP-IFAD बाट सन २००३ मा Farmer To Farmer Replication वापत यस बैंकलाई ५० हजार डलर राशीबाट पुरस्कार प्राप्त भए पछि सो पुरस्कारको घुम्तिकोष खडा गरी अनुसरण कार्यक्रम सञ्चालन गर्ने नीति अनुरुप साना किसान विकास बैंकले आ.व.२०६०/०६१ देखि अनुसरण कार्यक्रमको तेश्रो ढाँचा शुरुवात गऱ्यो ।

यस मोडल अन्तर्गत ६ वटा सक्षम साना किसान सहकारी संस्था तथा साना किसान सहकारी जिल्ला संघ लि., बाराले छिमेकी गा.वि.स मा यस कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारी लिएका थिए । जस अन्तर्गत एक सक्षम साना किसान सहकारी संस्थाले अर्को संस्था तयार गर्नु पर्ने, संस्था परिपक्व नभए सम्म स्थानीय बचतबाट मात्र कारोवार सञ्चालन हुनुपर्ने र ३ वर्ष भित्रमा संस्था हस्तान्तरण गरिसक्नु पर्ने व्यवस्था गरिएको थियो । यस मोडल अन्तर्गत सञ्चालन गरिएकोमा ७ वटा साना किसान सहकारी संस्थाको व्यवस्थापन हस्तान्तरण भई स्वतन्त्र ढंगले संञ्चालन भई रहेका छन् ।

## घुम्तिकोष मोडेल कार्यक्रमको विशेषता

- ✓ सञ्चालन व्यवस्था, अवधारणा र साना किसान अभियानका मुल्य मान्यता कायम रहने,
- ✓ प्रवर्धक साना किसान सहकारी संस्थालाई एकमुष्ठ ४ बर्षको लागि अनुसरण कोषबाट घुम्तिकोष उपलब्ध गराउने र सो को परिचालनबाट हुने व्याज आम्दानीले नै नयाँ संस्था प्रवर्धनको सम्पूर्ण खर्च व्यहोर्ने, बैंकले आधाभूत तालिमहरु मात्र प्रदान गर्ने,
- ✓ प्रवर्धक संस्थाले कोषको प्रयोग ४ बर्ष गर्न पाउने तर २ बर्षमा नै संस्था हस्तान्तरण गरी बैंकसँग कारोबार सम्बन्ध स्थापना गरिदिने,
- ✓ प्रवर्धक संस्थाले हस्तान्तरणपूर्वका सम्पूर्ण सूचक र मापदण्ड पुरा नगरे सम्म दायित्वबाट उम्कन नपाउने,
- ✓ ४ बर्ष पछि फिर्ता हुने घुम्तिकोषबाट अर्को अनुसरण कार्यक्रम सञ्चालन गरिने,

रु. हजारमा

| क्रसं | प्रवर्धित संस्था | प्रवर्धक संस्था | सदस्य | शेयर पूँजी | आन्तरिक स्रोत | लगर | हस्तान्तरण |
|---|---|---|---|---|---|---|---|
| १ | बालुवाडी | पृथ्विनगर, झापा | ४९५ | ३६५ | ३०४३ | ६३२१ | २०६०/६१ |
| २ | करहिया | आनन्दवन, रुपन्देही | ११४३ | २६१५ | २६१८१ | ३८२०१ | २०६०/६१ |
| ३ | कुमारवर्ती | अग्यौली, नवलपरासी | ९५३ | ११३८ | १११६६ | २२७६१ | २०६१/६२ |
| ४ | गेटा | मालाखेती, कैलाली | ८७८ | १७८५ | ८३०७ | २१०३१ | २०६०/६१ |
| ५ | कठार | कुमरोज,चितवन | ११४७ | २६९० | १४८४५ | ३३१३९ | २०६०/६१ |

रु. हजारमा

| क्र.सं | प्रवर्धित संस्थाहरु | प्रवर्धक संस्था | सदस्य | शेयर पूँजी | आन्तरिक स्रोत | लरर | हस्तान्तरण |
|---|---|---|---|---|---|---|---|
| १ | खैरहनी | बछौली, चितवन | १४४१ | १२७० | १९६३६ | ३६९२८ | २०६०/६१ |
| २ | ईनर्वासिरा | डुमरवाना, बारा | ६९० | १२४७ | ८५०३ | १७८२० | २०६०/६१ |
| ३ | खडवा बनगाई | सेमलार, रुपन्देही | ७३३ | १९७७ | ११९५२ | २०००८ | २०६०/६१ |
| ४ | जहदा | माकर, नवलपरासी | ६४५ | ९७१ | ७९३७ | १७०३९ | २०६०/६१ |
| ५ | गजेडी | दुधराक्ष, रुपन्देही | ५३१ | २३३ | १८७७ | ३२०९ | २०६८/६९ |
| ६ | ढोढरी | ताराताल,बर्दिया | ५३२ | ४६२ | ४२७० | ६३५३ | २०६६/६७ |
| ७ | तेतरिया | जिल्ला संघ लि.,बारा | ४१७ | २९८ | १३८२ | २२७३ | २०६६/६७ |

यस मोडेलबाट प्रवर्धन भएका साना किसान सहकारी संस्थाहरुको २०६८ असार मसान्तको अवस्था तालिकामा प्रस्तुत गरिएकोछ ।

## प्रवर्धक मोडेल–२ का थप मुख्य विशेषताहरु

- ✓ एक प्रवर्धक संस्था र एक अनुसरण कार्यकर्ताले एकै पटकमा अनुकुलका २ गाविसमा छुट्टाछुट्टै २ संस्था अनुसरणबाट प्रवर्धन गर्ने जसले गर्दा कार्यक्रम विस्तार गति दुई गुना हुने र लागत प्रभावकारी हुने,
- ✓ यो कार्य गरेवापत अनुसरित गाविसमा लाग्ने सम्पूर्ण खर्च अनुदान व्यवस्था गरिने र प्रवर्धक संस्थाको योगदानको कदर गर्दै कम्प्युटिकरणमा सहयोग गर्ने,
- ✓ हस्तान्तरण पूर्वको कर्जा आवश्यकता प्रवर्धक संस्थाले पुरा गर्ने, त्यसका लागि आवश्यक भए बैंकले प्रवर्धक संस्थालाई कर्जा उपलब्ध गराउने, हस्तान्तरण पछि प्रवर्धक संस्थाले प्रवर्धित संस्थामा रहेको कर्जा बैंकलाई हस्तान्तरण गरिदिने,
- ✓ अनुसरण कार्यक्रम सञ्चालन व्यवस्थासँग सम्बन्धित तालिम मात्र बैंकले प्रदान गर्ने बाँकी तालिमहरु स्थानीय रुपमा नै प्रवर्धक संस्थाले मिलाउनु पर्ने,
- ✓ संस्था परिपक्वता मापनका सम्पूर्ण आधारहरु पुरा भएमा मात्र बैंकले हस्तान्तरण गरिदिने, यसकालागि २ वर्ष भन्दा बढी अवधि लागेमा सो को लागत प्रवर्धक संस्थाले नै व्यहोर्नु पर्ने ।

(४) अनुसरण कार्यक्रम प्रवर्धक मोडेल–२:- साना किसान अनुसरण कार्यक्रमको व्यापकता र आवश्यकताको मुल्यांकन गर्दै यस कार्यको विस्तारका लागि आवश्यक सहयोग गर्न नेपाल सरकारबाट आ.व.२०६४/०६५ देखि अनुदान सहयोग प्राप्त हुन थाल्यो । प्रवर्धक मोडेललाई नै परिमार्जन गरी साना किसान सहकारी संस्था र संघहरु मार्फत मितव्ययी रुपमा अर्को गा.वि.स.मा २ वर्ष भित्रमा नयाँ साना किसान सहकारी संस्था बनाउने मोडेल विकास गरियो । यसमा बैंकले सरकारबाट प्राप्त अनुदान रकमबाट प्रवर्धक संस्था मार्फत नयाँ साना किसान सहकारी संस्था बनाउने, सम्बन्धित संस्थाले २ वर्षको लागि एक जना अनुसरण कार्यकर्ता खटाउने, त्यस बीचमा आवश्यक पर्ने संस्थागत कर्जाको व्यवस्था सम्बन्धित संस्थाले नै मिलाउने र संस्था परिपक्क भएपछि बैंकले हस्तान्तरण गरी लिने जस्ता व्यवस्था थप गरियो ।

नेपाल सरकारको अनुदान सहयोगमा सञ्चालित प्रवर्धक मोडेल–२ अन्तर्गत आ.व २०६४/ ६५, आ.व २०६५/ ६६, आ.व २०६६/ ६७ मा ६, ६ वटा सक्षम साना किसान सहकारी संघ/संस्थाले छिमेकी १२ वटा गा.वि.स मा अनुसरण कार्यक्रम सञ्चालन गरेकामा केही संस्थाहरुको व्यवस्थापन हस्तान्तरण भई सकेको छन् भने केही हस्तान्तरणको क्रममा रहेका छन् । आ.व २०६७/ ६८ मा ७ वटा सक्षम साना किसान सहकारी संघ/संस्थाले छिमेकी १६ वटा गा.वि.स मा अनुसरण कार्यक्रम सञ्चालन गरेका छन् ।

प्रवर्धक मोडेल–२ अन्तर्गत नेपाल सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०६४/६५ तथा आर्थिक वर्ष २०६५/६६ सम्ममा अनुसरण कार्यक्रमद्वारा प्रवर्धित २४ वटा गा.वि.स मध्ये सफलताका साथ हस्तान्तरण भएका संस्थाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं | प्रवर्धक संस्था | हस्तान्तरण | प्रवर्धित संस्था |
|---|---|---|---|
| १ | मनहरी, मकवानपुर | २०६६/११/१५ | सा.कि.कृ.स.संस्था.लि., वसामाडी |
| २ | | २०६६/११/१५ | सा.कि.कृ.स.संस्था.लि., हाडीखोला |
| ३ | माहारानीझोडा, झापा | २०६७/०३/०५ | सा.कि.कृ.स.संस्था.लि., कोहवारा |
| ४ | | २०६७/०३/०५ | गौरादह सा.कि.म.कृ.स.संस्था.लि., गौरादह |
| ५ | पिप्ले, चितवन | २०६७/०६/११ | सा.कि.कृ.स.संस्था.लि., पदमपुर |
| ६ | | २०६८/०९/२३ | सा.कि.कृ.स.संस्था.लि., गुञ्जनगर |
| ७ | धादिङ्ग जिल्ला संघ | २०६७/०७/१४ | सा.कि.कृ.स.संस्था.लि., मुरलीभञ्याङ |
| ८ | त्रिभुवनवस्ती, कञ्चनपुर | २०६७/०७/२८ | सा.कि.कृ.स.संस्था.लि., कालिका |
| ९ | | २०६७/०७/२८ | सा.कि.कृ.स.संस्था.लि., परासन |

| | | | |
|---|---|---|---|
| १० | धादिङ्ग जिल्ला संघ | २०६८/०१/१७ | श्री कृष्ण साना किसान कृषि सहकारी संस्था लि. खरी |
| ११ | धादिङ्ग जिल्ला संघ | २०६८/०१/१७ | साना किसान कृषि सहकारी संस्था लि. नौविसे |
| १२ | महादेवपुरी, बाँके | २०६८/०२/१८ | सा.कि.कृ.स.संस्था.लि., कोहलपुर |
| १३ | | २०६८/०२/१८ | सा.कि.कृ.स.संस्था.लि., रझेना |
| १४ | उत्तरगंगा, सुर्खेत | २०६८/०२/२० | सा.कि.कृ.स.संस्था.लि., कुनाथरी |
| १५ | | २०६८/०२/२० | सा.कि.कृ.स.संस्था.लि., हरिहरपुर |
| १६ | धादिङ्ग जिल्ला संघ | २०६८/०३/२६ | सा.कि.कृ.स.संस्था.लि., तसर्पु |

**विभिन्न आर्थिक वर्षमा सञ्चालन गरिएका हस्तान्तरण हुन बाँकी संस्थाहरु निम्नानुसार रहेका छन्–**

| क्र.स | कार्यक्रम संचालन आ.व | प्रवर्धक साना किसान कृषि सहकारी संघ /संस्थाको नाम | प्रवर्धित गा.वि.स |
|---|---|---|---|
| १ | २०६४/६५ | बञ्जरिया, रुपन्देही | सुक्रौली |
| २ | | | हकुई |
| ३ | २०६५/६६ | श्रीपुर, कैलाली | चौमाला |
| ४ | | | मसुरिया |
| ५ | | पडरिया, सिराहा | भवानीपुर |
| ६ | | | असनपुर |
| ७ | | नवलपरासी संघ | दुम्किवास |
| ८ | | | नयाँ बेलवानी |
| ९ | २०६६/६७ | मनहरी, मकवानपुर | हटिया |
| १० | | | हर्नमादी |
| ११ | | विष्णुपुर, सिराहा | हनुमाननगर |
| १२ | | | कल्यानपुर |
| १३ | | पृथ्वीनगर, झापा | जलथल |
| १४ | | | राजगढ |
| १५ | | फेदीखोला, स्याङ्गजा | बाँगे |
| १६ | | | बाँगसिङ |
| १७ | | धादिङ्ग संघ | खाल्टे |
| १८ | | | महादेवस्थान |
| १९ | | कालिका, बर्दिया | मोतीपुर |
| २० | | | जमुनी |
| २१ | २०६७/६८ | केन्द्रीय संघ | शारदावतासे, काभ्रे |
| २२ | | | कलाती भूमिडाँडा, काभ्रे |
| २३ | | धादिङ्ग संघ | निलकण्ठ |
| २४ | | | बसेरी |
| २५ | | ढोरफींदि, तनहुँ | राईपुर |
| २६ | | | भानुमती |
| २७ | | लक्ष्मीपुर, दाङ | धर्ना |
| २८ | | | ढिकपुर |
| २९ | | बर्दिया संघ | भिमापुर |
| ३० | | | राजापुर |
| ३१ | | | खैरीचन्दनपुर |
| ३२ | | | मानपुर टपरा |
| ३३ | | बौनिया, कैलाली | बलिया |
| ३४ | | | दरक |
| ३५ | | मकवानपुर संघ | सुकौरा |
| ३६ | | | आमभज्याङ्ग |

(५) अनुसरण कार्यक्रम सहजकर्ता मोडेलः- अनुसरण कार्यक्रमको प्रयोग र विकासको यात्रामा अहिलेसम्म आई पुग्दा कार्यक्रमको प्रभावकारिता र माग तीव्र रुपले बढ्दै गएको पाईएकोछ । यो माग धान्नेगरी अनुदान तथा सहयोगहरुको एकातिर अभाव रहेको छ भने बिगतका वर्षहरु भन्दा सामाजिक चेतना स्तर, संस्थागत अभ्यास, व्यावसायिक सोचको विकास तथा उपलब्ध जनशक्तिको क्षमता विकास आदिका कारण अनुसरण कार्यक्रम विस्तार गर्ने मोडेललाई पुनः विकास र परिमार्जन गर्न आवश्यक भएको महसुस गरी आर्थिक वर्ष २०६८/६९ बाट सञ्चालन गरीने अनुसरण कार्यक्रमलाई सहज कर्ता मोडेलबाट सञ्चालन गरिने छ । त्यसै गरी चालु आर्थिक वर्ष २०६८/६९ मा नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग राशीबाट थप ७५ वटा गा.वि.स मा कार्यक्रम सञ्चालन कार्य प्रभावकारी रुपमा अगाडि बढीरहेको छ ।

**मुख्य विशेषताहरु**

- ✓ अनुसरण कार्यकर्तालाई सम्बन्धित प्रवर्धक संस्थाबाट सहयोगमा लिईएको सहजकर्ताको रुपमा स्थापित गरिनेछ। अनुसरण सहजकर्ताले एकै पटकमा अनुकुलका २ गाविसमा छुट्टाछुट्टै २ संस्था अनुसरणबाट प्रवर्धन गर्न स्थानीय स्वयंसेवकहरुलाई मद्दत गर्नेछन् ।
- ✓ नयाँ संस्था प्रवर्धन भई१ बर्षमा हस्तान्तरण हुनेछ भने सहज कर्ताको सहयोग पटक पटक गरी लगभग ३ महिना रहनेछ । निजलाई परिश्रमिक प्रदान गरिनेछ भने प्रवर्धक संस्थालाई पुरस्कार स्वरुप सानो नगद तथा प्रमाणपत्रले सम्मान गरिनेछ,
- ✓ सदस्यहरुले ६ महिना पश्चात मात्र आन्तरिक पुँजी निर्माणबाट कर्जा पाउने व्यवस्था गरिनेछ र हस्तान्तरण पछिमात्र बैंकले कर्जा उपलब्ध गराउन शुरु गर्नेछ,
- ✓ संस्थाको कोष व्यवस्थापन, लेखापालन र समाज परिचालनको अनुगमनका लागि पढेलेखेका स्थानीय महिलालाई स्वयंसेवक सचिव वा कोषाध्यक्षको रुपमा विकास गरिनेछ जो पछि सहकारी संस्थाको सञ्चालक समिति वा लेखा समितिमा रहने हैसियत राख्दछ ।
- ✓ समाज परिचालक मध्येबाट भविष्यमा कर्मचारीको क्षमता विकास गरिनेछ ।
- ✓ अनुसरण कार्यक्रम सञ्चालन व्यवस्थासँग सम्बन्धित तालिम मात्र बैंकले प्रदान गर्ने बाँकी तालिमहरु स्थानीय रुपमा नै अनुसरण सहजकर्ता, स्वयंसेवक र समाज परिचालकले मिलाउनु पर्नेछ ।
- ✓ संस्था परिपक्वता मापनका सम्पूर्ण आधारहरु पुरा भएमा मात्र बैंकले हस्तान्तरण गरिलिने, हस्तान्तरण नभए सम्म अनुसरण सहजकर्ताले पारिश्रमिक चुक्ता प्राप्त नगर्ने व्यवस्था मिलाईने छ ।
- ✓ उत्कृष्ट अनुसरण सहजकर्ता र स्वयंसेवकलाई आकर्षक पुरस्कारको व्यवस्था मिलाईनेछ ।
- ✓ बचत, शेयर तथा अन्य आन्तरिक स्रोतमा व्यापकता ल्याउन प्रतिस्पर्धात्मक विधिहरु अवलम्बन गरिनेछ ।

**साना किसान कृषि सहकारी संस्था लि. वसामाडीको साधारण सभाको एक दृष्य**



# पशुधन सुरक्षण कार्यक्रमको परिचय र प्रगति

नेपालको बहुसंख्यक जनता कृषि तथा पशुपालन व्यवसायमा आश्रित छन् । कृषि पेशामा उत्पादकत्व र आधुनिक प्रविधिको अधिकतम विकास र उपयोग नहुँदा कृषि व्यवसायमा लाग्ने अधिकांश कृषकहरुको आर्थिक अवस्था दयनीय रहेको छ । यस्ता गरीब किसानहरुले सहकारी संस्थाबाट ऋण लिएर वा आफै जेनतेन रकमको जोहो गरेर खरिद गरेको पशु विरामी हुँदा स्थानीयस्तरमा पशु उपचार व्यवस्था, प्राविधिक र औषधिको अभावका कारणले गर्दा किसानहरुको जीविको पार्जनमा महत्वपूर्ण आय स्रोतको रुपमा रहेको पशुहरुको मृत्यु भई अपुरणीय पशुधनका क्षतिका कारण उनीहरुको आर्थिक अवस्था झन् दयनीय हुन पुग्ने अवस्था विद्यमान छ ।

पशुपालन व्यवसायमा कहिलेकाही माहामारीको रुपमा रोग लागि दिंदा सम्पूर्ण पशुहरु सखाप भै गरीब किसानहरुको जिउने आधार भताभुङ्ग भएका उदाहरणहरु गाउँघरमा प्रशस्तै पाइन्छन् । यस्तो अवस्थाबाट मुक्ति दिलाउने प्रयासस्वरुप साना किसानहरु आफैले संस्थागत ढंगबाट संचालन गरेको सामुदायिक पशुधन सुरक्षण कार्यक्रमबाट पशुपालन व्यवसायमा भैरहने जोखिम कम भएको देखिएको छ ।

पशुपालन व्यवसायमा हुने जोखिम कम गर्न सकेमा रोजगारी तथा स्वरोजगारीका अवसरहरुमा वृद्धि भई पशुजन्य पदार्थहरुको उत्पादन समेत बढ्ने र ग्रामीण साना किसानहरुको आयस्तरमा उल्लेखनीय रुपमा वृद्धि हुने देखिन्छ। किसान सदस्यको उन्नतीमा लगानी गर्ने संस्थाको भविष्य निर्भर रहने हुँदा पशुधन सुरक्षण कार्यक्रम लगानीकर्ता र ऋणी दुबैको आर्थिक उन्नतीका लागि सहयोगी हुन्छ ।

पशुपालक किसानहरुले ऋण लिई पालन गरेका पशुहरुमा लाग्ने रोग तथा त्यसबाट हुने अप्रत्यासित मृत्युको संभावित जोखिम न्यूनिकरणका माध्यमबाट पशुपालन व्यवसायलाई सुरक्षित गराई साना किसानहरुको आम्दानी वृद्धि गरी जीवनोस्तरमा सुधार ल्याउन सञ्चालन गरिएको ग्रामीण सामुदायिक पशुधन सुरक्षण व्यवस्था नै पशुधन सुरक्षण कार्यक्रम हो ।

### पशुधन सुरक्षण कार्यक्रमको उद्देश्य

- ✓ पशुपालनमा रहने जोखिम कम गर्ने,
- ✓ पशुको मृत्युदरमा कमी ल्याउने,
- ✓ किसानहरुमा उन्नत नश्लका पशुपालन तर्फ आकर्षित गराई पशुपालन व्यवसायको व्यावसायीकरण गर्ने,
- ✓ स्थानीय स्तरमा पशुजन्य मल तथा पशुजन्य पदार्थ (दुध, उन, मासु, छाला आदि) र कृषि उत्पादनमा वृद्धि गर्ने,
- ✓ स्थानीय स्तरमा पशु उपचारको व्यवस्था गर्ने,
- ✓ स्थानीयस्तरमा प्राविधिक तयार गरी स्तरीय पशु सेवा गाउँघरमा नै उपलब्ध गराउने,
- ✓ स्थानीयस्तरमा पशुधन सुरक्षण कोषको माध्यमबाट स्थानीय पुँजीको विकास गर्ने,
- ✓ स्थानीयस्तरमा संस्थागत विकासका लागि सहयोग पुऱ्याउने र
- ✓ साना किसानहरुलाई कृषि तथा पशुपालन व्यवसाय मार्फत आत्मनिर्भर गराई देशमा कृषि उत्पादकत्व बढाउने ।

### पशुधन सुरक्षण कार्यक्रमबाट हुने फाइदाहरु

- ✓ मासिक रुपमा पशुको जाँच हुने ।
- ✓ पशुको आयु बढ्ने ।
- ✓ आम्दानी बढ्ने ।
- ✓ बेरोजगारीको समस्या घट्न गई गरिबी कम हुदै जाने ।
- ✓ उन्नत जातका पशुहरुको संख्यात्मक वृद्धि भई पशुजन्य पदार्थहरुको आयातमा हुने कमीले राष्ट्रिय आम्दानी बढ्ने ।
- ✓ सुरक्षण गर्ने किसानको बचत बढ्दै जाने ।
- ✓ ग्रामीण क्षेत्रमा कृषकहरुको आफ्नै दिगो र स्वावलम्वी संस्था विकास हुने ।
- ✓ पशुपालन गर्ने किसान उद्यमी तथा घरपालुवा पशुको संख्यामा वृद्धि भई कालान्तरमा पशुजन्य पदार्थमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन समेत गर्न सकिने ।

### पशुधन सुरक्षण कार्यक्रमको कार्यान्वयन गर्ने तरिका

पशुधन सुरक्षण कार्यक्रम संचालन गरी पशुपालक किसानहरुलाई पशु मृत्युवाट हुने जोखिमबाट मुक्त गर्नका लागि निम्न प्रक्रियाहरु क्रमशः (Steps wise) सञ्चालन गरी पशुधन सुरक्षणकार्यक्रम कार्यान्वयन गर्ने गरिन्छ ।

- ✓ गाउँका सम्पूर्ण किसानहरुको भेला गर्ने ।
- ✓ भेलामा पशुधन सुरक्षण कार्यक्रम वारेमा जानकारी गराउने, प्रश्न उत्तर गर्ने र छलफल गर्ने ।
- ✓ पशुको तथ्यांक संकलन गर्ने र पशु मृत्युदर पत्ता लगाउने । (कुन पशु कति संख्यामा छन् र पशुहरुको मर्ने क्रम बारे जानकारी लिने) ।
- ✓ पशुको तथ्याङ्क संकलन पश्चात पशुपालक किसानहरुको प्रारम्भिक साधारण सभा गर्ने ।
- ✓ प्रारम्भिक साधारणसभाबाट पशुधन सुरक्षण समितिको छनौट गर्ने (७ देखि ९ जनाको) ।

- ✓ समितिमा निरन्तर रुपमा पशुपालन व्यवसाय गर्ने सक्रिय कृषकहरु मध्येबाट महिला पुरुषलाई छनौट गर्ने ।
- ✓ स्थानीयस्तरमा पशु स्वास्थ्य कार्यकर्ता उपलब्ध भएमा त्यस्तो पशु स्वास्थ्य कार्यकर्तालाई सदस्य सचिवमा छनौट गर्ने । पशु स्वास्थ्य कार्यकर्ता नभएमा जिल्ला पशुसेवा कार्यालय वा अन्य पशु स्वास्थ्य तथा उपचार सम्बन्धी तालिम दिने संस्थासंग समन्वय गरी स्थानीय साना किसान परिवार भित्रका इच्छुक र योग्य व्यक्तिलाई संस्थामा पशु स्वास्थ्य कार्यकर्ता भई काम गर्ने सर्तमा पशु स्वास्थ्य कार्यकर्ताको तालिम उपलब्ध गराउने व्यवस्था मिलाउने ।
- ✓ सुरक्षण गर्नका लागि आवश्यक कागजातहरु छपाउने व्यवस्था गर्ने ।
- ✓ मस्यौदा निर्देशिकालाई परिमार्जन गर्नुपर्ने भएमा परिमार्जन गरी पास गर्ने ।
- ✓ सुरक्षण गर्दा निर्देशिका अनुसार १० प्रतिशत पशु मृत्युदर भएमा पशुको कुल मूल्यको १० प्रतिशत प्रिमियम रकम अनुदान प्राप्त हुने अवस्थामा प्राप्त हुने अनुदान घटाई बाँकी रकम जम्मा गर्न लगाउने ।
- ✓ पशुधन सुरक्षण गर्ने किसान सदस्यले सुरक्षणका लागि आवश्यक प्रिमियम रकम जम्मा गरेपछि सुरक्षणको पशुजाँच गरी निस्सा जारी गर्ने ।
- ✓ सुरक्षण गरेको पशुको नियमित पशुस्वास्थ्य कार्यकर्ताबाट जाँच गरी पशुपालन गर्ने किसानलाई सुझाव दिने ।
- ✓ सुरक्षण गरेको पशु मरेमा नियमानुसार त्यसको क्षतिपूर्ति दिने ।
- ✓ सुरक्षण समितिको बैठक मासिक रुपमा बसी सुरक्षण कार्यक्रम र पशुपालन व्यवसाय सम्वन्धी छलफल गर्ने कामको समीक्षा गर्ने ।
- ✓ पशुधन सुरक्षण गर्ने किसानको सुरक्षण गरेको अवधि सकिनु १ महिना अगाडि नै जानकारी दिई पुन: सुरक्षण गर्ने भएमा सुरक्षण नविकरण गर्नु पर्दछ ।

**पशुधन सुरक्षण कार्यक्रमको २०६८ आषाढ मसान्तसम्मको प्रगति :**

कृषि विकास बैंकको कार्य अवधिमा नै शुरु भएको यस पशुधन सुरक्षण कार्यक्रमलाई यस बैंकले पनि प्राथमिकतामा राखेर साना किसान सहकारी संस्थाहरुलाई कार्यक्रम कार्यान्वयन गर्न प्रोत्साहित गर्दै आएको छ । यस बैंकबाट कारोवार शुरु भएपछि २०६८ आषाढसम्मको अवधिमा पशुधन सुरक्षण कार्यक्रम कार्यान्वयन गर्ने संस्था १८७ रहेको छ । उक्त १८७ संस्थाबाट पशुपालन कर्जा लिने साना किसानहरुको कुल ५३ करोड ७१ लाख मुल्यका ३८६०० वटा पशुहरुको सुरक्षण भएकोमा उक्त सुरक्षण वापत किसानहरुको प्रिमियममा योगदान (अनुदान बाहेक) रु. तीन करोड ४६ लाख पुगेको छ । कृषि विकास बैंकको कार्य अवधि देखि कै तथ्याङ्क हेर्ने हो भने २०६८ आषाढ मसान्तसम्ममा पशुधन सुरक्षण गर्ने १८७ साना किसान सहकारी संस्थाहरुको पशुधन सुरक्षण कोषमा रु. आठ करोड ३६ लाखको हाराहारीमा कोष निर्माण भएको छ । संस्था संख्या, पशु संख्या र कोषको व्यापक बृद्धिले यस कार्यक्रमको प्रभावकारितालाई स्पष्ट झल्काउँछ ।

## पशुधन सुरक्षण कार्यक्रमको प्रगति

रकम रु. हजारमा

| आर्थिक बर्ष | कार्यक्रम संचालन गर्ने संस्था संख्या | कार्यक्रम संचालन गर्ने कृषक संख्या | बिमित पशु संख्या | कुल मुल्याकित रकम | उपलब्ध गराएको अनुदान रकम |
|---|---|---|---|---|---|
| आ.व ०६३/०६४ | १४७ | ६,८२३ | ८,७९९ | ११,८३,७० | ५८,७६ |
| आ.व ०६४/०६५ | १७१ | ४,८४९ | ६,३०१ | ८,४०,८७ | ३९,६४ |
| आ.व ०६५/०६६ | १७१ | २,५९६ | ३,०६३ | ५,९५,५६ | २८,२० |
| आ.व ०६६/०६७ | १७१ | ३,२८३ | ४,२७२ | ७,२८,२५ | ३७,१४ |
| आ.व ०६७/०६८ | १८७ | ४,४१६ | ५,९२६ | १३,२७,१५ | ६५,७० |

# संस्थाहरुको अवलोकन, अनुगमन तथा निरीक्षणका केही झलकहरु

माननीय अर्थमन्त्री श्री वर्षमान पूनले मिति २०६८ मंसिर २३ गते साना किसान कृषि सहकारी संघ लि. नवलपरासीको संयोजकत्वमा स्थापित साना किसानहरुको खाद्य मिलको उद्घाटन गर्नुभएको थियो। उक्त अवसरमा माननीय अर्थमन्त्रीज्यूले किसानहरुले सञ्चालन गरेको कामको प्रसंशा गर्दै किसानहरुले पनि केही गर्न सक्छन् भन्ने यो देशकै लागि एउटा उदाहरण भएको उल्लेख गर्नु भएको थियो। आगामी दिनमा किसानहरुको उत्पादनलाई बजारको आवश्यकता भएकोले काठमाडौं उपत्यकाको कुनै ठाउँमा किसानहरुको बजार व्यवस्थाका लागि प्रयत्न गर्ने समेत वचन दिनुभएको थियो। टोलीमा माननीय सभासद एवं पूर्व युवा तथा खेलकुद मन्त्री श्री ओनसरी घर्तिमगरज्यू, साना किसान विकास बैंकका अध्यक्ष श्री खेम बहादुर पाठक, प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा, का.मु. बरिष्ठ प्रबन्धक श्री झलेन्द्र भट्टराई एवं इलाका कार्यालयका इलाका प्रबन्धक श्री भोजराज भण्डारीको समेत सहभागिता रहेको थियो।



तत्कालिन माननीय उपप्रधान एवं अर्थमन्त्री श्री भरतमोहन अधिकारीज्यूले मिति २०६८ असाढ १५ गतेका दिन साना किसान कृषि सहकारी संस्था लि. पृथ्वीनगर (झापा) को चिया प्रशोधन कारखानाको शिलान्यास र उक्त संस्थाका साना किसानहरुहरुले संचालन गरेका परियोजनाहरुको अवलोकन गर्नुभएको थियो। उक्त कार्यक्रममा तत्कालिन उपप्रधान एवं अर्थमन्त्रीज्यूले बोल्दै साना किसानहरुले सहकारी मार्फत चिया उत्पादन गरी एउटा कारखाना खोल्ने जस्तो महत्वपूर्ण कामको थालनी गर्नु भएकोमा यस दिनलाई आफ्नो जीवनको महत्वपूर्ण दिनको रुपमा लिएको र साँच्चै नै आफूलाई गौरबान्वित महसूस गरेको बताउनु भयो। उहाँले तीन वर्षमा खाद्यान्न र कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन चाहेको कुरा पनि उल्लेख गर्दै अहिले साना किसान विकास बैंक धेरै अघि बढिसकेको र यसमा आफ्नो पूर्ण समर्थन रहेको कुरा समेत व्यक्त गर्नुभएको थियो। साथै उहाँले नेपालमा महिलाहरुले सहकारी चलाउँदा सफल हुने कुरामा जोड दिदै "नेपालमा महिलाहरु जागिसकेको कुरा यहाँ सहकारीमा आवद्ध महिलाहरुको उपस्थितिले देखाएको छ। म धेरै ठाउँमा सहकारीमा गएँ, मैले देखे महिलाहरुले चलाएको सहकारी सफल हुँदो रहेछ। महिलाहरु चुलोचौकामा मात्र सीमित रही उहाँहरुको घरमात्र राम्रो चलेको होइन रहेछ, सहकारी पनि राम्रो चलाउने क्षमता महिलामा हुँदो रहेछ भन्दै तपाई महिलाहरु अगाडि बढ्नुहोस्, सहकारी चलाउनुहोस्, सरकारले तपाईंहरुलाई पूरा साथ दिन्छ।" समेत भन्नुभएको थियो। टोलीमा साना किसान विकास बैंकका अध्यक्ष श्री खेम बहादुर पाठक, प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा, बरिष्ठ प्रबन्धक श्री झलेन्द्र भट्टराई तथा झापा जिल्ला स्थित कार्यालयका प्रमुखहरु समेत को सहभागीता रहेको थियो।



तत्कालिन माननीय अर्थ मन्त्री श्री सुरेन्द्र पाण्डेले मिति २०६७ पौष १७ र १८ का दिन चितवन र मकवानपुर जिल्लाका साना किसान सहकारी संस्था लि. हरुको स्थलगत अवलोकन भ्रमण गर्नु भयो। उक्त अवसरमा माननीय मन्त्रिज्यूबाट संस्थाका गतिविधि तथा सदस्य साना किसानहरुसँग छलफल गर्नु भएको थियो। टोलीमा अर्थ मन्त्रालयका सहसचिव श्री महेन्द्रमान गुरुङ्ग, साना किसान विकास बैंकका अध्यक्ष श्री खेमबहादुर पाठक, प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा तथा नेपाल कृषि सहकारी केन्द्रीय संघका महाप्रबन्धक श्री रुद्र भट्टराईको समेत सहभागिता रहेको थियो।



नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाद्वारा मिति २०६७ कार्तिक २६ देखि २८ गतेसम्म मध्य तथा सुदुर पश्चिमका विभिन्न साना किसान सहकारी संस्थाहरुको

स्थलगत अवलोकन भ्रमण सम्पन्न भयो । उक्त अवसरमा बर्दिया जिल्लाका साना किसान सहकारी संस्थाहरु क्रमश: कालिका, ताराताल, सानोश्री र नेउलापुर (बर्दीया) सहित ती जिल्लाका अनुसरित संस्थाहरु रजैना र कोहलपुर एवं कैलालीका गेटा, श्रीपुर र मालाखेती संस्थाहरुको स्थलगत अवलोकन भ्रमण भएको थियो । सोही समयमा कञ्चनपुर जिल्लाको साना किसान सहकारी संस्था लि. त्रिभुवनवस्तीले अनुसरण कार्यक्रमबाट प्रवर्धन गरेका कालिका र परासन संस्थाहरुको समेत व्यवस्थापन हस्तान्तरण कार्य गर्भनर ज्यूबाट सम्पन्न भएको थियो ।



माननीय सभासद श्री कल्पना धमला, अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार श्री केशव आचार्य, अर्थमन्त्रालयका सचिव (राजश्व) श्री कृष्णहरि वास्कोटा, सहकारी रजिष्ट्रार श्री सुदर्शन ढकाल सहितको टोलीले मिति २०६७ असोज २ गते देखि साना किसान सहकारी संस्था लि. केवलपुर, धादिङ्गको अवलोकन भ्रमण गरेको थियो । सो अवसरमा उक्त संस्थाको नवनिर्मित भवनको उद्घाटन समेत भएको थियो ।



अर्थ-मन्त्रालयका सचिव श्री कृष्णहरी बास्कोटा, सहकारी रजिष्ट्रार श्री सुदर्शन ढकाल, बैंकका अध्यक्ष श्री खेम बहादुर पाठक, प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा, कार्यक्रम संयोजक श्री कृष्ण लामिछाने, सहकारी जागरण कार्यक्रमका पत्रकार श्री इन्दिरा पन्त लगायतको टोलीले मिति २०६८ कार्तिक १९ गतेका दिन साना किसान सहकारी संस्था लि. नौबिसे र केवलपुर धादिङ्गका किसानहरुले बैंकको पशुपालन कर्जा, स्वरोजगार कर्जा र लघुवित्त कर्जा कार्यक्रम अन्तर्गत सञ्चालन गरेका परियोजनाहरुको अनुगमन तथा अवलोकन गऱ्यो । सोही दिन उक्त टोली साना किसान सहकारी संस्था लि. केवलपुर, धादिङ्गको साधारण सभामा समेत सहभागी भएको थियो ।

राष्ट्रिय सहकारी संघका अध्यक्ष श्री केशव बडाल सहितको टोलीद्वारा मिति २०६७ असार ११ देखि १३ गतेसम्म मध्य तथा सुदुर पश्चिमका विभिन्न साना किसान सहकारी संस्थाहरुको गतिविधिबारे स्थलगत अवलोकन भएको थियो ।



अर्थ मन्त्रालयका सहसचिव श्री बैकुण्ठ अर्याल, शाखा अधिकृत श्री बालकृष्ण अधिकारी, साना किसान विकास बैंकका अध्यक्ष श्री खेम बहादुर पाठक, अनुगमन अधिकृत श्री भिम प्रसाद गैह्रे एवं इलाका प्रबन्धक श्री कृष्ण कुमारी शर्मा समेतको टोलीद्वारा मिति २०६८ पौष २२ र २३ गते इलाका कार्यालय हेटौंडा अन्तरगतका विभिन्न साना किसान कृषि सहकारी संस्थाहरुले सञ्चालन गरेका विविध परियोजनाहरुको स्थलगत अनुगमन तथा अवलोकन सम्पन्न गरियो । उक्त कार्यक्रममा अर्थ मन्त्रालयका सह सचिव श्री बैकुण्ठ अर्यालबाट साना किसान कृषि सहकारी संस्था लि. हाडीखोलाको साधारण सभामा सहभागी भई उक्त संस्थाको कार्यक्रम अवलोकन गर्नु भयो । यसैगरी साना किसान सहकारी संस्था लि. पिप्ले र खैरहनी (चितवन) को नवनिर्मित भवन उद्घाटन तथा साना किसान कृषि सहकारी संस्था लि. पिप्लेद्वारा अनुसरण कार्यक्रमबाट प्रवर्धित गरिएको साना किसान कृषि सहकारी संस्था लि. गुञ्जनगर (चितवन) को व्यवस्थापन हस्तान्रण समेत सम्पन्न गर्नुभएको थियो । सो अवसरमा बैंकको पशुपालन, स्वरोजगार र लघुवित्त कर्जा कार्यक्रम अन्तर्गत किसानहरुबाट सञ्चालित परयोजनाहरुको समेत अनुगमन गरिएको थियो ।



मिति २०६८ पौष १८ गतेका दिन राष्ट्रिय योजना आयोगका सहसचिव श्री भवकृष्ण भट्टराई सहतिको टोली साना किसान कृषि सहकारी संस्था लि. छत्रेदेउराली, धादिङले सञ्चालन गरेका परियोजनाहरुको अनुगमन तथा अवलोकन भ्रमण गर्नुभएको थियो । टोलीमा साना किसान विकास बैंकका अध्यक्ष श्री खेम बहादुर पाठक, प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा, कार्यक्रम संयोजक श्री कृष्ण प्रसाद लामिछाने, सहकारी जागरणका पत्रकार श्री केशव प्रसाद पाण्डे एवं अर्थको अर्थ कार्यक्रमका पत्रकार श्री शमुयल राना मगरको समेत सहभागिता रहेको थियो ।



यसै गरी मिति २०६८ पौष १९ गतेका दिन नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर श्री गोपाल प्रसाद काफ्ले सहितको टोलीबाट साना किसान कृषि सहकारी संस्था लि. जीवनपुर, धादिङले सञ्चालन गरेका परियोजनाहरुको स्थलगत अवलोकन गर्नु भएको थियो । साथै उक्त टोली संस्थाको दशौं वार्षिक साधारण सभामा समेत सहभागी भएको थियो । टोलीमा साना किसान विकास बैंकका अध्यक्ष श्री खेम बहादुर पाठक, का.मु.बरिष्ठ प्रबन्धक श्री झलेन्द्र भट्टराई, अर्थको अर्थ कार्यक्रमका पत्रकार श्री लोमस जोशी र श्री शमुयल राना मगर, अभियान दैनिकका पत्रकार श्री यज्ञ प्रसाद वज्जाडे, एवं अन्नपूर्ण पोष्टका पत्रकार श्री राजेश बर्मा समेतको सहभागिता थियो ।



अर्थ मन्त्रालयका सहसचिव श्री लोकदर्शन रेग्मी तथा अधिकृत गुणराज सुवेदी सहितको टोलीले  मिति २०६८ मंसिर १६ देखि २० गतेसम्म धादिङको साना किसान सहकारी संस्था लि. जीवनपुर हुँदै नवलपरासी, रुपन्देही र अर्घाखाँची जिल्लाका विभिन्न साना किसान सहकारी संस्थाहरुले सञ्चालन गरेका परियोजनाहरुको अवलोकन गऱ्यो । सह सचिवबज्यूबाट साना किसान सहकारी संस्था लि. हरु क्रमश: खाँचीकोट र नरपानीको नवनिर्मित भवन उद्घाटन भएको थियो । साना किसान कृषि सहकारी संस्था लि. दुधराक्ष, रुपन्देहीको नवनिर्मित भवनको उद्घाटन र सोही संस्थाद्वारा अनुसरण कार्यक्रमबाट प्रवर्धन गरिएको साना किसान कृषि सहकारी संस्था लि. गजेडीको व्यवस्थापन हस्तान्तरण समेत सम्पन्न गर्नुभएको थियो ।

अर्थ मन्त्रालयका सहसचिव श्री लालशंकर घिमिरे, उपसचिव श्री कैलाश पोखेल, IFAD का प्रतिनिधी श्री बाशुवावु अर्याल, साना किसान विकास बैंकका अध्यक्ष श्री खेम बहादुर पाठक र प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा एवं नेपाल कृषि सहकारी केन्द्रीय संघका महाप्रबन्धक श्री रुद्र भट्टराई सहितको टोलीले मिति २०६८ भाद्र ९ र १० गतेका दिन गजुरी (धादिङ) र हेटौंडा (मकवानपुर) इलाका कार्यालय अन्तरगतका साना किसान सहकारी संस्थाहरुले सञ्चालन गरेका परियोजनाहरुको स्थलगत अवलोकन गरेको थियो ।




यसै गरी नेपाल सरकार, अर्थ मन्त्रालयका सहसचिव श्री महेन्द्रमान गुरुङ्ग एवं एशियाली विकास बैंकका सल्लाहकार श्री नरहरी ढकाल सहितको टोलीले सुर्खेत जिल्लाका साना किसान सहकारी संस्थाहरु उत्तरगंगा, लाटीकोईली र लेखफर्साको स्थलगत अवलोकन गर्नु भएको थियो ।



सहकारी रजिष्ट्रार श्री सुदर्शन ढकालबाट मिति २०६७ साल असोज १४ का दिन साना किसान सहकारी जिल्ला संघ धादिङ्गद्वारा अनुसरण कार्यक्रमबाट प्रवर्धन गरिएको साना किसान सहकारी संस्था लि. मुरलीभञ्ज्याङ्गको व्यवस्थापन हस्तान्तरण सम्पन्न भयो ।

सहकारी विभागका उपसचिव श्री राजन दवाडी सहितको टोली मिति २०६८ भाद्र ९ गते साना किसान कृषि सहकारी संस्था लि. पृथ्वीनगर, झपाले सञ्चालन गर्न लागेको सहकारी चिया कारखाना सम्बन्धि अन्तरक्रिया कार्यक्रममा सहभागी हुनुभएको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा साना किसान कृषि सहकारी संस्था लि. पृथ्वीनगरमा शेयर सदस्य किसानहरुसँग निर्माणाधिन चिया कारखानाका सम्बन्धमा छलफल भयो। उक्त कार्यक्रममा कानुन मन्त्रालयका कानुनविद श्री मान बहादुर अर्याल, डिभिजन सहकारी कार्यालयका प्रमुख, साना किसान विकास बैंकका का.मु. बरिष्ठ प्रबन्धक एवं इलाका प्रबन्धक समेतको उपस्थिति थियो । भेलाबाट कारखाना संचालन अवधारणा एवं शेयर संरचना सम्बन्धमा निर्णय भएको थियो । भाद्र १० गतेका दिन उक्त संस्थाको चिया किसान प्रतिनिधीहरु एवं

संचालक समितिहरु तर्फ (क) खरिद समिति (ख) निर्माण समिति र (ग) वित्तीय स्रोत संकलन समिति गठन गर्ने लगायतका निर्णयहरु भएको बैठकमा समेत उक्त टोलीले सहभागीता जनाएको थियो ।

मिति २०६८ कार्तिक ९ र १० गतेका दिन अर्थ मन्त्रा( लयका उपसचिव श्री सशिन्द्र केशरी पौडेल सहितको टोलीले पशुपालन तथा स्वरोजगार कर्जा कार्यक्रम सफलतापूर्वक प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक विषयवस्तु सम्बन्धित पक्षलाई जानकारी गराउने र यी कार्यक्रमका प्रभावकारिता तथा देखा परेका समस्याहरु पहिल्याई सो को समाधान गर्ने उद्देश्यले साना किसान कृषि सहकारी संस्था लि. मनकामना (गोरखा)मा सञ्चालन भएको पशुपालन तथा स्वरोजगार कर्जा अभिमुखिकरण कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । टोलीमा साना किसान विकास बैंकका कार्यक्रम सञ्योजक श्री कृष्ण प्रसाद लामिछाने एवं प्रबन्धक श्री शिवहरि अर्याल समेतको सहभागिता थियो ।

**विभिन्न साना किसान सहकारी संस्था लि.हरुको अवलोकनका क्रममा साक्षात्कार किसानहरु**

साना किसान सहकारी संस्था लि., जीवनपुर धादिङ



- ✓ १३ रोपनीमा तरकारी खेती गरेका, १३०० कुखुरा र ११ वटा बाखा पालन गरेका जीवनपुर-९ का श्री कुमार तामाङ्ग र पत्नी ठूली कान्छी तामाङ्गले संस्थाबाट पशुपालन कर्जा र अन्य कर्जा गरी रु. १ लाख कर्जा लिएका छन् । ३ जना छोरा २ जना छोरी भएका तामाङ्गले २ वटा बच्चा काठमाडौं राखेर पढाएका छन् । आफ्नो मेहनतबाट मासिक ३० देखि ५० हजार सम्म बचत गर्न सफल तामाङ्ग आफुले साना किसानमा प्रवेश गरेर नयाँ जीवन शुरु गरेको बताउँछन् ।



- ✓ होम बहादुर रुपाखेती १ वर्ष अघि साना सिकान कृषि सहकारी संस्था लि. जीवनपुरको समूह नं. ८८ मा आवद्ध भए । यिनी विभिन्न गाउँहरुबाट साना साना पाठाहरु खरीद गर्ने, १०-१४ महिनामा त्यसलाई खसी बनाउने र बिक्री गर्ने कार्य गर्दै आएका छन् । हाल उनीसँग १० बोका र ३ माउ बाखा छन् । तयार पारेर बिक्री गर्ने समय सम्ममा खर्च कटाएर प्रति खसी ४ देखि ५ हजार खुद मुनाफा हुने उनले बताए ।



- ✓ समूह नं. ३२ का श्री कुल नारायण श्रेष्ठले संस्थाबाट रु.१ लाख ५० हजार कर्जा लिई सानो मसला पिस्ने उद्योग चलाएका छन् । सँगै किराना पसल समेत गरेका छन् । मासिक २० देखि २२ हजार कमाउन उनलाई कुनै गाह्रो छैन ।



- ✓ संस्थाका सदस्य भरत सापकोटा र ऋषि कुमार ढकाल सहितको युवा समूह मिलेर स्वस्तिका अदिति बाखा पालन केन्द्र नाम दिई व्यावसायिक बाखा पालन शुरु गरेका छन् । साना किसान सहकारी संस्थासँग समन्वय गरी बाखा पालन व्यवसाय शुरु गरेको यस फर्ममा अहिले ५० जति बाखाहरु रहेका छन् । २०६८ जेष्ठमा खोर बनाई घाँस रोपण शुरु गरी हाल सम्ममा १० लाख ९५ हजार लगानी भैसकेको छ । साना किसान सहकारी संस्था लि. जीवनपुरबाट रु.६ लाख सामूहिक कर्जा प्राप्त गरी शुरु गरिएको यस परियोजनामा अझै थुप्रै लगानी र विस्तारका कार्यहरु बाँकी रहेको श्री सापकोटाले बताए । वैदेशिक रोजगारबाट वाक्क भई फर्किएका उत्साही युवाहरुको यो प्रयासलाई उनीहरुले यस क्षेत्रकै बाखा श्रोत केन्द्रको रुपमा विकास गर्ने लक्ष्य रहेको बताए ।

साना किसान सहकारी संस्थाले बाखाको वीमा समेत गर्ने व्यवस्था मिलाएकोले जोखिम कम भएको एवं बाखाको बजार समेत शुरक्षित रहेकोले यो व्यवसाय लाभप्रद हुने उनले बताए । बैदेशिक रोजगारीका लागि

उद्यत युवा जनशक्तिलाई यो फर्म एक प्रेरणा केन्द्र एवं युवा प्रयास र उत्साहको राम्रो व्यावसायिक नमुना हुने देखियो ।



- ✓ संस्थाका सदस्य श्रीमति गिता रुपाखेती, जीवनपुर मा बस्छिन् यिनी वि.सं.२०५२ मा साना किसान समूहमा आवद्ध भएकि हुन् । रु.१०,०००।- बाट कर्जा कारोवार गरेकी रुपाखेतिका परिवारले २००० कुखुरा पालन गरेका छन्, व्यवसायिक तरकारी खेती गरेका छन्, दुध संकलन र प्रशोधन गर्ने र माछापालन गर्ने गरेको पाइयो । करिब एक हजार भुरा माछापालन गरेकोमा अज्ञात व्यक्तिले रातको समयमा बिष हालेर सबै माछा मरेको दुखेसो पोखिन् । यसबाट उनलाई करिव १ लाख नोक्सान भएको उनले बताइन् । कुखुरा पालन समेत गरेका उनका छोरा दिपेश रुपाखेतीले १,००० चल्लाबाट वार्षिक ४ लटमा ४ लाखसम्म नाफा हुने गरेको बताए । तरकारी दुध गरेर राम्रो आम्दानी भएको र सहकारीबाट लिएको २ लाख पचास हजार  कर्जाको सावाँ व्याज बुझाउन कुनै समस्या नहुने बताए ।



- ✓ त्यसै संस्थाका १०१ समूहका कृष्ण कुमार रेग्मीले २०५३ देखि तरकारी खेती गरेता पनि गत वर्ष देखि ४ रोपनी माटोमा पोलि हाउस बनाएर टमाटर खेती गरेका छन् । ३ लाख खर्च गरेर पोलि हाउस गरेको र अरु ३५ रोपनीमा अन्य तरकारी खेती गरेको बताए । सहकारी संस्थाबाट पटक पटक गरी रु.५ लाख कर्जा लिई अन्य स्वलगानीबाट उनले यो ४० रोपनी जग्गामा तरकारी खेती गरी सफल किसान भएका छन् ।
- ✓ यसै सहकारीका समूह नं. १०० का सदस्य श्री मुकुन्द अर्यालले संस्थाबाट कर्जा लिई ३,००० कुखुरा पालेका छन् । यसका साथै तरकारी खेती पनि गरेका छन् । बर्डफ्लुको हल्ला नहुँदा यति कुखुराबाट ३ देखि ४ लाख



नाफा हुने उनले बताए । तरकारी खेतीको आम्दानीले घर खर्च चल्ने पनि उनीले सुनाए । साना किसान सहकारीको आफु सदस्य रहेको र संस्थाबाट कर्जा लिई व्यवसाय चलाएको उनले बताए ।



- ✓ २०५२ सालमा समूह नं. ७५ मा प्रवेश गर्नु अघि राजेन्द्र प्रसाद गर्तौलालाई २०/३० हजार कर्जा पाउन सम्भव थिएन । साना किसानबाट कर्जा लिई विभिन्न कृषि व्यवसायहरु सञ्चालन गरेर हाल छोरा छोरी पढाउन र आफुलाई पालिन सहज भएको वताउँछन् । अर्गानिक ढंगबाट ८,००० काउली र अदुवा लगाएका गर्तौलाले साना किसान सहकारी संस्थाबाट रु. १ लाख कर्जा लिएका छन् । आफ्नो कृषि पेशाबाट वार्षिक २/३ लाख सम्म कमाउन सक्ने उनको भनाई छ । व्यावसायिक र आत्मानिर्भर बनाउन साना किसान सहकारी संस्थाले आफुलाई मद्दत पुऱ्याएको उनले बताए ।



- ✓ समूह नं. १०२ का लक्ष्मण लुईटेलले ९,००० काउली ११ रोपनीमा रोपेका छन् । ४ देखि ५ महिनामा काउलीको फसल सरदर २ के.जी. ले १८,००० के.जी. आउने र यसमा १५,००० मात्र खर्च हुने भई वार्षिक २/३ लाख आम्दानी हुने सुनाए । बाखा पालन यस वर्ष देखि शुरु गरेका उनले १० वटा बाखा समेत पालेका छन् । संस्थाबाट १५% मा लिएको बाखाको ऋण समयमा बुझाउँदा छुट पाएर ९% मात्र पर्ने पनि उनले वताए ।

## साना किसान सहकारी संस्था लि. पर्रोहा, रुपन्देही



- ✓ समूह नं.७ का सदस्य श्री भमिश्वर न्यौपाने ४ पटक सम्म बिदेश गएर असफल भए पछि स्वदेशमा नै उद्यम गर्न लालयित भई साना किसान सहकारी संस्थामा आवद्य भएका हुन। स्वरोजगार कर्जा कार्यक्रम अन्तर्गत रु. दुई लाख कर्जा लिई श्री न्यौपानेले "न्यू पाण्डव गोरस घर" नामबाट पर्रोहामा डेरी एवं मह व्यवसाय शुरु गरेको र त्यसबाट राम्ररी आयआर्जन भएको बताए।




- ✓ पर्रोहा ९ बस्ने साना किसान समूह नं. १७३ का सदस्य श्री रेवन्त बहादुर सिंजालीले "सिंजाली भैंसी तथा गाई पालन फर्म" चलाएका छन्। श्री सिंजालीले साना किसान सहकारी संस्थाबाट कर्जा लिई भैंसी पालन गरेका छन् भने आफ्नो समेत लगानीमा केही गाई समेत राखेका छन्। विदेश गएर फर्किएका सिंजालीले नेपालमा नै कमाउन सकिने र विदेश (दक्षिण कोरिया) भन्दा इज्जत र स्वतन्त्रताका साथ व्यवसाय सञ्चालन गर्न सकिने बताए। उनले भैंसी ५, गाई ६ र बाछाबाछी गरेर २२ वटा पशु पालन गरेका छन्। भखैर १० महिना देखि व्यवसाय शुरु गरेको उनले साना किसानबाट मासुजन्य कर्जा २ लाख र अन्य कर्जा ३ लाख लिएर यो फर्म चलाएको सिंजाली बताउँदै मासिक ५० हजार कमाउन सकिने जानकारी गराए।



- ✓ पर्रोहा ९ का दिपक भट्टराईले संस्थाबाट मासुजन्य कर्जा रु. २ लाख लिई ८ वटा गाई र ४ वटा भैंसीबाट कारोवार शुरु गरेका छन्। दैनिक ४०/५० लिटर दुध बिक्री गर्ने भट्टराई स्नातक सम्मको अध्ययन गरी जापान रोजगारीको लागि गएको र तहाँबाट फर्कि आएपछि साना किसान सहकारीको वित्तीय सहयोगमा यो गाई भैंसी पालन व्यवसाय प्रति आकर्षित भएको बताउँछन्। १ जना बराबर १० वटा पशु भए राम्रो आम्दानी गर्न सकिने २९ वर्षिय भट्टराईले श्रीमतिलाई बुटवल राखेर स्नातकोत्तर अध्ययन गराउँदै गरेको बताए।



# लेखापरीक्षकको प्रतिवेदन

# M. Khanal & Co., Chartered Accountants

Nepal Bank Building
Dillibazar
P.O. Box : 13364
Kathmandu, Nepal.

Tel. : 4420903
Fax : 977-1-4421596
E-mail: mahesh.khanal@ntc.net.np


## साना किसान बिकास बैंक लिमिटेडका
## शेयरवाला महानुभावहरु समक्ष लेखापरीक्षकको प्रतिवेदन

१. हामीले साना किसान बिकास बैंक लिमिटेडको २०६८ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आ. व. २०६७।६८ को नाफा- नोक्सान हिसाव र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ। व्यवस्थापनले तयार गरेका ती विवरणहरु उपर लेखापरीषणको आधारमा आफ्नो मन्तव्य जारी गर्नू हाम्रो उत्तरदायित्व हो।

२. नेपाल लेखापरीक्षणमान र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनहरुको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनकालागि लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरिक्षण सम्पन्न गर्नूपर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । बैंकले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एंव वित्तीय विवरण प्रस्तुतिको सम्रग स्थितिको मुल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई प्रर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त अनुसार वित्तिय विवरणहरुको परिक्षण गरी देहाय बमोजिम प्रतिवेदन गर्दछौं ।

क) लेखापरिक्षणको क्रममा आवश्यक ठानेका सूचनाहरु एवम् सोधनी भएका कुराहरुको जवाफ पायौं ।

ख) हाम्रो रायमा प्रस्तुत वित्तिय विवरणहरु बैंकले राखेको हिसाव किताबहरुसँग दुरुस्त छन् र तिनीहरु प्रचलित कानून तथा प्रचलन अनुसार तयार भएका छन् ।

ग) हाम्रो रायमा बैंकका इलाका कार्यालयहरुबाट प्राप्त विवरणहरु स्वतन्त्र लेखा परीक्षण नगरिएको भएतापनि लेखापरिक्षणको निमित्त पर्याप्त छन् ।

घ) हाम्रो रायमा, हामीले प्राप्त गरेसम्मको सूचना, स्पष्टीकरण र बैंकको हिसाव किताबको लेखापरिक्षणको सिलसिलामा संचालक समिति वा कुनै संचालक वा कुनै कर्मचारीले जानाजानी लेखा सम्वन्धि कानूनी व्यवस्था विरुद्ध कामकाज गरेको वा बैंकलाई हानी-नोक्सानी गरेको वा बैंकको कोषको हिनामिना गरेको वा नेपाल राष्ट्र बैंकको निर्देशन उल्लंघन गरेको तथा यसका निक्षेपकर्ताहरुको हित वा सुरक्षा विरुद्ध काम गरेको हाम्रो जानकारीमा आएको छैन ।

ङ) हाम्रो रायमा बैंकले पूजीकोष तथा नोक्सानी व्यवस्था प्रर्याप्त मात्रामा राखेको छ । बैंकको हिसाव किताबको परीक्षणवाट बैंकको कारोवार आफ्नो अधिकार भित्र रहेको पायौं ।

४. हाम्रो रायमा तथा हामीले पाएसम्मको सूचना एंव स्पष्टीकरणको आधारमा प्रचलित कानूनका आधारमा रहि लागू गर्न सकिने हदसम्म संलग्न वित्तीय विवरण नेपाल लेखामान अनुसार तयार पारिएको छ र सो मा संलग्न गरिएका टिप्पणीहरुकासाथ अध्ययन गर्दा,

क) वासलातले बैंकको आषाढ ३२, २०६८ (१६ जुलाई २०११) को आर्थिक अवस्था तथा,

ख) नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणले क्रमश: बैंकको उक्त मितिमा समाप्त वर्षको संचालन नतिजा तथा नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गर्दछ।

मिति : २०६८।८।१०
स्थान: काठमाण्डौं, नेपाल

M. Khanal & Co. Kathmandu Nepal Chartered Accountants

महेश खनाल, एफ.सी.ए
नि. एम. खनाल एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्ट्स

# साना किसान विकास बैंक लिमिटेड

## २०६८ साल आषाढ मसान्तको

## वासलात

| | पुंजी तथा दायित्व | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| १. | शेयर पुंजी | ४.१ | १२८,७८७,६००.०० | १२८,७८७,६००.०० |
| २. | जगेडा तथा कोषहरु | ४.२ | २६९,६७४,३१७.८३ | २३४,०३६,४०५.९७ |
| ३. | ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. | तिर्न बाँकी कर्जा सापट | ४.४ | २,१५५,०९२,२६६.९७ | ८३६,७२१,९०९.७८ |
| ५. | निक्षेप दायित्व | ४.५ | - | - |
| ६. | भुक्तानी दिनुपर्ने विलहरु | ४.६ | - | - |
| ७. | प्रस्तावित नगद लाभांश | | | - |
| ८. | आयकर दायित्व | | ६५६,९१२.५६ | ३,०६०,१८६.१८ |
| ९. | अन्य दायित्व | ४.७ | १४५,५२८,८६८.२८ | १०७,८१४,१२०.९४ |
| | कुल पुंजी तथा दायित्व | | २,६९९,७३९,९६५.६४ | १,३१०,४२०,२२२.८७ |

| | सम्पत्ति | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| १. | नगद मौज्दात | ४.८ | १,१९९,६८५.५६ | ४२८,२६०.४० |
| २. | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.९ | १२,०००,०००.०० | ४,५००,०००.०० |
| ३. | बैक/वित्तीय संस्थामा रहेको मौज्जात | ४.१० | ७१,८३८,४८४.५२ | ३७,७८५,११३.७५ |
| ४. | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ४.११ | ६२४,४०५,७६०.३४ | ५६,०४०,१५५.६५ |
| ५. | लगानी | ४.१२ | १२७,०१०,०००.०० | ११७,०१९,५५५.०० |
| ६. | कर्जा सापट तथा विल खरीद | ४.१३ | १,८३२,२४७,७३३.०० | १,०८३,५६१,८४६.०० |
| ७. | स्थीर सम्पत्ति | ४.१४ | ९,९८५,९५०.६६ | २,१८४,६६३.७१ |
| ८. | गैर बैकिङ्ग सम्पत्ति | ४.१५ | - | - |
| ९. | अन्य सम्पत्ति | ४.१६ | २१,०५२,३५१.५६ | ८,९००,६२८.३६ |
| | कुल सम्पत्ति | | २,६९९,७३९,९६५.६४ | १,३१०,४२०,२२२.८७ |

| | |
|---|---|
| सम्भावित दायित्व | अनुसूची ४.१७ |
| सञ्चालकहरुको घोषणा | अनुसूची ४.२९ |
| पुँजीकोष तालिका | अनुसूची ४.३० |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनुसूची४.३०(क) |
| प्रमुख सूचकाङ्कहरु | अनुसूची ४.३१ |
| प्रमुख लेखा नीतिहरु | अनुसूची ४.३२ |
| लेखा सम्बन्धी टिप्पणीहरु | अनुसूची ४.३३ |

४.१ देखि ४.१७ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हुन् ।

हाम्रो छुट्टै प्रतिवेदनको आधारमा

(झलेन्द्र भट्टराई)
का.मु.बरिष्ठ प्रवन्धक

(जलन कुमार शर्मा)
प्रमुख कार्यकारी अधिकृत

सागर चन्द्र जोशी - सञ्चालक
सुदर्शन प्रसाद पोखरेल - सञ्चालक
डा.शिवराम प्रसाद कोइराला - सञ्चालक
चाँदनी ढकाल - सञ्चालक
धर्मराज आत्रेय - सञ्चालक

(खेम बहादुर पाठक)
अध्यक्ष

(सि.ए. महेश खनाल)
एम. खनाल एण्ड कम्पनी

मिति: २०६८।०८।१०
स्थान: काठमाडौं

# साना किसान विकास बैंक लिमिटेड

## मिति २०६७।०४।०१ देखि २०६८।०३।३२ सम्म

## नाफा नोक्सान हिसाव

| | विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| १. | व्याज आम्दानी | ४.१८ | १८५,०५३,९६३.०७ | १२१,५५४,८५०.८२ |
| २. | व्याज खर्च | ४.१९ | १०४,५७७,८३३.४९ | ६१,३७६,१८३.१५ |
| | खुद व्याज आम्दानी | | ८०,४७६,१२९.५८ | ६०,१७८,६६७.६७ |
| ३. | कमिसन तथा डिस्काउन्ट | ४.२० | ११३,३५७.३३ | १,५४९,९१५.०९ |
| ४. | अन्य संचालन आम्दानी | ४.२१ | १,२३९,४८१.११ | ४२७,२६६.२७ |
| ५. | सटही घटवढ आम्दानी | ४.२२ | - | - |
| | कूल सञ्चालन आम्दानी | | ८१,८२८,९६८.०२ | ६२,१५५,८४९.०३ |
| ६. | कर्मचारी खर्च | ४.२३ | १३,१६८,६४०.०४ | १३,७३५,२९९.२२ |
| ७. | अन्य सञ्चालन खर्च | ४.२४ | ९,७१४,६३४.४१ | ७,०३१,९३५.८५ |
| ८. | सटही घटवढ नोक्सान | ४.२२ | - | - |
| | सम्भावित नोक्सानी अघिको सञ्चालन मुनाफा | | ५८,९४५,६९३.५७ | ४१,३८८,६१३.९६ |
| ९. | सम्भावित नोक्सानी व्यवस्थाहरु | ४.२५ | १५,८६८,५७४.०० | ११,२५४,५९०.२७ |
| | सञ्चालन मुनाफा | | ४३,०७७,११९.५७ | ३०,१३४,०२३.६९ |
| १०. | गैर सञ्चालन आम्दानी/खर्च | ४.२६ | - | - |
| ११. | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४.२७ | ३,१७३,५४०.०० | - |
| | नियमित कारोवारबाट भएको मुनाफा | | ४६,२५०,६५९.५७ | ३०,१३४,०२३.६९ |
| १२. | असमान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | ४.२८ | - | - |
| | सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा | | ४६,२५०,६५९.५७ | ३०,१३४,०२३.६९ |
| १३. | कर्मचारी वोनस व्यवस्था | | ४,२०४,६०५.४२ | २,७३९,४५६.७० |
| १४. | आयकर व्यवस्था | | १२,९७६,०७८.०४ | ८,३५४,७०१.१९ |
| | • यस वर्षको कर व्यवस्था | | १२,९७९,०३०.०० | ८,६९६,४६५.०७ |
| | • विगत वर्षसम्मको कर व्यवस्था | | | - |
| | • यस वर्षको स्थगन कर आम्दानी/खर्च | | (२,९५१.९६) | (३४१,७६३.८८) |
| | खुद नाफा/नोक्सान | | २९,०६९,९७६.११ | १९,०३९,८६५.८० |

४.१८ देखि ४.२८ सम्मका अनुसूचीहरू नाफा नोक्सान हिसावका अभिन्न अंग हुन्।

हाम्रो छुट्टै प्रतिवेदनको आधारमा

(झलेन्द्र भट्टराई)
का.मु.बरिष्ठ प्रवन्धक

(जलन कुमार शर्मा)
प्रमुख कार्यकारी अधिकृत

सागर चन्द्र जोशी - सञ्चालक
सुदर्शन प्रसाद पोखरेल - सञ्चालक
डा.शिवराम प्रसाद कोइराला - सञ्चालक
चाँदनी ढकाल - सञ्चालक
धर्मराज आत्रेय - सञ्चालक

(खेम बहादुर पाठक)
अध्यक्ष

(सि.ए. महेश खनाल)
एम. खनाल एण्ड कम्पनी

मिति: २०६८।०८।१०
स्थान: काठमाडौं

# साना किसान विकास बैंक लिमिटेड

## मिति २०६७।०४।०१ देखि २०६८।०३।३२ सम्म

## नाफा नोक्सान बाँडफाँड हिसाब

| | विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| | **आम्दानी** | | | |
| १. | गत वर्षसम्मको संचित मुनाफा | | २१,७५६,७३२.३८ | १०,२९३,७७४.६८ |
| २. | यस वर्षको मुनाफा | | २९,०६९,९७६.११ | १९,०३९,८६५.८० |
| ३. | सटही घटबढ कोष | | - | |
| | जम्मा | | ५०,८२६,७०८.४९ | २९,३३३,६४०.४८ |
| | **खर्च** | | | |
| १. | गत वर्षसम्मको सञ्चित नोक्सान | | - | |
| २. | यस वर्षको नोक्सान | | - | |
| ३. | साधारण जगेडा कोष | | ५,८१३,९९५.२२ | ३,८०७,९७३.१६ |
| ४. | भैपरी आउने जगेडा | | - | - |
| ५. | संस्था विकास कोष | | - | - |
| ६. | लाभांश समीकरण कोष | | - | - |
| ७. | कर्मचारी सम्बन्धी जगेडाहरू (कल्याणकारी कोष) | | १,४५३,४९८.८१ | ९५१,९९३.२९ |
| ८. | प्रस्तावित लाभांश | | - | - |
| ९. | प्रस्तावित बोनस शेयर | | - | |
| १०. | विशेष जगेडा कोष | | - | |
| ११. | सटही घटबढ कोष | | - | |
| १२. | पुँजी फिर्ता जगेडा कोष | | - | |
| १३. | पुँजी समायोजन कोष | | - | |
| १४. | पुनरस्थापना कोष | | ८७२,०९९.२८ | ५७१,१९५.९७ |
| १५. | संस्थागत सुदृढीकरण कोष | | २,९०६,९९७.६१ | १,९०३,९८६.५८ |
| १६. | लगानी समायोजन कोष | | १०,०००.०० | |
| १७. | स्थगन कर जगेडा कोष | | २,९५१.९६ | ३४१,७६३.८८ |
| १८. | गत वर्षको समायोजन | | | (४.७८) |
| | जम्मा | | ११,०५९,५४२.८८ | ७,५७६,९०८.१० |
| | ४.सञ्चित मुनाफा/(नोक्सान) | | ३९,७६७,१६५.६१ | २१,७५६,७३२.३८ |

हाम्रो छुट्टै प्रतिवेदनको आधारमा

(झलेन्द्र भट्टराई)
का.मु.बरिष्ठ प्रवन्धक

(जलन कुमार शर्मा)
प्रमुख कार्यकारी अधिकृत

सागर चन्द्र जोशी - सञ्चालक
सुदर्शन प्रसाद पोखरेल - सञ्चालक
डा.शिवराम प्रसाद कोइराला - सञ्चालक
चाँदनी ढकाल - सञ्चालक
धर्मराज आत्रेय - सञ्चालक

(खेम बहादुर पाठक)
अध्यक्ष

(सि.ए. महेश खनाल)
एम. खनाल एण्ड कम्पनी

मितिः २०६८।०८।१०
स्थानः काठमाडौं

# साना किसान विकास बैंक लिमिटेड

## इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण

### आ.व. २०६७/६८ (रु.)

| विवरण | शेयर पूजी | सञ्चित नाफा/ नोक्सान | साधारण जगेडा कोष | पूजिगत जगेडा/अनुदान कोष | शेयर प्रिमियम | सटही घटबढ कोष | स्थगन कर जगेडा कोष | अन्य जगेडा तथा कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | १२८,७८७,६००.०० | २१,७५६,७३२.३८ | ९,०२५,८२५.१९ | ८९,३४७,७८३.८६ | - | - | ३९३,८८२.६४ | ११३,५१२,१८१.९० | ३६२,८२४,००५.९७ |
| स्थगन कर | | | | | | | | | - |
| समायोजित शुरु मौज्दात | १२८,७८७,६००.०० | २१,७५६,७३२.३८ | ९,०२५,८२५.१९ | ८९,३४७,७८३.८६ | - | - | ३९३,८८२.६४ | ११३,५१२,१८१.९० | ३६२,८२४,००५.९७ |
| समायोजन | | | | | | | | | - |
| यस वर्षको नाफा | | २९,०६९,९७६.११ | | | | | | | २९,०६९,९७६.११ |
| नाफा बाँडफाँड | | (११,०५६,५९०.९२) | ५,८१३,९९५.२२ | | | | | ३,७७९,०९६.८९ | (१,४६३,४९८.८१) |
| शेयर पुँजी बाँडफाँड | - | | | | | | | | - |
| यस वर्ष थप अन्य कोष | | | | ४,९००,००५.१४ | | | | ३,१३१,४२९.४२ | ८,०३१,४३४.५६ |
| प्रस्तावित लाभांश | | | | | | | | | - |
| स्थगन कर जगेडा कोष | | (२,९५१.९६) | | | | | २,९५१.९६ | | - |
| अन्तिम मौज्दात | १२८,७८७,६००.०० | ३९,७६७,१६५.६१ | १४,८३९,८२०.४१ | ९४,२४७,७८९.०० | - | - | ३९६,८३४.६० | १२०,४२२,७०८.२१ | ३९८,४६१,९१७.८३ |

हाम्रो छुट्टै प्रतिवेदनको आधारमा

(झलेन्द्र भट्टराई)
का.मु.बरिष्ठ प्रवन्धक

(जलन कुमार शर्मा)
प्रमुख कार्यकारी अधिकृत

सागर चन्द्र जोशी - सञ्चालक
सुदर्शन प्रसाद पोखरेल - सञ्चालक
डा.शिवराम प्रसाद कोइराला - सञ्चालक
चाँदनी ढकाल - सञ्चालक
धर्मराज आत्रेय - सञ्चालक

(खेम बहादुर पाठक)
अध्यक्ष

(सि.ए. महेश खनाल)
एम. खनाल एण्ड कम्पनी

मिति: २०६८।०८।१०
स्थान: काठमाडौं

# साना किसान विकास बैंक लिमिटेड

## मिति २०६७।०४।०१ देखि २०६८।०३।३२ सम्म

## नगद प्रवाह विवरण

| गत वर्ष रु. | विवरण | यस वर्ष रु. |
|---|---|---|
| (१९६,३५६,३९२.८७) | (क) कारोवार संचालनबाट नगद प्रवाह | (१,२७९,०६७,१४३.६२) |
| ११३,८४३,१२४.६१ | १. नगद प्राप्ति | १७१,७५६,९३२.०७ |
| ११२,०७९,९०५.६६ | १.१ व्याज आम्दानी | १७१,६०४,३८८.४९ |
| १,५४९,९१५.०९ | १.२ कमीशन तथा डिष्काउन्ट आम्दानी | ११३,३५७.३३ |
| - | १.३ विदेशी विनिमय कारोवारबाट आम्दानी | |
| - | १.४ अपलेखित कर्जाको असुली | |
| २१३,३०३.८६ | १.५ अन्य आम्दानी | ३९,१८६.२५ |
| ८९,८६९,९५६.४० | २. नगद भूक्तानी | १३५,२९३,८८७.७४ |
| ६१,००७,०७६.९१ | २.१ व्याज खर्च | ९९,९६४,६०८.३६ |
| १२,५०६,५४१.२२ | २.२ कर्मचारी खर्च | १२,१२६,९६८.०४ |
| ६,४१२,६३९.३३ | २.३ कार्यालय संचालन खर्च | ७,८२०,००७.७२ |
| ९,९४३,६९८.९४ | २.४ आयकर भुक्तानी | १५,३८२,३०३.६२ |
| - | २.५ अन्य खर्च | - |
| २३,९७३,१६८.२१ | कार्यगत पुँजी गतिविधि अघिको नगद प्रवाह | ३६,४६३,०४४.३३ |
| (१७६,६६६,०२३) | संचालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि) | (१,३४१,८९५,२९६.९३) |
| १७०,०६३,१०७.२४ | १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | (५६८,३६५,६०४.६९) |
| - | २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | |
